'निर्वाचन शिक्षा तथा सूचनाको विस्तार

स्वतन्त्र र निष्पक्ष निर्वाचनको पूर्वाधार'

# सामाजिक अध्ययन शिक्षकका लागि

# निर्वाचन शिक्षा स्रोत पुस्तिका

## निर्वाचन आयोग, नेपाल

### निर्वाचन शिक्षा तथा सूचना केन्द्र

२०७४

## प्राक्कथन

स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचन सम्पन्न गराउनु निर्वाचन आयोगको प्रमुख कार्य हो । निर्वाचनलाई प्रभावकारी बनाउन सुसूचित मतदाताको अर्थपूर्ण सहभागिता एक महत्वपुर्ण पक्ष हो । सुसूचित मतदाता तयार पार्न आयोगले मतदाता जागरण तथा निर्वाचन शिक्षालाई निरन्तररूपमा सञ्चालन गर्दै आएको छ । यसै सिलसिलामा मतदाता/निर्वाचन शिक्षालाई ब्यवस्थितढंगबाट अगाडि बढाउन वि.सं.२०६९ साल जेष्ठ ११ गते आयोग परिसरमा निर्वाचन शिक्षा तथा सूचना केन्द्र (Electoral Education & Information Center - EEIC)को स्थापना भई सञ्चालनमा रहेको छ ।

निर्वाचन शिक्षा तथा सुचना केन्दको अध्ययन भ्रमण गर्ने क्रममा सामाजिक शिक्षा अध्ययन विषयक शिक्षकहरूबाट निर्वाचन शिक्षा प्रशिक्षणको बारम्बार माग भई आएको हुादा  आयोगले वि.सं.२०७० साल देखि माध्यमिक विद्यालयका सामाजिक विषय शिक्षकका लागि निर्वाचन शिक्षा प्रशिक्षण पारम्भ गऱ्यो । सो प्रशिक्षण हाल जिल्लागत रूपमा उपत्यका बाहिरका २८ जिल्लामा र उपत्यकास्थित शिक्षकका लागि ञ्ञक्षत्रः मा ३० वटा समूहको प्रशिक्षण सम्पन्न भइसकेको छ । आयोगले माध्यमिक विद्यालयको सामाजिक अध्ययन बिषयको पाठ्यक्रमलाई आधार मानी तयार पारेको श्रोत सामग्रीका आधारमा सामाजिक अध्ययन विषय शिक्षकका लागि निर्वाचन शिक्षा प्रशिक्षण सञ्चालन गर्दै आइरहेको छ ।

वि.सं.२०७२ सालमा जारी भएको नेपालको संविधानमा नेपालको संघीय व्यवस्थाको शासकीय स्वरूपमा सरकारका तीन तहको व्यवस्था गरे अनुरूप आयोगले सबै किसिमका निर्वाचन सफलतापूर्वक सम्पन्न गरिसकेको अवस्था छ । माध्यमिक विद्यालयको सामाजिक अध्ययन बिषयको पाठ्यक्रम र पाठ्यपुस्तकमा समेत परिमार्जन भएको छ । अतः आयोगले उक्त परिमार्जित विषय वस्तुहरूलाई समेत समेटेर निर्वाचन शिक्षा सम्बन्धी सामाजिक अध्ययन विषयक शिक्षकका लागि यो परिमार्जित निर्वाचन शिक्षा स्रोत  पुस्तिका तयार पारेको हो । आयोगबाट सञ्चालन हुने निर्वाचन शिक्षा प्रशिक्षण यसै पुस्तिकाका आधारमा हुनेछ । यसबाट निर्वाचनसम्बन्धी विविध विषयमा विषय सम्बद्ध शिक्षक थप लाभान्वित हुनेछन् भन्ने अपेक्षा लिइएको छ ।

सामाजिक अध्ययन विषयक शिक्षक समाजका सबै भन्दा महत्वपूर्ण व्यक्तित्व हुन् जस्ले निर्वाचन शिक्षालाई विद्यार्थीमार्फत घर परिवार र समुदायमा सम्प्रेषण गर्ने कार्य गरिरहेका हुन्छन् । समाजमा उनीहरू निरन्तर संवाद र अन्तरक्रियामा संलग्न हुन्छन् । जसका कारण समुदायमा एकातर्फ सुसूचित मतदाता तयार भएका हुन्छन् भने अर्को तर्फ लोकतन्त्रका मूल्य, मान्यताहरूलाई जनस्तरमा भिजाउन मद्दत पुगेको हुन्छ । यसबाट निर्वाचनमा मतदाताको  सहभागिता बृद्धि,उपयुक्त प्रतिनिधिको छनौट एवं बदर मत न्यूनीकरण गर्न ठूलो योगदान पुऱ्याएको हुन्छ ।

यो स्रोत पुस्तिका सबैको साझा सम्पति हो । यसमा सुधार गर्नुपर्ने बिषय प्रशस्त भेटिन सक्छन् । त्यसैले यो स्रोत पुस्तिकालाई अझ बढी उपयोगी र जानकारीमूलक बनाउनका लागि सबैको सुझाव एवं सहयोगको अपेक्षा गरिन्छ ।

**निर्वाचन आयोग**

# विषय सूची


सत्र : १ लोकतन्त्र र संविधान'........................................................................................5

सत्र : २ निर्वाचन तथा राजनैतिक दल सम्बन्धी व्यवस्था ....................................................12

सत्र : ३ निर्वाचन प्रणाली, विभिन्न तहको निर्वाचन तथा समावेशिता ..................................26

सत्र : ४ निर्वाचन चक्र, प्रक्रिया( मतदान प्रक्रिया, **NOTA (No Vote)** , मतगणना आदि ) ..............48

सत्र : ५ निर्वाचन व्यवस्थापन गर्ने निकाय तथा सम्वद्ध कानूनहरु.......................................71

सत्र : ६ निर्वाचन आचार संहिताको पालना, अनुगमन र पर्यवेक्षण ......................................83

सत्र : ७ निर्वाचनका सरोकारवालाहरू, नागरिकको कर्तव्य र अधिकार तथा निर्वाचन प्रक्रियामा शिक्षकको भूमिका, निर्वाचन शिक्षा तथा सूचना केन्द्रको भ्रमण ..............................51

सत्र : ८ निर्वाचन सम्बन्धी तथ्य तथ्यांकहरु.......................................................83


## अनुसूची


अनुसूची १ : नेपालमा हालसम्म सम्पन्न भएका निर्वाचनहरु ..................................................48

अनुसूची २ : मतदान केन्द्र तथा मतदान स्थल...................................................................71

अनुसूची ३ : संविधानसभा सदस्य निर्वाचन, २०६४ को झलक ................................................83

अनुसूची ४ : संविधानसभा सदस्य निर्वाचन, २०७० को झलक ................................................63

अनुसूची ५ : स्थानीय तहको निर्वाचन, २०७४ को झलक......................................................64

अनुसूची ६ : प्रदेश तथा प्रतिनिधि सभा निर्वाचन, २०७४ को झलक.........................................65

अनुसूची ७ : २०७४ मा सम्पन्न निर्वाचनहरुको मतपत्रको ढा''चा............................................66

# सत्र : १

## लोकतन्त्र र संविधान

### १.१ लोकतन्त्र(Democracy)

**लोकतन्त्र देशको शासन ब्यवस्थामा जनता आफै वा आफ्नो प्रतिनिधि मार्फत् सहभागी हुने र निर्णय गर्न पाउने अधिकार सहितको शासन ब्यवस्था हो । लोकतन्त्रमा जनताले लेख्ने, बोल्ने, छाप्ने, सभा संगठन गर्न पाउने, पार्टी खोल्ने र त्यसमा सहभागी हुन पाउने, प्रतिनिधि चयन गर्न र सरकार बनाउन पाउने जस्ता नागरिक तथा राजनीतिक अधिकार हुन्छन् । जनतालाई यति धेरै अधिकार प्राप्त हुने भएकोले सबैले लोकतन्त्रलाई राम्रो शासन प्रणाली मान्दछन् । त्यसैले नेपालमा पनि नेपाली जनताले आफ्नो लोकतान्त्रिक अधिकारलाई सुनिश्चित गर्न आन्दोलन मार्फत आफ्नो अभिमत प्रकट गर्दै लोकतन्त्रको संस्थागत बिकास र सम्बर्द्धनमा प्रत्यक्ष भूमिका खेल्दै आएका छन् ।**

*लोकतन्त्र अंग्रेजी शब्द Democracy को नेपाली रूपान्तरण हो । Democracy ग्रीक शब्द Demos अर्थात् "People" (जनता) र Kratia अर्थात् "Rule" (शासन) मिली बनेको छ । यसलाई जनताको शक्ति (People Power) भनेर पनि बुझ्न सकिन्छ ।*

**अर्को शब्दमा, लोकतन्त्र जनताद्वारा जनताकै निमित्त जनताले शासन गर्ने व्यवस्था हो । लोकतन्त्र मानव स्वतन्त्रताको संरक्षण गर्ने सिद्धान्त पनि हो र यसले स्वतन्त्रतालाई संस्थागत गर्न सहयोग गर्दछ । लोकतन्त्रमा बहुमतका सम्मान गर्दै अल्पसंख्यकहरूको मौलिक अधिकारको संरक्षण समेत हुन्छ ।**

**लोकतन्त्र बहुलतामा आधारित एवम् विविधतायुक्त हुन्छ । लोकतन्त्रले आवधिक रूपमा स्वतन्त्र तथा निष्पक्ष निर्वाचनको माध्यमबाट सबै नागरिकलाई शासन व्यवस्थामा सहभागी हुने मौका प्रदान गर्दछ । सबै जनता एकै पटक सरकारमा सहभागी भई शासन आफै चलाउन संभव हुदैन । त्यसैले जनताले निर्वाचन (चुनाव) को माध्यमबाट आँना प्रतिनिधिहरू छनौट गरी लोकतान्त्रिक सरकार स्थापित गरी मुलुकको शासन सञ्चालनमा सहभागी हुन्छन् । लोकतन्त्रमा विभिन्न राजनीतिक दल तथा उम्मेदवारबीच स्वच्छ र स्वतन्त्र प्रतिस्पर्धा हुन्छ साथै**

*महात्मा गान्धीको शब्दमा लोकतान्त्रिक समाज सहमति, सहिष्णुता र सम्झौताका मुल्यमा प्रतिबद्ध हुन्छ । असहिष्णुता नै हिंसा र वास्तविक लोकतान्त्रिक भावनाको विकासका लागि बाधाको एक स्वरूप हो ।*

*लोकतन्त्र बहुदलमा आधारित एवम् विविधतायुक्त हुन्छ । वाक् तथा धर्मसम्बन्धी स्वतन्त्रता, कानुनबमोजिम समान संरक्षणको अधिकार, नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथासांस्कृतिक अधिकार आदिलाई लोकतन्त्रले आत्मसात गरेको हुन्छ । लोकतन्त्रले सरकारलाई सीमित सरकारको अवधारणा अनुसार कानुनी शासनको उजागर गर्दछ ।*

जनताको फरक/फरक अभिमत र फरक/फरक राजनीतिक दलको छनौट र संगठन ९चभमभमक या खयष्अभ, अजयष्अभ बलम बककयअष्बतष्यल० को सुनिश्चितता पनि हुन्छ ।

लोकतन्त्रमा केही सिद्धान्तहरू अपरिहार्य मानिन्छन् । सबै जनता समान हुन्छन् र उनीहरूको स्वतन्त्रताको अधिकार सुनिश्चित हुनुपर्छ । सरकारलाई जनताप्रति उत्तरदायी बनाउन आवधिक निर्वाचन हुनु अनिवार्य छ । आवधिक निर्वाचनले सरकार एवं राजनीतिक दललाई समय समयमा जनमतको कसीमा आफूलाई योग्य प्रमाणित गराउनु पर्ने अवस्था सृजना गर्छ ।

### १.१.१ लोकतन्त्रका मूलभूत मूल्य मान्यताहरू९म्भ्रयअचभ ख्बगिभक या म्भ्रयअचबअथ०

लोकतन्त्रलाई परिभाषाले मात्र अर्थ्याउन सकिन्न । लोकतन्त्रले अंगाल्ने मूल्यमान्यताले लोकतन्त्रको चरित्रलाई दर्शाउछ ।

- सर्वहिताय (साझा हित) :सबै नागरिकहरूले समुदायको हितका लागि काम गर्छन् ।
- सत्यता :सरकारले नागरिकलाई ढाट्दैन र सही सूचना सम्प्रेषण गर्छ भन्ने विश्वास सबैलाई हुन्छ ।
- समानता :सबैलाई समान अधिकार, भूमिका, अवसर र उन्मुक्तिको अवस्था हुन्छ ।
- कानुनको शासन :लोकतन्त्रमा व्यक्तिबाट होइन कानुन बमोजिम शासन व्यवस्था सञ्चालन हुन्छ ।
- न्याय :कानुनले सबैलाई समान र निष्पक्ष अधिकार प्रदान गरेको हुन्छ ।
- विविधता :विविधतालाई सवैले आत्मादेखि स्वीकार्दछन् । संस्कृति, भेषभुषा, भाषा, धर्म आदिलाई शक्तिको रूपमा ग्रहण गरिन्छ ।
- बाच्न पाउने अवस्था :सरकार वा अन्य कसैबाट कुनै प्रकारको भय, हिंसा वा मृत्युको त्रास नभएको जीवन बाच्न पाउने अवस्था हुन्छ ।
- स्वतन्त्रता :सरकारबाट कुनै प्रकारको दवाव नहुने, नागरिकले स्वतन्त्रपूर्वक सोच्न, काम गर्न र व्यवहार गर्न पाउने अवस्था हुन्छ ।
- खुशीको खोजी गर्न पाउने :अरूको अधिकार हनन नगरी आफ्नै तरिकाले आफ्नो खुशी खोज्न पाउने अधिकार हुन्छ ।
- लोकप्रिय सार्वभौमसत्ता :सबै सरकारी शक्तिको स्रोत जनता हुन् भन्ने मान्यता स्थापित भएको हुन्छ ।
- देशभक्ति :जनताले देश र देशले अंगालेका मूल्य र मान्यताप्रति समर्पण र श्रद्धा व्यक्त गर्दछन् ।


यस्ता मूल्यमान्यताहरू देश, राजनीतिक दल तथा राजनीतिक दलले अंगाल्ने राजनीतिक दर्शनले पनि फरक पर्न सक्छन् ।

## १.१.२ लोकतन्त्रका किसिम

(क) प्रत्यक्ष लोकतन्त्र

(ख) अप्रत्यक्ष लोकतन्त्र

### (क) प्रत्यक्ष लोकतन्त्र९म्ष्चभअत म्भ्रयअचबअथ० :




प्रत्यक्ष लोकतन्त्र शासनको त्यस्तो स्वरूप हो जहा प्रतिनिधि मार्फत् निर्णय गराउनु भन्दा पनि जनताले आफ्ना लागि वा आफ्ना चासोका विषयमा आफैं निर्णय गर्दछन् । प्रत्यक्ष लोकतन्त्रलाई अर्को शब्दमा स्वच्छ लोकतन्त्र वा वास्तविक लोकतन्त्र भनिन्छ । कहिलेकाहि राष्ट्रिय महत्वका मुद्दा (विषय) मा छिनोफानो गर्नका लागि जनमत सङ्ग्रह ९च्भाभचभलमगm०पनि गर्ने गरिन्छ। तर यसको प्रयोग साधै गरिदैन । उदाहरणका लागि बि सं २०३७ सालमा नेपालमा बहुदलीय व्यवस्था कि निर्दलीय व्यवस्थाको माध्यमबाट शासन गर्ने भन्ने विषयमा जनमत सङ्ग्रह गरिएको थियो ।

प्रत्यक्ष लोकतन्त्रका केही फाइदा तथा वेफाइदाहरू निम्नानुसार छन् :-

फाइदाहरू :

- सबै खाले जनमत प्रत्यक्ष रूपमा उजागर हुन्छन् ।
- जनतामा अधिकार निहित गर्दछ र निर्णयमा व्यक्तिलाई जिम्मेवार तुल्याउाछ ।
- शक्ति सन्तुलनलाई कायम गर्दछ ।
- समुदायलाई शासन व्यवस्थामा सहभागी हुन प्रेरित गर्छ ।

- अझ राम्रा कानुन बनाउनका लागि सहयोग गर्दछ ।
- राजतनीतिकर्मीहरूलाई जनताका इच्छा र चाहनाको कदर गर्दै सो अनुरूप काम गर्नुपर्ने वाध्यता सिर्जना गर्दछ ।

बेफाइदाहरू :

- बढी खर्चिलो हुन्छ ।
- हरेक मुद्दामा जनमत सङ्ग्रह गर्नुपर्ने माग उठ्दै जान सक्छ ।
- केही व्यक्तिहरूले अन्य व्यक्तिभन्दा राजनीतिक रूपमा बढी क्रियाशील भई प्रभाव पार्न सक्छन् ।

(ख) अप्रत्यक्ष लोकतन्त्र९क्ष्लमष्चभअत म्भकयअचबअथ०

साधारणतया सबै जनता सरकारमा सहभागी भई शासन आफै चलाउन संभव ह्ुदैन । यस्तो अवस्थामा जनताले निर्वाचनको माध्यमबाट आेना प्रतिनिधि छनौट गरी शासन व्यवस्थामा सहभागिता जनाउछ्न् । अप्रत्यक्ष लोकतन्त्रलाई प्रतिनिधिमूलक लोकतन्त्र ९च्भउचभकभलतबतष्खभ म्भकयअचबअथ०पनि भनिन्छ ।

अप्रत्यक्ष लोकतन्त्र अन्तर्गत निर्वाचित भएका जनप्रतिनिधिहरूलाई सामान्यतया स्वतन्त्र रूपमा निर्णय गर्न पाउने अधिकार हुन्छ । उनीहरूले गरेको निर्णयप्रति जनतालाई चित्त नबुझेको अवस्थामा जनताले आगामी निर्वाचनबाट उनीहरूलाई विस्थापित गर्न गराउन वा  हटाउन सक्दछन् । प्रत्याह्वान ९च्भअबिि० को व्यवस्था गरिएकोमा भने बिचमा पनि त्यस्ता प्रतिनिधिहरूलाई फिर्ता बोलाउन सकिन्छ ।अप्रत्यक्ष लोकतन्त्रको उदाहरण भनेको विधायिका/संसद हो । संसदीय व्यवस्थामा विधायिकाबाट सरकार निर्माण हुन्छ । संसदबाट भएका निर्णयहरूमा सांसदहरू मार्फत् जनताको प्रतिनिधित्व भएको मानिन्छ । ती जनप्रतिनिधिले सबै जनताको तर्फबाट निर्णय गर्ने मान्यता राखिएको हुन्छ ।

हाल विश्वका धेरै राष्ट्रहरूले अप्रत्यक्ष लोकतन्त्रलाई नै अंगालेको पाइन्छ । नेपालका प्रतिनिधिसभा, व्यवस्थापिका संसद, संविधानसभा तथा संयुक्त राज्य अमेरिकाको सिनेटलाई यस्तो लोकतन्त्रको उदाहरणको रूपमा लिन सकिन्छ ।

फाइदाहरू :

- कम खर्चिलो हुन्छ ।
- मतदाताहरू र जनप्रतिनिधिहरूवीच सीधा सम्पर्क भई आ-आफ्नो कुराको सुनुवाई गर्ने अवसर प्राप्त हुन्छ ।

- **जनप्रतिनिधिले निर्वाचनको समयमा मतदाताहरूसाग गरेको वाचाको आधारमा निर्णय लिन्छन् ।**
- **प्रतिनिधि सहितको संसदीय सरकारको निर्माण हुन्छ ।**

**बेफाइदाहरू :**

- **जन प्रतिनिधिहरू व्यक्तिगत र दलगत स्वार्थमा फस्न सक्दछन् ।**
- **जनप्रतिनिधिहरुले जनताको ईच्छा अनुसार काम नगरेमा पनि जनताबाट उनीहरुलाई नियन्त्रण गर्न कठिन हुन्छ ।**

### १.१.३ लोकतन्त्रका आधारभूत विशेषताहरू

**लोकतन्त्र जनतामा आधारित शासन प्रणाली हो । जनताको इच्छाको सर्वोपरिता लोकतन्त्रको मूलभूत विशेषता हो । लोकतन्त्रको प्रयोग देश अनुसार फरक फरक हुन सक्छ । मूलभूत रूपमा लोकतन्त्रका आधारभूत विशेषताहरुलाई देहायवमोजिम उल्लेख गर्न सकिन्छ :-**

क) स्वतन्त्र एवम् निष्पक्ष आवधिक निर्वाचनः- स्वतन्त्र, संवैधानिक निर्वाचन व्यवस्थापन गर्ने निकायले स्वतन्त्र र निष्पक्ष रुपमा निर्धारित समयमा सञ्चालन हुने निर्वाचन पद्धति ।

ख) शान्तिपूर्ण तरिकाबाट सरकारको निर्माण तथा परिवर्तनः- आवधिक निर्वाचन मार्फत जनमतका आधारमा सरकार चयन हुने व्यवस्था ।

ग) आधारभूत मानव अधिकारको संरक्षण र सम्बर्द्धनः- विश्वव्यापी मानव अधिकारका आधारभूत सिद्धान्त बमोजिमका अधिकारको संरक्षण र सम्बर्द्धन जोड दिइएको ।

घ) शक्ति पृथकीकरण र सन्तुलनको समूचित व्यवस्थाः- सरकारका तीन अङ्गहरुको अधिकार र कर्तव्य स्पष्ट पारिएको तथा आपसी शक्ति सन्तुलनको उचित व्यवस्था भएको ।

ङ) बालिग मताधिकारः- संविधानले तोकेको उमेर पुगेका नेपाली नागरिक लाई मताधिकारको व्यवस्था ।

च) कानुनी शासनः- कानूनको दृष्टीमा सबै समान, कानून भन्दा माथि कोही नहुने व्यवस्था ।

छ) सूचनाको अधिकारः- सार्वजनिक महत्व र चासोका विषयमा व्यक्तिलाई सूचना माग्ने र पाउने अधिकार तोकिएको ।

ज) दलीय पद्धति/बहुदलीयताः- दलीय आधारमा राजनीतिक क्रियाकलाप सञ्चालन हुने, निर्वाचन हुने र सरकार गठन हुने संसदीय शासन प्रणाली ।

## १.२ संविधान

संविधान देशको मूल कानुन हो । संविधानलाई Fundamental law of the land, supreme law of the land tyf source of validity for legal system पनि भनिन्छ । संविधान राज्य सञ्चालन सम्बन्धमा नागरिकका चाहना र आकांक्षाहरू व्यक्त भएको राजनीतिक एवं कानुनी लिखत हो । यसमा सरकारको स्वरूप, अधिकार एवं काम कर्तव्यलाई निर्धारण गरिएको हुन्छ । संविधानले सरकारी शक्तिलाई सीमाङ्कन प्रदान गरी वैधता प्रदान गर्दछ । सरकारका अङ्गहरूबीच शक्तिको बाडफाड तथा नियन्त्रण र सन्तुलन गर्ने कानुनी दस्तावेज पनि संविधान नै हो ।

संविधान र संविधानबाद प्रायः एकैसाथ जोडिएर आउने विषय भएता पनि संविधान र संविधानबादमा केही मौलिक भिन्नता छन् । मुलुकमा संविधान भए पनि संविधानको मर्म, मूल्य र मान्यतालाई आत्मसात गरिएको पाइादैन भने त्यहाा संविधानबाद स्वीकार गरेको मानिादैन । तसर्थ, **संविधानबादको लागि कानुनी सर्वोच्चता, लिखित संविधान, विधिको शासन, स्वतन्त्र न्यायपालिका, शक्तिपृथकीकरण, शक्ति सन्तुलन र नियन्त्रण, निर्वाचित सरकार, आवधिक निर्वाचन, सामाजिक सद्भाव, अल्पसङ्ख्यक र सीमान्तकृत वर्गको संरक्षण, समावेशी राज्य ब्यबस्था र संविधान संसोधन गर्ने निश्चित मापदण्ड तथा आधारहरूको ब्यवस्था** गरिएको हुनुपर्दछ ।

मुलुकको क्षेत्रफल, प्रकृति, भौगोलिक वनावट, जनसङ्ख्या, संस्कृति आदिका आधारमा संविधानले मुलुकको स्वरूपलाई निर्धारण गर्दछ । संविधानले नै राज्यको शासन स्वरूपलाई निर्धारण गरेको हुन्छ ।सरकार तथा नागरिकको अधिकार र कर्तव्यलाई पनि संविधानले नै सुनिश्चित गर्दछ । संविधानलाई विभिन्न प्रकारमा विभाजन गरिएको पाईन्छ ।
(क) निर्मित एवं विकसित
(ख) लिखित तथा अलिखित संविधान

विश्वका धेरै मुलुकमा लिखित संविधान छन् । लिखित संविधान नभएको लोकतान्त्रिक मुलुक बेलायत हो तर वेलायतमा सन १२१५ मा भएको सम्झौता नै शासन सञ्चालनको स्रोतको रूपमा रहेको पाईन्छ । नेपालमा लिखित संविधान रहेको छ । विश्वमा पहिलो लिखित संविधान भएको देश संयुक्त राज्य अमेरिका हो । देशमा अमनचयन कायम गर्न, देश र जनताको आवश्यकता पूरा गर्न एवम् राष्ट्लाई सही दिशा निर्देश गर्न संविधान आवश्यक हुन्छ भने संविधानको पालना गर्नु सबै नागरिकको कर्तव्य हुन्छ । संविधान निर्माण गर्ने तथा त्यसलाई वैधानिकता दिने प्रक्रियामा विश्वमा एकै प्रकारका विधि तथा पद्धतिहरू अपनाइदैनन् । संविधान निर्माणका प्रक्रियाहरूमा मूलत संवैधानिक सम्मेलन, संविधान सभा, राजनीतिक सम्मेलन, जनमत सङ्ग्रह तथा संविधान सुधार सुझाव आयोग गठन



जस्ता तरिकाहरू प्रचलनमा रहेका छन् । समिति वा आयोग मार्फत गरिने संविधान निर्माणको तरिकामा नागरिकको सहभागिता हुँदैन ।

संविधान निर्माणका विभिन्न विधिहरू मध्ये संविधान सभा एक लोकतान्त्रिक विधि हो । संविधान सभा मार्फत निर्माण गरिने संविधानमा नागरिकको सहभागिता हुने र संविधानमा नागरिकको अपनत्व समेत हुने भएकोले सहभागितात्मक संविधान निर्माण गर्ने विधिलाई लोकतान्त्रिक विधि मानिएको छ, यस्तो प्रक्रियाबाट निर्माण भएको संविधान दिर्धकालीन हुन्छ भन्ने मान्यता छ ।


नेपालमा वि.सं. २००४ सालमा वैधानिक कानुनको घोषणा भएबाट संविधान निर्माण प्रक्रियाको सुरुवात भएको मानिन्छ । त्यसपछि नेपालको अन्तरिम शासन विधान २००७, नेपाल अधिराज्यको संविधान २०१५, नेपालको संविधान २०१९, नेपाल अधिराज्यको संविधान २०४७, नेपालको अन्तरिम संविधान, २०६३ र २०७२ साल असोज ३ गते जारी भएको नेपालको संविधान सहित अहिलेसम्म ७ वटा संविधान कार्यान्वयनमा आईसकेका छन् ।

### १.२.१ बि.सं २०७२ साल असोज ३ गते जारी भएको नेपालको संविधान

नेपालको संविधानले नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात् गरेको छ ।










राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, लगायतका लोकतान्त्रिक मूल्य र मान्यताका आधारमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा समृद्ध राष्ट्र निर्माण गर्ने प्रतिबद्धता संविधानले गरेको छ ।

**नेपालको सार्वभौमसत्ता एवम् राजकीयसत्ता नेपाली जनतामा निहित हुने व्यवस्था गरेको छ । यसले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको घोषणा गरी प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, स्वतन्त्र न्यायपालिका, दुई सदनात्मक व्यवस्था, संविधानको भाग-२४ अन्तर्गत धारा २४५ मा निर्वाचन आयोगको गठन, २४६ मा काम, कर्तव्य, अधिकार र धारा २४७ मा निर्वाचन आयोगलाई आवश्यक पर्ने कर्मचारी नेपाल सरकारले उपलब्ध गराउनु पर्ने व्यवस्था गरेको छ ।**

**२०७२ सालमा जारी भएको नेपालको संविधानको मुलभूत विशेषताहरू :**

*१. देशको मूल कानुन,*

*२. शासन सञ्चालनको  मार्गदर्शन,*

*३. सीमित सरकारको अवधारणा,*

*४. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था,*

*५. संघ, प्रदेश र स्थानीय स्तर गरी तीन तहमा राज्य शक्तिको बाँडफाँट,*

*६. राज्यका अङ्गहरूको शक्ति सन्तुलन र पृथकीकरण,*

*७. मानवअधिकार तथा मौलिक हकको प्रत्याभूति, बालिग मताधिकार,*

*८. सरकार र नागरिकबीचको स्पष्ट सम्बन्ध,*

*९. कानुनी राज्यको अवधारणा,*

*१०. समावेशी सिद्धान्तमा आधारित,*

*११. संघ, प्रदेश र स्थानीय स्तरको कार्यक्षेत्र स्पष्ट तोकिएको ।*

## सत्र : २

# निर्वाचन र राजनैतिक दल सम्बन्धी व्यबस्था

### २.१ निर्वाचन (Election)

निर्वाचन लोकमत मापन गर्ने बैधानिक विधि हो । जनताको अभिमतलाई प्रतिनिधिको रूपमा रूपान्तरित गर्ने वैधानिक विधिवा तरिका नै निर्वाचन हो । दुई वा दुईभन्दा बढी उम्मेदवार वा दल मध्येबाट निर्वाचित गर्न पाउने वा मत जाहेर गरी चयन गर्न पाउने अधिकारको प्रयोग नै निर्वाचन हो । निर्वाचन कुनै पदका लागि गरिने प्रतिस्पर्धा हो, जुन मतदाताको मत वा अभिव्यक्तिमा आधारित हुन्छ । मतदाताका मतलाई एकमुष्ट गरी निर्वाचित उम्मेदवार वा परिणामको घोषणा गरिन्छ ।




निर्वाचन भनेको कुनै पद वा सवाल (मुद्दा) का लागि गरिने प्रतिस्पर्धा हो जुन मतदाताको मत वा अभिव्यक्तिमा आधारित हुन्छ । यो राष्ट्रिय स्तरमा वा निर्वाचन क्षेत्र अनुरूप नियमित रूपमा उम्मेदवारहरूको निर्वाचन गर्ने प्रक्रिया हो । सार्वभौम जनताले आफूलाई प्राप्त अधिकार प्रयोग गर्ने माध्यम हो निर्वाचन । प्रतिनिधित्व प्रणालीलाई सार्थक बनाउने माध्यम निर्वाचन हो । जनता सबैले आफैले प्रत्यक्षरूपमा शासन सञ्चालन गर्न र नियन्त्रण गर्न सम्भव नहुने भएकोले आँनो मतद्वारा चुनेका प्रतिनिधि वा वारेस मार्फत शासन माथि नियन्त्रण र सञ्चालन गर्दछन् । निर्वाचन वालिग मताधिकारको गोप्य मतदानको माध्यमबाट जनप्रतिनिधि छनौट गर्ने प्रक्रिया हो ।

कुनैपनि देशको भावी नीति, योजना, कार्यक्रम सम्बन्धी निर्णयको लागि शासकीय प्रणालीको केन्द्रदेखि स्थानीय स्तरसम्म प्रतिनिधि चयन गर्ने सबैभन्दा महत्वपूर्ण विधि नै निर्वाचन हो ।निर्वाचन भनेको दुई वा दुईभन्दा बढी राजनीतिक दल वा उम्मेदवारबीचको प्रतिस्पर्धामा जनताको रोजाईको आधारमा प्रतिनिधि चयन गरिने प्रक्रिया हो । त्यस्तै राष्ट्रिय स्तरमा बेलाबखत उत्पन्न हुने राष्ट्रिय महत्वको बिषयमा छिनोफानो गर्नका लागि जनताको प्रत्यक्ष अभिमतद्वारा निर्णयमा पुग्ने प्रक्रिया पनि निर्वाचन नै हो । यसलाई **जनमत सङ्ग्रह** (Referendum) भनिन्छ । लोकतन्त्रमा निर्वाचन सामन्यतयाः कानुनले तोकेबमोजिम आवधिक रूपमा (समय–समयमा) सम्पन्न गरिन्छ भने जनमत सङ्ग्रह आवश्यक परेका बखत मात्र गरिन्छ ।

#### २.१.१ लोकतन्त्रमा निर्वाचनको आवश्यकता, महत्व र उद्देश्य

आवधिक निर्वाचन लोकतन्त्रको मेरूदण्ड हो । निर्वाचनलाई लोकतन्त्रको आत्मा मानिन्छ । स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचनले राष्ट्रिय समस्याहरुको निरुपण गर्न सहयोग पुऱ्याउछ । लोकतन्त्रको स्वस्थ्यता र सवलताका लागि आवधिक निर्वाचन अपरिहार्य छ । यस कुरालाई नेपालको संविधानले आत्मसात गरेको छ । लोकतन्त्रको संस्थागत विकास गर्नका लागि निर्वाचनको आवश्यकता पर्दछ । निर्वाचन विनाको लोकतन्त्र र लोकतान्त्रिक मूल्य मान्यता विनाको निर्वाचनको कुनै महत्व हुदैन । स्वच्छ, स्वतन्त्र र विश्वसनीय निर्वाचन राष्ट्रको धेरै समस्याको समाधानका लागि रामवाण ९एबलबअभब0 बन्दछ । सामाजिक समावेशीकरणका लागि निर्वाचन अत्यावश्यक विधि हो । स्वतन्त्र र निष्पक्ष निर्वाचनले मतदातालाई आफ्नो मत प्रकट गर्ने अवसर दिन्छ, जसमार्फत् उनीहरुले आफ्ना नेता हरु छान्न र आफू कसरी शासित हुन चाहन्छन् भनी राय प्रकट गर्न पाउछन् ।

शासनको वैधताका लागि निर्वाचन अपरिहार्य छ । लोकतान्त्रिक प्रणालीमा सरकारको बैधताको प्रणेता जनता बाहेक अर्को हुदैन । त्यसैगरी नयाा नीति निर्माण तथा जनअनुमोदनका लागि निर्वाचनले दिशा निर्देश गर्दछ ।

### निर्वाचनको आवश्यकता र महत्व

- *सार्वभौमसत्ता सम्पन्न जनताले आफूमा निहित रहेको सार्वभौमसत्ताको अभ्यास गर्न,*
- *आवधिक निर्वाचनको माध्यमबाट लोकतन्त्रको सम्बर्द्धन र विकास गर्न ,*
- *मतदाताको सार्वभौम अधिकार (मताधिकार) लाई सुनिश्चित गर्न ,*
- *विधिको शासन स्थापना गर्न,*
- *निर्वाचनको माध्यमबाट सरकारलाई जनताप्रति जवाफदेही बनाउन ,*
- *बालिग मतदाताले आफ्नो मत प्रकट गरी राजनीतिक निर्णयमा सहभागिता जनाउन ( नेपालको सन्दर्भमा १८ वर्ष उमेर पूरा भएका),*
- *आफ्ना प्रतिनिधि मार्फत् शासन सञ्चालनमा सहभागिता जनाउन*
- *सहभागितात्मक नीति निर्माणलाई सुनिश्चित गर्दै विकासका क्रियाकलाप माथि अपनत्व कायम गर्न ,*
- *निर्वाचनको माध्यमबाट राजनीतिक दललाई आफ्ना मतदाताप्रति उत्तरदायी र जवाफदेही बनाउन ,*
- *स्वतन्त्र र निष्पक्ष निर्वाचनको माध्यमबाट शान्तिपूर्ण तरिकाले विवाद समाधान गर्न तथा सरकार वा सत्ताको शान्तिपूर्ण हस्तान्तरण गर्न,*
- *सार्वजनिक नीति र योजना निर्माण प्रक्रियामा सहभागितालाई सुनिश्चित गर्दै विकासका क्रियाकलाप माथि अपनत्व र जवाफदेहिता अभिवृद्धि गर्न,*
- *निर्वाचनको माध्यमबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सरकारको वैधता कायम गर्न*

### निर्वाचनका उद्देश्यहरू

*(क) हक एवं मानव अधिकारको संरक्षण, सम्बर्द्धन र प्रभावकारी कार्यान्वयन गर्नु,*

*(ख) व्यक्तिको राजनीतिक छनोटको अधिकार सुनिश्चित गर्नु,*

*(ग) लोकतन्त्रको संस्थागत विकास तथा विधिको शासन व्यवस्था गर्नु,*

*(घ) सामाजिक समावेशीकरणका लागि योगदान दिनु,*

*(ङ) प्रतिनिधित्व प्रणालीको कार्यान्वयन गर्नु,*

*(च) जनताप्रति उत्तरदायी र जवाफदेही सरकारको निर्माण गर्नु,*

*(छ) संसदमा मतदाताहरुको विचारधाराहरु प्रतिबिम्बित गर्नु,*

*(ज) बहुसंख्यक मतदाताहरुको इच्छाअनुसारको सरकार गठन गर्नु,*

*(झ) जनताको पक्षमा काम नगर्ने सरकारलाई फिर्ता बोलाई नयाँ सरकार गठन गर्ने,*

*(ञ) राज्यका शक्ति, स्थायित्व र सुशासन कायम गराउनु आदि ।*

### २.१.२ स्वतन्त्र र निष्पक्ष निर्वाचन (Fair and Fair Election)

**स्वतन्त्र र निष्पक्ष निर्वाचन लोकतन्त्रको मुटु हो । कुनैपनि निर्वाचनले जनइच्छाको सही प्रतिनिधित्व गराउने हो भने निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय हुनु पर्दछ । निर्वाचन स्वतन्त्र र निष्पक्ष हुन मतदाताले कुनै धम्की, डर, त्रास तथा प्रलोभनमा नपरी निर्भिक भएर मतदान गर्न पाउनु पर्दछ । निर्वाचन स्वतन्त्र हुन निर्वाचनका सरोकारवालाहरूले आ-आफ्नो जिम्मेवारी निष्पक्ष रूपमा निर्वाह गर्नुपर्दछ । त्यसैगरी निर्वाचन निष्पक्ष गराउनको लागि विशेष गरी निर्वाचन संचालन गर्ने निकाय, पदाधिकारी तथा सरकारको तर्फबाट सबै दल, उम्मेदवार, राजनीतिक कार्यकर्ता तथा अन्य निर्वाचनका सरोकारवालाहरूसाग गरिने व्यवहार निष्पक्ष एवंम पूर्वाग्रहरहित हुनुपर्दछ । मतदान र मतगणना सुरक्षित र निष्पक्ष ढङ्गबाट हुनुपर्दछ । जनताले वास्तवमा पत्याएको व्यक्ति र दललाई निर्वाध रूपमा छनौट गर्न पाउनु नै स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचनको मर्म हो ।**

**स्वतन्त्र र निष्पक्ष निर्वाचनका आधारहरूलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ ।**

**क) निर्वाचन सम्बन्धी कानुन सबै दल, उम्मेदवार तथा मतदातालाई समान तथा न्यायोचित हुनुपर्छ ।**

**ख) सबै योग्य नागरिकलाई मतदाता नामावलीमा नाम दर्ता गर्ने अवसर दिइनुपर्छ ।**

**ग) सबै राजनीतिक दल तथा उम्मेदवारले निर्भिक र सुरक्षित भई प्रचारप्रसार गर्न पाउनुपर्छ ।**

घ) सबै राजनीतिक दल तथा उम्मेदवारले सञ्चार माध्यमबाट प्रचार गर्ने समान अवसर पाउनुपर्छ ।

ङ) सरकारको भूमिका तटस्थ रहेको हुनुपर्छ साथै राज्यको स्रोत र साधनको दुरूपयोग नगरी सही प्रयोजनमा मात्र प्रयोग गर्नुपर्छ ।

च) सबै मतदाताले स्वतन्त्र र सुरक्षित रूपमा मतदान केन्द्र जान र गोप्य मतदान गर्न पाउनु पर्छ ।

छ) मतदातालाई सबै निर्वाचन प्रणाली, निर्वाचन प्रक्रिया, राजनीतिक तथा उम्मेदवारबारे आवश्यक जानकारी दिनुपर्छ । मतदाताहरूलाई मतदान गर्ने तरिकाबारे जानकारी हुनुपर्छ ।

ज) गोप्य मतदान बाहेक अन्य सबै निर्वाचन प्रक्रिया पारदर्शी हुनुपर्छ ।

झ) स्थानीय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षण टोलीलाई मतदान तथा मतगणना प्रक्रियाको पर्यवेक्षण गर्ने अवसर दिनुपर्छ ।

### २.१.३ निर्वाचनका आधारभूत तत्वहरू(Fundamental Elements of Election)

१. बहुदलीय व्यवस्था,

२. निर्वाचन कानुनको (नियम, निर्देशिका तथा आचार संहिता) प्रभावकारी कार्यान्वयन,

३. लिंग, जातजाति, धर्म, वर्ग, रंग आदिको भेदभावविना मताधिकार गर्न पाउने अवस्था,

४. निर्वाचन सञ्चालन र व्यवस्थापनका लागि स्वतन्त्र र निष्पक्ष निर्वाचन व्यवस्थापन निकाय (सामान्यतया आयोग मुख्य निकाय हो तर पनि कतिपय मुलुकमा सरकारले नै निर्वाचन गराउने प्रचलन पनि रहेको छ । जस्तै फ्रान्स, डेनमार्क, सिंगापुर र मोरक्को तर पनि अविभेदकारी नियम सबैमा लागु हुन्छ,

५. स्वच्छ र त्रुटीरहित मतदाता नामावली,

६. मतपत्रको आधारमा गोप्य मतदान,

७. निर्वाचन प्रक्रियामा सवैको समान पहुच (मतदाता नामावली दर्ता, उम्मेदवारी मनोनयन, प्रचार प्रसारमा समेत)

८. निर्वाचन स्वच्छ र स्वतन्त्र रूपमा सम्पन्न भएको सुनिश्चितताका लागि पर्यवेक्षण र पर्यवेक्षकको व्यवस्था,

९. सम्पूर्ण निर्वाचन प्रक्रियामा पारदर्शीता : मतदाता नामावली दर्ता, राजनैतिक दल दर्ता, मनोनयन पत्रको जाच, चुनाव चिन्ह वितरण, निर्वाचन विवाद

उजुरी र निर्णय, मतगणना, परिणाम घोषणा र प्रचार प्रसार आय व्ययको विवरण समेत पेश गर्नु पर्ने,

१०. निर्वाचनसाग सम्बन्धित विवाद, उजुरी र विवाद निरूपणको व्यवस्था ।

### २.१.४ निर्वाचनको विशिष्टता

**निर्वाचन शान्तिपूर्ण वातावरणमा सम्पन्न गरिने सबैभन्दा ठूलो र सबैको संलग्नतामा हुने व्यापक व्यवस्थापकीय अभ्यास** (Biggest Logistic Management) **हो । जसमा देशका सबै योग्य मतदाता संलग्न हुन्छन् । निर्वाचनको सञ्चालन आयोगले निर्धारण गरेको निर्वाचन कार्यक्रम बमोजिम हुनै पर्दछ । अन्यथा वैधानिक मानिदैन । त्यसैले निर्वाचनमा भोलि भन्ने हुादैन** (There is NO Tomorrow in Election)

### २.१.५ निर्वाचन नभएमा सिर्जना हुन सक्ने परिस्थिति

क) जनप्रतिनिधिमूलक संस्थाहरू प्रतिनिधिविहिन हुन्छन् । देशमा राजनीतिक नेतृत्वको सहि ढङ्गले विकास हुन पाउादैन ।

ख) सहभागितामूलक नीति निर्माणमा बाधा पुग्न सक्छ ।

ग) लोकतान्त्रिक अभ्यास हुन पाउादैन ।

घ) राष्ट्रको अपेक्षित विकास नहुन सक्छ ।

ङ) निरंकुशताले प्रश्रय पाउाछ ,नागरिकका हक अधिकार एवं मानवाधिकारको प्रयोगमा बाधा पर्न सक्छ ।

**निर्वाचन देशभरका मतदाताले स्वतन्त्रतापूर्वक गोप्य रूपमा मताधिकारको उपयोग गरी शासन प्रक्रियामा सहभागी हुने अवसर हो । यो एक ठूलो र व्यापक व्यवस्थापकीय निर्णय प्रक्रिया हो । जसको माध्यमबाट शान्तिपूर्ण तरिकाले सत्ता परिवर्तन हुन सक्छ । निर्वाचन एक समयमा गरिने एक दिने कार्यक्रम होइन । तोकिएको विधिमा यो निरन्तर चलिरहने प्रक्रिया वा चक्र हो । निर्वाचनको घटना एवं परिघटनाले सम्पूर्ण राष्ट्रिय जीवन प्रभावित हुन्छ । सामान्यतयाः संविधान तथा कानुनले तोके बमोजिम संघ, प्रदेश तथा स्थानीय तहको निर्वाचन आवधिक रूपमा गर्ने गरिन्छ ।**

### २.१.६ निर्वाचनसंग सम्बन्धित जोखिम र चुनौतिहरू

**निर्वाचन एक जटिल एवं चुनौतीपूर्ण व्यवस्थापन हो । स्वतन्त्र र निष्पक्ष निर्वाचनको माध्यमबाट शान्तिपूर्ण तरिकाले विवाद समाधान गर्न तथा सरकार वा सत्ताको शान्तिपूर्ण हस्तान्तरण गर्न सहयोग पुग्छ । तर निर्वाचन व्यवस्थापन गर्ने निकायको व्यवस्थापकीय कमजोरी, राजनीतिक दलसम्बद्ध बिवाद एवं द्वन्द्व, निर्वाचन सरोकारवालाको असहयोग,**

सुरक्षा व्यवस्थामा कमजोरी, आचार संहिताको उल्लंघन, प्राकृतिक विपत्ति एवं संकट जस्ता अनेक आन्तरिक तथा बाह्य कारणले निर्वाचनमा जोखिम देखा पर्ने र निर्वाचन समयमै सम्पन्न गर्न चुनौतीपूर्ण अवस्था उत्पन्न हुन सक्ने स्थिति सदैव रहन्छ । त्यसैले निर्वाचन व्यवस्थापन गर्ने निकायले अनपेक्षितरूपमा आइलाग्न सक्ने यस्ता जोखिम तथा चुनौतीलाई न्यूनीकरण गर्न कार्य सञ्चालन योजना (Operation Planning) निर्माण गरी निर्वाचनको तयारीलाई अगाडि बढाउछ । साथसाथै निर्वाचनलाई सुनिश्चितता प्रदान गर्न वैकल्पिक योजाना (Contingency Planning) समेत निर्माण गरिराखेको हुन्छ । आयोगले नियन्त्रण र व्यवस्थापन गर्दा गर्दै पनि देहायको अवस्थाहरू आउन सक्छन्:

१. समाजलाई ध्रुवीकरण एवम् विखण्डन गर्न सक्ने संभावना, निर्वाचनमा सहभागिता नहुन सक्ने अवस्था,
२. राजनैतिक अस्थिरताको अवस्था सिर्जना हुनु ,राजनैतिक परिणामलाई एक वा धेरै दलले अस्वीकार गर्नु ,
३. सरोकारवालाबाट नतिजा स्वीकार नगरी अमान्य भएको अवस्थामा हिंसा र थप द्वन्द्वको संभावना हुनु,
४. निर्वाचन प्रक्रिया एवं यस सन्दर्भमा तयार भएका कानुन तथा आचारसंहिताहरू सहीरूपमा कार्यान्वयन हुन नसकेमा राज्यका साधन स्रोत (State Resources) को दुरूपयोग हुन सक्ने संभावना हुनु आदि ।

## २.२ राजनैतिक दलसम्बन्धी व्यवस्था

निर्वाचनलोकतन्त्रको प्राणवायु हो । लोकतन्त्रमा दलीय प्रतिस्पिर्धा बिनाको निर्वाचनको कुनै सार्थकता रहादैन । त्यसैले नेपालको संविधानको प्रस्तावनामा नै जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणालीलाई आत्मसात गर्ने कुरा उल्लेख छ । नेपालको संविधानको भाग २० धारा २६९ मा समान राजनीतिक विचारधारा, दर्शन र कार्यक्रममा प्रतिबद्ध व्यक्तिहरूले कानुनको अधिनमा रही राजनीतिक दल गठन गरी सञ्चालन गर्न र दलको विचारधारा, दर्शन र कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नका लागि त्यसको प्रचार प्रसार गर्न गराउन वा सो प्रयोजनका लागि अन्य आवश्यक काम गर्न सक्नेछन् भनी उल्लेख गरिएको छ ।
लोकतन्त्रको संस्थागत विकास र सुदृढीकरणका लागि राजनीतिक दलको स्थापना, आयोगमा रीतपूर्वक दल दर्ता गर्न, राजनीतिक परिचालनको उत्प्रेरक प्रतिनिधिका रूपमा रहेका राजनीतिक दलको संरचनालाई समावेशी बनाई त्यसको आन्तरिक लोकतन्त्रलाई सुनिश्चित गर्न, राजनीतिक दलको काम कारवाही, कोष तथा आर्थिक व्यवस्थालाई पारदर्शी, जिम्मेवार र उत्तरदायीपूर्ण बनाई राजनीतिक दललाई सुशासनको एक जिम्मेवार संवाहकको रूपमा विकास गर्ने उद्देश्यका साथ नेपालको संविधानले राजनीतिक दलसम्बन्धी स्पष्ट व्यवस्था गरेको छ ।

### २.२.१ लोकतन्त्रमा राजनीतिक दलको आवश्यकता

प्रतिस्पर्धात्मक लोकतान्त्रिक अभ्यास विना लोकतन्त्र सफल नहुने, प्रतिस्पर्धा हुन राजनीतिक दल अपरिहार्य नै रहने भन्ने मान्यता एकै पटक कानुनी व्यवस्थाबाट उत्पन्न भएको भने होइन । नेपालमा कानुनबमोजिम दल खोल्न पाउने मान्यता २००७ सालको प्रजातन्त्र स्थापना पछि प्राप्त भएको भए पनि वि.सं. १९८८ मा प्रचण्ड गोर्खा र १९९६ मा प्रजा परिषद् नामक प्रजातन्त्र प्राप्तिका लागि दबाव दिन जनसचेतना जगाउन गठीत दललाई नै शुरूवात मानिएको छ । त्यसपछि क्रमशः प्रवासमा नेपाली राष्ट्रिय कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी आदिको रूपमा राजनीतिक दलहरू गठन भएको देखिन्छ । नेपालमा २००७ साल देखि २०६३ साल सम्मको लोकतान्त्रिक अभ्यासमा राजनीतिक दलहरूले प्रमुख भुमिका निभाउदै आएको पाइन्छ । संवैधानिक र कानुनी व्यवस्थालाई हेर्ने हो भने निर्दलिय पञ्चायती व्यवस्थाको संरक्षण गर्ने उद्धेश्य रहेको नेपालको संविधान, २०१९ ले बाहेक सबै संविधान, नेपालको अन्तरिम संविधान, २००७ नेपाल अधिराज्यको संविधान, २०१५ नेपाल अधिराज्यको संविधान, २०४७ नेपालको अन्तरिम संविधान, २०६३ र नेपालको संविधान, सबैले दलीय मान्यतालाई आत्मसात गरेको छ । अझ पछिल्लो नेपालको संविधानले कानुन बमोजिम दर्ता भएका दललाई आफ्नो उद्धेश्य प्राप्तीको लागि जनतासमक्ष जानकारी गराउने उद्धेश्यले प्रचार प्रसार गर्न रोक लगाउने गरी कानुन बनाउन नपाइने त्यस्तो कानून बनाए असंवैधानिक भई अमान्य हुने व्यवस्था समेत गरेको देखिन्छ ।

संविधानमा भएका व्यवस्थाका आधारमा बनेका कानुन बमोजिम नेपाली राजनीतिमा राजनीतिक दलहरू सक्रिय रहेका छन् । हालको अवस्थासम्म आइपुग्दा राजनीतिक दलहरू पूर्ण लोकतान्त्रिक अभ्यासका लागि अपरिहार्य भएको हुादा दलको अधिकार कर्तव्य र दायित्व स्पष्ट गर्नुपर्ने देखी संविधान र कानुनले निश्चित दिशानिर्देश गरेको पाइन्छ ।

### २.२.२ नेपालको कानुनमा राजनीतिक दल

जनताको शासनमा सहभागिता दर्शाउने अवयवका रूपमा स्वीकार गरिएको र देशको सर्वाÊण विकासमा नेतृत्वदायी भूमिका प्रदान गर्ने राजनीतिक दलका अधिकार र दायित्वलाई सीमाङ्कन गर्न नसकिने भएपनि नेपालको संविधान र कानुनमा विशेष महत्वका साथ यस विषयमा व्यवस्था गरिएको पाइन्छ । राजनीतिक दलको सञ्चालन, व्यवस्थापन, नियमन, तथा तिनको अधिकार र दायित्वको सन्दर्भमा बनेका नेपाल कानुन हेर्ने हो भने नेपालको संविधान, निर्वाचन आयोग ऐन, २०७३, राजनीतिक दल सम्बन्धी ऐन, २०७३ लगायत विभिन्न नियमावली, आचारसंहिता, निर्देशिका तथा निर्वाचन आयोगवाट समय समयमा जारी आदेश निर्देशनमा उल्लेख भएको पाइन्छ । संविधानको प्रस्तावनामा जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली हुने स्पष्ट

गरेको र धारा १७ (२) ग ले प्रत्येक नागरिकलाई राजनीतिक दल खोल्न पाउने स्वतन्त्रतालाई मौलिक हककारुपमा ग्यारेन्टी प्रदान गरी जारी भएको नेपालको संविधान तथा नेपाल कानुनमा भएका राजनीतिक दल सम्बन्धी व्यवस्थाहरुलाई दलका अधिकार र दायित्वका रुपमा विभक्त गरी स्पष्ट गर्ने प्रयास गरिएको छ ।

नेपालको संविधानको भाग २९ मा राजनीतिक दल सम्बन्धी व्यवस्था गरिएको छ । धारा २६९ मा  राजनीतिक दलको गठन, दर्ता र सञ्चालन, धारा २७० मा राजनीतिक दललाई प्रतिबन्ध लगाउन बन्देज, धारा २७१ मा राजनीतिक दलको रुपमा निर्वाचनका लागि मान्यता प्राप्त गर्न दर्ता गराउनु पर्ने तथा धारा २७२ मा राजनीतिक दल सम्बन्धी अन्य व्यवस्था राखिएको छ ।

२.२.३ नेपालको संवैधानिक र कानुनी व्यवस्थामा राजनीतिक दलका अधिकार

१. समान विचारधारा दर्शन कार्यक्रमप्रति प्रतिवद्ध व्यक्तिहरुले संविधान र कानुनको अधिनमा रही निर्वाचन आयोगमा कानुनी रीत पुऱ्याई राजनीतिक दल दर्ता गर्न गराउन पाउने दलको अधिकार,

२. राजनीतिक दलका रुपमा संविधान बमोजिम गठन र दर्ता भएका राजनीतिक दल संचालन गर्न पाउने, दलको दर्शन, विचारधारा र कार्यक्रमप्रति समर्थन र सहयोग पाउन प्रचार प्रसार गर्न पाउने,

३. राजनीतिक दलको क्रियाकलापलाई बन्देज गर्ने गरी कानुन निर्माण गर्न नहुने त्यस्तो कानून निर्माण भए स्वतः संविधान प्रतिकूल भै अमान्य हुने संवैधानिक ग्यारेन्टी गरिएको,

४. राजनीतिक दल दर्ता हुन पाउने अधिकार,

५. प्रक्रिया पुऱ्याई राजनीतिक दल विभाजन वा संयुक्त हुन पाउने अधिकार,

६. राष्ट्रपति, उप-राष्ट्रपतिदेखि वडा सदस्यसम्म तोकिएको शर्तको अधिनमा रही उम्मेदवारी दिन पाउने अधिकार,

७. व्यक्ति सरह आफ्नो नामबाट उजुर नालिस गर्न पाउने अधिकार,

८. व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्ने, उपभोग गर्ने, वेचविखन गर्ने वा अन्य किसिमले व्यवस्था गर्न पाउने अधिकार,

९. दल एक अविछिन्न उत्तराधिकारवाला स्वशाशित र संगठित संस्था हुने अधिकार ।

राजनीतिक दल सम्बन्धी ऐन, २०७३ मा व्यवस्था भए अनुसार राजनीतिक दलको काम, कर्तव्य र अधिकार :

(क) प्रतिस्पर्धात्मक बहुदलीय, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीको सुदृढीकरण सम्बन्धी कार्य,

(ख) मुलुकको आर्थिक, सामाजिक वा साँस्कृतिक विकासको नीति, योजना र कार्यक्रम जनसमक्ष ल्याउने,

(ग) राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउदै स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्न योगदान पुऱ्याउने,

(घ) राजनीतिक वा नागरिक विकासको उत्प्रेरक प्रतिनिधिको रूपमा जनताको राजनीतिक सचेतना अभिवृद्धि गर्ने,

(ङ) दलीय सहमति र समन्वयको संस्कृतिको विकास गर्ने,

(च) नागरिकको हक, हित र सरोकार पहिचान गर्ने र त्यस्ता हकको प्रचलन, हित तथा सरोकारको सम्बोधन गर्न आवश्यक प्रयास गर्ने,

(छ) सबै किसिमका सामाजिक भेदभाव, हिंसा, छुवाछुत वा विभेदको अन्त्य गरी समतामूलक समाजको निर्माण गर्न योगदान पुऱ्याउने,

(ज) सुशासन पाउने नागरिकको हकलाई व्यवहारमा कार्यान्वयनमा ल्याउन सरकारी वा गैर सरकारी क्षेत्रमा आवश्यक पहल गर्ने र त्यस प्रयोजनका लागि सरकारी संयन्त्रलाई सहयोग गर्ने,

(झ) लोकतन्त्रको प्रवर्द्धन, विकास वा सुदृढीकरणका लागि अन्य आवश्यक काम गर्ने वा गराउने,

(ञ) सामाजिक सद्भाव र एकता अभिवृद्धि गर्ने,

(ट) स्वयंसेवी भावनाको विकास, सार्वभौमिकताको प्रवर्द्धन, मानव अधिकार, सामाजिक न्याय, शान्ति र अहिंसालाई उत्प्रेरित हुने खालका कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ठ) विपद् जोखिम न्यूनिकरण शिक्षा अभियान सञ्चालन गरी पूर्व तयारी कार्यमा सहयोग पुऱ्याउने,

(ड) राष्ट्रिय विपत्तिको समयमा खोज, उद्धार, सहयोग, पुनर्स्थापना लगायत अन्य आवश्यक सहयोग गर्ने,

(ढ) आँनो निर्वाचन घोषणापत्रमा उल्लेख भएका काम गर्ने,

(ण) आयोगबाट सञ्चालित कार्यक्रममा सहयोग पुऱ्याउने ।

राजनीतिक दलले आफ्नो काम गर्न, कर्तव्य पालना गर्न, अधिकार प्रयोग गर्न वा भूमिका निर्वाह गर्न देहायका काम गर्न सक्ने :

१. निर्वाचनमा भाग लिने

२. आफ्ना नीति, कार्यक्रम, योजना वा रणनीति सार्वजनिक गर्ने वा सो विषयमा प्रचार प्रसार गर्ने,

३. प्रचलित कानून बमोजिम आफूसाग सम्बद्ध संस्थाको गठन गर्ने वा गराउने,

४. आफ्ना नीति, कार्यक्रम वा योजना कार्यान्वयन गर्न वा गराउन आवश्यकता अनुसार शान्तिपूर्ण जुलुस, आमसभा वा ऱ्याली आयोजना गर्ने,

५. आफ्नो उद्धेश्य पुरा गर्न अन्य आवश्यक काम गर्ने,

६. आचार संहिताको पालना गर्नु पर्ने ।

राजनीतिक दल वा तिनका संगठनले देहायका कार्य गर्न गराउन हुदैन :

१. नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता राष्ट्रियता र स्वाधिनतामा खलल पार्ने,

२. राष्ट्रविरुद्ध जासुसी गर्ने,

३. राष्ट्रिय गोपनीयता भंग गर्ने,

४. नेपालको सुरक्षामा आाच आउने गरी कुनै विदेशी राज्य, संगठन वा प्रतिनिधिलाई सहयोग गर्ने,

५. राज्यद्रोह गर्ने वा संघीय इकाईबीचको सु-सम्बन्धमा खलल पार्ने,

६. जातीय साम्प्रदायिक विद्वेश फैलाउने वा विभिन्न जात, भाषा, धर्म र सम्प्रदाय विचको सु-सम्बन्धमा खलल पर्ने,

७. जाति, भाषा, धर्म सम्प्रदाय वा लिंगको आधारमा राजनीतिक दलको सदस्यता दिने वा लिन बन्देज लगाउने,

८. नागरिकका बीचमा विभेद गर्ने गरी राजनीतिक दल गठन गर्न,

९. हिंसात्मक कार्य गर्न, दुरुत्साहन गराउने क्रममा सार्वजनिक नैतिकताको प्रतिकुल हुने कार्य गर्न ह्युदैन ।

२.२.४ राजनीतिक दलको गठनसम्बन्धमा राजनीतिक दल सम्बन्धी ऐन २०७३ मा भएको व्यवस्था

१. समान राजनीतिक विचारधारा, दर्शन र कार्यक्रममा प्रतिबद्ध व्यक्तिहरूले संविधान र ऐनको अधीनमा रही आफ्ना राजनीतिक काम कारबाही सञ्चालन गर्न राजनीतिक दल गठन गर्न सक्नेछन् ।

२. दलको घोषणापत्र तथा कार्यक्रमको सार्वजनिकीकरण र प्रचार प्रसार गर्न वा गराउन सक्नेछ ।

३. दल दर्ता हुनको लागि दलको प्रमुख पदाधिकारीले केन्द्रीय समितिको निर्णयसहित देहायका कागजातहरू निर्वाचन आयोगमा पेश गर्नु पर्दछ :-

३.१ दलको विधान, घोषणापत्र,

३.२ झण्डा,

३.३ चिन्हको नमूना,

३.४ कम्तीमा पाचसय जना नेपाली मतदाताले दलको सदस्यता प्राप्त गर्न गरेको प्रतिबद्धता पत्र र निजहरूको नागरिकता वा मतदाता परिचय पत्रको प्रमाणित प्रतिलिपि सहितको हस्ताक्षर,

३.५ २१ जनाको केन्द्रीय समितिको व्यवस्था लगायत

३.६ माथि उल्लेख भए बमोजिम प्रतिबद्धता जनाउने व्यक्तिले अर्को दलको सदस्य नभएको भनी गरेको उद्घोषण पत्र ।

देहायको कुनै अवस्थामा दल दर्ता हुन सक्ने छैन :

१. दलले संविधानको धारा २६९ को उपधारा (४) बमोजिमको शर्त (लोकतान्त्रिक विधान, प्रत्येक पाच बर्षमा विभिन्न तहको पदाधिकारीको निर्वाचन तथा समावेशी प्रतिनिधित्वको व्यवस्था) पुरा नगरेको भएमा,

२. दलको नाम, उद्देश्य, चिन्ह, झण्डा, विधान, नियमावली तथा काम, कारबाही धार्मिक वा साम्प्रदायिक एकतामा खलल पार्ने वा देशलाई विखण्डित गर्ने प्रकृतिको रहेछ भने (संविधानको धारा २६९ को उपधारा (५), तथा कुनै एक समुदाय वा धर्मका मानिसहरू मात्र समावेश हुन पाउने व्यवस्था भएको (धारा २७० को उपधारा २)

३. दलको सदस्यता प्राप्त गर्न नेपालका नागरिकलाई धर्म, जात, जाति, सम्प्रदाय, भाषा वा लिËको आधारमा बन्देज लगाइएको, बञ्चित गरेको वा विभेद गरेको देखिएमा,

४. दलको नाम वा चिन्ह आयोगमा दर्ता कायम रहेको दलको नाम वा चिन्हसाग मिल्ने भएमा,

५. दलको नाम, उद्देश्य, चिन्ह वा झण्डा नेपालको धार्मिक वा साम्प्रदायिक एकतालाई खलल पार्ने वा विखण्डित गर्ने प्रकृतिको भएमा वा सार्वजनिक नैतिकता प्रतिकूल हुने भएमा,

६. आयोगले माग गरेको विवरण वा कागजात उपलब्ध नगराएमा वा पदाधिकारी वा सदस्यको हस्ताक्षर सनाखत हुन नसकेमा ।

कुनै कारणबाट दल दर्ता गर्न नसकिने भएमा आयोगले त्यसको कारण खुलाई पन्ध्र दिनभित्र दल दर्ताको लागि सुधारसहितको विवरण आयोगमा पेश गर्न सम्बन्धित निवेदकलाई सूचना दिन सक्नेछ । यस अवधिभित्र त्यस्तो विवरण प्राप्त भएमा र आयोग त्यसमा सन्तुष्ट भएमा आयोगले दल दर्ता गरी निवेदकलाई त्यसको

प्रमाणपत्र दिनेछ र दल दर्ता हुन नसक्ने भएमा त्यसको कारण खुलाई निवेदकलाई जानकारी दिनेछ ।

कुनै दलले आँनो दलको दर्ता खारेज गर्न चाहेमा दर्ता खारेजीको लागि विधान बमोजिम केन्द्रीय समितिबाट निर्णय गरी आयोग समक्ष निवेदन दिनु पर्नेछ । यसरी निवेदन प्राप्त भएमा आयोगले तोकिए बमोजिम अध्ययन र जाचबुझ गरी त्यस्तो दलको दर्ता खारेज गर्नेछ ।

### २.२.५ दल दर्ता कायम नरहने

कुनै दलले सङ्घीय कानून बमोजिम आयोगलाई बुझाउनु पर्ने विवरण वा प्रतिवेदन नबुझाएमा तथा संविधान वा सङ्घीय कानून बमोजिम दल दर्ता हुन पूरा गर्नुपर्ने शर्त पूरा नगरेमा त्यस्तो दलको दर्ता कायम रहने छैन ।

कुनै दलले सङ्घीय कानून बमोजिम आयोगलाई बुझाउनु पर्ने विवरण वा प्रतिवेदन नबुझाएमा तथा संविधान वा सङ्घीय कानून बमोजिम दल दर्ता हुन पूरा गर्नुपर्ने शर्त पूरा नगरेमा त्यस्तो दलको दर्ता कायम रहने छैन ।

दलको सदस्यता तथा संगठनात्मक संरचना :

सदस्यता

१. कुनै पनि दलको सदस्यता पाउन १८ वर्षको उमेर हुनु पर्ने,

२. नैतिक पतन देखिने फौजदारी कसूरमा कैदको सजाय नपाएको (भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचविखन तथा ओसारपसार, लागूऔषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, अपहरण सम्बन्धी कसूर आदी )

३. कुनै सरकारी पदमा बहालमा नभएको व्यक्ति हुनु पर्ने छ ।

४. प्रत्येक दलले आफूले वितरण गरेको सदस्यको विवरण अद्यावधिक गरी राख्नु पर्नेछ । विवरण राख्दा विधान बमोजिम स्थानीय तह, प्रदेश तह र केन्द्रीय तहमा राख्नु पर्नेछ

### २.२.६ संगठनात्मक संरचना

१. दलको सËठनात्मक संरचना तथा पदाधिकारी सम्बन्धी व्यवस्था विधानमा उल्लेख भए बमोजिम हुनेछ ।

२. सËठनात्मक संरचनाको व्यवस्था गर्दा कम्तीमा स्थानीय तह, प्रदेश तह र केन्द्रीय तहमा कार्यकारी अधिकार प्रयोग गर्न सक्ने समिति रहने गरी गर्नु पर्नेछ ।

३. विधान बमोजिम निर्वाचन, मनोनयन वा नियुक्ति गर्दा नेपालको सामाजिक विविधता प्रतिबिम्बित हुने गरी आँना सदस्यहरू मध्येबाट त्यस्ता समितिमा

समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिता हुने व्यवस्था गर्नु पर्नेछ ।

४. दलको सबै  तहको समितिमा कम्तीमा एक तिहाई महिला सदस्य हुने व्यवस्था गर्नु पर्नेछ

सङ्घीय र प्रदेश तहका समिति सम्बन्धी व्यवस्था :

१. दलको सङ्घीय तहमा रहने केन्द्रीय समिति तथा प्रदेश तहमा रहने प्रदेश समितिमा प्रत्येक पदाधिकारीको निर्वाचन दलको विधानमा व्यवस्था भए बमोजिम प्रत्येक पाच वर्षमा कम्तीमा एक पटक गर्नु पर्नेछ ।

२. नयाा समितिको विवरण निर्वाचन भएको मितिले एक महिनाभित्र आयोगलाई उपलब्ध गराउनु पर्दछ ।

३. विशेष परिस्थिति उत्पन्न भई पाच वर्षभित्रमा त्यस्ता पदाधिकारीको निर्वाचन सम्पन्न हुन नसक्ने भएमा विधानमा व्यवस्था भए बमोजिम आयोगलाई जानकारी गराई त्यस्तो अवधि पुरा भएको मितिले छ महिनाभित्र त्यस्ता पदाधिकारीको निर्वाचन गर्नु पर्नेछ ।

## सत्रः ३

# निर्वाचन प्रणाली, विभिन्न तहको निर्वाचन तथा समावेशिता

### ३.१ निर्वाचन प्रणाली (Electoral System)

**मतलाई सीटमा रूपान्तरण गर्ने विधि** (Votes into seats) **नै निर्वाचन प्रणाली हो ।लोकतन्त्रको सम्बर्द्धन र प्रबर्द्धनका लागि निर्वाचन प्रणालीको छनौट एक महत्वपूर्ण राजनीतिक निर्णय हो । निर्वाचन प्रणालीको छनौट गर्दा राज्यको परिस्थिति र परिवेश ( राजनीतिक, सामाजिक, भौगोलिक, जनसाङ्ख्कि र आर्थिक) लाई आधार मान्नु पर्दछ । यसरी छनौट गरिएको निर्वाचन प्रणालीले मतदाताले खसाएको मतलाई विजयी स्थानमा रूपान्तरण गर्दछ । कुनै निर्वाचन प्रणालीमा खसेको सदर मतलाई विजयी स्थानमा रूपान्तरण गर्न तोकिएका सूत्रहरूको समेत प्रयोग गर्ने गरिन्छ ।**

#### ३.१.१ निर्वाचन प्रणाली तय गर्दा आधार लिइने पक्षहरू :

- District magnitude ( **जिल्लाको भूगोल,जनसंख्या,फैलावट आदि**)
- Ballot structure( **मतपत्रको ढाचा**)
- Formula(**मतलाई सिटमा रूपान्तरण गर्ने सूत्र०**

**अन्य आधारहरू**

**(क) देशको भौगोलिक, सामाजिक,सांस्कृतिक र शैक्षिक स्थिति,**

**(ख) उपलब्ध प्राविधिक, प्रशासनिक तथा आर्थिक स्रोतहरू,**

**(ग) न्यूनतम सीमा (सिट निर्धारण गर्नका लागि न्यूनतम प्रतिशत मत आवश्यक पर्ने)**

**(घ) निर्वाचनमा प्रतिस्पर्धाको स्वरूप (राजनीतिक दलहरू वा स्वतन्त्र व्यक्तिहरू उम्मेद्वारहरू),**

**(ङ) मतपत्रको ढाचा,**

**(च) निर्वाचन सूत्र (…मतहरूÚ कसरी सिटमा रूपान्तरण गरिन्छ),**

**(छ) दर्ता भएका मतदाताहरूका आधारमा प्रतिनिधिहरूको अनुपात,**


**(ज) समावेशी व्यवस्था (महिला तथा अल्पसङ्ख्यकको प्रतिनिधित्वको सुनिश्चितता),**

**(झ) लोकतन्त्रको अवस्था ।**

कुनै पनि निर्वाचन प्रणाली आम मतदाता, निर्वाचन व्यवस्थापन गर्ने निकाय र सबैका लागि बुझ्न र प्रयोग गर्न सरल,राजनीतिक दल र जनतालाई स्वीकार्य,देशको आर्थिक, प्राविधिक र प्रशासकीय दृष्टिकोणबाट धान्न सक्ने,दिगो, स्थीर, प्रभावकारी र उत्तरदायी सरकारको प्रत्याभूत गर्न सक्ने,लोकतन्त्रलाई संस्थागत गर्ने,राजनीतिक प्रतिस्पर्धा, सहिष्णुता तथा बहुलबादलाई प्रबर्द्धन गर्ने एवं सामाजिक, सास्कृतिक र भौगोलिक समावेशीतालाई प्रतिनिधित्व गर्न सक्ने खालको हुनु पर्छ ।

### ३.२ निर्वाचन प्रणाली परिवार ९भमिअतयचबि क्थकतभक ँबmष्भिक0

संसारका विभिन्न मुलुकहरूले भिन्नाभिन्नै किसिमका निर्वाचन प्रणालीहरू अपनाई आएको पाइन्छ । हाल विश्वमा प्रचलनमा रहेका निर्वाचन प्रणाली परिवार तल चार्टमा




प्रस्तुत भए बमोजिम छन् ।

### ३.२.१ बढी मत/बहुमत प्रणाली (Plurality/Majority System)

बढी मत/बहुमत प्रणालीको विशिष्टता भनेको नै एक निर्वाचन क्षेत्रमा प्रयोग गर्नु हो । यस प्रणालीमा बढी मत र बहुमतमा रहेको भिन्नतालाई स्पष्टसंग बुझ्नु पर्दछ । । बढी मत भनेको निर्वाचनमा सबैभन्दा बढी मत (एक मत बढी) ल्याउने दल वा उम्मेदवार विजयी हुने हो भने बहुमत भनेको निर्वाचनमा कुनै दल वा उम्मेदवारले खसेको सदरमतको कम्तिमा ५० प्रतिशत र थप १ मत (५० प्रतिशत˙१) प्राप्त गरी विजयी घोषणा गर्ने प्रणाली हो । अत यस प्रणालीमाएकातिर बढी मत ल्याई विजयी हुने कुरा गरिन्छ भने अर्कोतिर बहुमत प्राप्त गरी विजयी हुने कुरा गरिन्छ ।

क)	पहिलो हुने निर्वाचित हुनेप्रणाली (First Past The Post - FPTP)

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बढीमत/बहुमत निर्वाचन प्रणालीको सबैभन्दा सरल रूप हो । सदर मतको पूर्ण बहुमत नभए पनि अरूभन्दा बढी मत प्राप्त गर्ने उम्मदेवार विजयी हुन्छ । यो प्रणाली एक सदस्यीय निर्वाचन क्षेत्रमा प्रयोग गरिन्छ र यसमा मतदाताले राजनीतिक दललाई नभई उम्मेदवारलाई मत दिन्छन् ।

ख)	दुई चरण प्रणाली (Two Round System - TRS)

यस प्रणाली अन्तर्गत विभिन्न चरणमा निर्वाचन हुन्छ । पहिलो चरणको निर्वाचनमा कुनै उम्मेदवार वा दलले निर्धारित मत पूर्ण बहुमत (पचास प्रतिशत र थप एक (५० प्रतिशत+१) मत प्राप्त गर्न नसकेमा दोस्रो पटक निर्वाचन गरिन्छ । दोस्रो चरणको निर्वाचनमा पहिलो चरणमा प्रतिस्पर्धामा रहेका अन्य उम्मेदवारलाई हटाइ सबैभन्दा बढी मत ल्याउने क्रमशः पहिलो र द्रोस्रो दुई उम्मेदवारबीच मात्र प्रतिस्पर्धा गराइन्छ। ती दुईमध्ये जसले पचास प्रतिशतभन्दा बढी मत प्राप्त गर्छ उही विजयी घोषित गरिन्छ ।

ग)	वैकल्पिक मत(Alternative Vote - AV/Preferential Voting System)

यस प्रणाली अन्तर्गत मतदाताहरूले आँनो प्राथमिकता दर्शाउन मतपत्रमा अङ्कको प्रयोग गर्दछन् । प्रथम प्राथमिकताको सदर मतपत्रको पूर्ण बहुमत ( पचास प्रतिशत र थप एक मत) ल्याउने उम्मेदवार विजयी भएको घोषणा गरिन्छ । कुनै उम्मेदवारले प्रथम प्राथमिकताको पूर्ण बहुमत प्राप्त गर्न नसकेमा कम मत ल्याउने उम्मेदवारलाई सूचीबाट क्रमशः हटाईन्छ र तिनका बाकी सदरमत कुनै एक उम्मेदवारले पूर्ण बहुमत नल्याएसम्म पुनः वितरण गरिन्छ ।

घ)	एकमुष्ट मत (Block Vote - BV)

मतदातालाई आँनो निर्वाचन क्षेत्रबाट जति स्थान निर्वाचन गर्नुपर्ने हुन्छ त्यति नै स्थानकालागि मतदान गर्ने अधिकार प्राप्त हुन्छ र जुनसुकै दलसाग सम्बन्धित भए पनि मतदाताहरू उम्मेदवारहरूलाई मतदान गर्न स्वतन्त्र रहन्छन् । बढी मत ल्याउन सफल आवश्यक निर्वाचित हुने स्थान वा सङ्ख्याका उम्मेदवारलाई विजयी घोषणा गरिन्छ ।

ङ)	दलगत एकमुष्ट मत (Party Block Vote - PBV)

यस प्रणालीमा मतदाताहरूले आफूलाई मन परेको एउटा दललाई मतदान गर्दछन् तर उम्मेदवारहरूलाई मतदान गर्दैनन् । सबैभन्दा बढी मत प्राप्त गर्ने दलले निर्वाचन क्षेत्रका सवै स्थान दयिअप मा (एकमुष्ट) जित्ने गर्दछन् ।

### ३.२.२ समानुपातिक प्रतिनिधित्व प्रणाली (Proportional Representation - PR)

यस निर्वाचन प्रणालीअन्तर्गत बहुनिर्वाचन क्षेत्रबाट प्राप्त सदरमतको प्रतिशतको आधारमा दल वा उम्मेदवारलाई स्थान तोकिन्छ । यस प्रणाली अन्तर्गत सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व र एकल संक्रमणीय निर्वाचन प्रणाली पर्दछन् ।

## क) सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व (List Proportional Representation)

यस प्रणाली अन्तर्गत निर्वाचनमा सहभागी हुने प्रत्येक दलले निर्वाचन क्षेत्रको लागि उम्मेदवारहरूको सूची प्रस्तुत गर्दछन् । मतदाताहरूले दलका निम्ति मतदान गर्दछन र दलहरूले पाएको मतको सम्पूर्ण हिस्साको अनुपातमा स्थान वितरण गरिन्छ । यो प्रणालीमा प्रचलनमा आएका सूचीहरू मध्ये बन्द सूची र खुला सूचीका नामले बढी परिचित छन् ।

### बन्द सूची(Close List)

*सम्पूर्ण मुलुकलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका निमित्त महिला, दलित, उत्पीडित जाति/आदिवासी जनजाति, पिछडिएको क्षेत्र, मधेसी, खस आर्य तथा अन्य समूह समेतको समानुपातिक प्रतिनिधित्व हुने गरी राजनीतिक दलले उम्मेदवारको नाम समावेश गरी आयोग समक्ष पेश गरेको सूची नै उम्मेदवारको बन्दसूची हो ( हाम्रो देशको सन्दर्भमा आयोग समक्ष पेश भएको अन्तिम बन्दसूचीमा रहेका नाम उपर कसैले थपघट वा परिवर्तन गर्न नपाउने हुनाले यसलाई बन्दसूची भनिएको हो )। तर यस्तो बन्दसूची भन्नाले खामबन्दी वा गोप्य भन्ने अर्थ लिनु हुादेन । उम्मेदवारको बन्दसूचीमा रहेको नामावली निर्वाचन व्यवस्थापन निकायले सार्वजनिक गर्नेछ ।*

### खुला सूची (Open List)

*खुला सूचीः समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत प्रयोग गरिने एक स्वरूप हो, जसमा मतदाताले दल वा समूह दुवैलाई एउटामा प्राथमिकता प्रकट गर्न सक्छन् वा कुनै समयमा दल वा समूह भित्रका उम्मेदवारहरूलाई प्राथमिकता तोकि मत प्रकट गर्न पाउने अधिकार प्रदान गरिन्छ । यस सम्बन्धमा दलको तर्फबाट उम्मेदवारहरूको सूची प्रस्तुत गर्दा नै निर्वाचित हुने उम्मेदवारको प्राथमिकताक्रम निर्धारण गरी पेश गरिन्छ र जुन कुरा मतदातालाई अग्रिम जानकारी हुन्छ ।*

## ख) एकल सङ्क्रमणीय मत (Single Transferable Vote - STV)

यस प्रणाली अन्तर्गत मतदाताले बहुसदस्यीय निर्वाचन क्षेत्रका उम्मेदवारहरूको क्रम निर्धारण गर्दछन् । जस अनुसार पहिलो प्राथमिकता बमोजिम मत प्राप्त गर्ने उम्मेदवार तत्कालै विजयी घोषणा गरिन्छ ।

त्यसपछिको प्रक्रियामा कम मत प्राप्त गर्ने उम्मेदवारहरूलाई क्रमशः सूचीबाट हटाइन्छ र त्यस्ता उम्मेदवारहरूको मत अर्को उम्मेदवार विजयी हुने संभावना नभएसम्म पुनः वितरण गरिन्छ । यस प्रणालीमा निर्वाचित हुने कोटा निर्धारणको लागि देहायको सूत्र प्रयोग गरिन्छ ।

$$\text{कोटा} = \frac{\text{मत संख्या}}{\text{निर्वाचन गर्नुपर्ने स्थान} + १} + १$$

### ३.२.३ मिश्रित प्रणाली (Mixed Systems)

यस प्रणालीअन्तर्गत बढी मत/बहुमत प्रणाली र समानुपातिक प्रणालीका राम्रा राम्रा गुणहरूलाई समेटर प्रतिनिधिको चयन गरिन्छ । यदि माथिका दुई प्रणालीलाई छुट्टाछुट्टै आधार मानी प्रतिनिधिहरूको चयन हुन्छ भने त्यसलाई मिश्रित प्रणाली भनिन्छ । नेपालले दुवै संविधानसभा सदस्य निर्वाचन तथा बि.सं. २०७४ मा सम्पन्न प्रतिनिधि सभा र प्रदेशसभा सदस्य निर्वाचनमा मिश्रित निर्वाचन प्रणाली अपनाएको थियो ।

**क) मिश्रित सदस्य समानुपातिक(Mixed Member Proportional - MMP)**

यस प्रणाली अन्तर्गत मतदाताहरूबाट अभिव्यक्त हुने छनौटलाई दुई भिन्न प्रणालीहरू (१) सूचीमा आधारित निवार्चन प्रणाली र (२) बढी मत/बहुमत प्रणाली मार्फत् प्रतिनिधिहरू निवार्चन गर्ने गरिन्छ । जसमा बढीमत/बहुमत प्रणालीबाट हुन गएको निर्वाचन परिणामको अमिल्दो अनुपातको लागि सूचीमा आधारित समानुपातिक प्रणालीले क्षतिपूर्ति दिनुपर्ने हुन्छ ।

**ख) समानान्तर (Parallel)**

समानान्तर प्रणालीमा समानुपातिक र बढीमत/बहुमत प्रणाली दुवैका विशेषताहरू समावेश हुन्छन् तर मिश्रित सदस्यीय समानुपातिक प्रणालीको विपरित यस प्रणालीले बढीमत/बहुमतमा आधारित निर्वाचन क्षेत्र भित्रको कुनै अमिल्दो अनुपात वापत क्षतिपूर्ति दिंदैन । यो व्यवस्था नेपालको संविधान, २०७२ मा समेत गरिएको छ ।

### ३.२.४ अन्य प्रणाली (Others)

माथिका तीन वटा निर्वाचन प्रणाली अन्तर्गत नपरेका एकल असङ्क्रमणीय मत, सीमित मत, र प्राथमिकता गणना मतलाई यस प्रणाली अन्तर्गत समावेश गरिएको छ ।

#### क) एकल असङ्क्रमणीय मत (Single Non Transferable Vote - SNTV)

यस प्रणाली अन्तर्गत बहुसदस्यीय निर्वाचन क्षेत्रमा मतदाताले एकल सदस्यीय केन्द्रित सिद्धान्त अनुसार एउटा उम्मेदवारलाई मात्र मतदान गर्दछन् । यस क्रममा सबैभन्दा बढी मत ल्याउने उम्मेदवारलाई विजयी घोषणा गरिन्छ ।

**ख)** **सीमित मत (Limited Vote)**

**यस प्रणाली अन्तर्गत मतदातालाई एकभन्दा बढी तर निर्वाचित गरिनु पर्नेभन्दा कम मताधिकार दिइन्छ । एकमुष्ठ मत र एकल असङ्क्रमणीय मत प्रणालीमा जस्तै यस प्रणाली अन्तर्गत पनि कूल सदर मतमा सबैभन्दा बढी मत ल्याउने उम्मेदवारलाई विजयी घोषणा गरिन्छ ।**

**ग)** **प्राथमिकता गणना(Modified Borda Count)**

**एकल वा बहुसदस्यीय निवार्चन क्षेत्रमा प्रयोग हुने उम्मेदवार केन्द्रित प्राथमिकता प्रणाली हो । जसमा मतदाताले उम्मेदवार चयन गर्न मतपत्रमा प्राथमिकता तोक्न अंक दिन्छन् । यसरी प्राथमिकताको आधारमा दिएको अंकलाई १, २, ३ को मूल्यबाट हिसाव गरी बढी मूल्यमत ल्याउने उम्मेदवारलाई विजयी घोषणा गरिन्छ ।**

## ३.३ निर्वाचन प्रणालीका विशेषता र उदाहरणहरू

| निर्वाचन प्रणालीका परिवार | आधारभूत गुणहरू | निर्वाचन प्रणाली | देश र निर्वाचन प्रणाली |
|---|---|---|---|
| **बढी मत बहुमत** Plurality /Majority | **निर्वाचन क्षेत्रबाट सबभन्दा बढी सदर मत प्राप्त गरी निर्वाचित हुने उम्मेदवार** | **पहिलो हुने निर्वाचित हुने** (FPTP) | **भारत, केन्या, मलेसिया, बेलायत, अमेरिका र नेपाल** |
| | | **एकमुष्ठ मत र दलगत एकमुष्ट मत**(Block Vote -BV and Party Block Vote -PBV) | **लाओस, सिरिया, सिंगापुर, क्यामरुन** |
| | | **वैकल्पिक मत** (Alternative Vote - AV/Preferential Voting System) | **अष्ट्रेलिया (तल्लो सदन), फिजी** |
| | | **दुई चरण प्रणाली**९त्च्क० | **फ्रान्स, इरान, हैटी, किर्गिस्तान, माल्दिभ्स** |
| **समानुपातिक प्रतिनिधित्व** Proportional Representation (PR) | **सबै निर्वाचन क्षेत्रबाट कुनै दलले प्राप्त गरेको मतको हिस्सा सोही बराबरको अनुपातमा निर्धारित स्थानमा रूपान्तरण गर्ने** | **बन्द सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व** (List proportional representation - Closed List ) | **कम्बोडिया, निकारागुवा, दक्षिण अफ्रिका, स्वीडेन, नेपाल** |
| | | **खुला सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व** (List of Proportional Representation - Open List) | **श्रीलंका (बन्द सूची वा खुला) डेनमार्क, इण्डोनेशिया, नेदरल्याण्ड** |

| | | | |
|---|---|---|---|
| | | **एकल सङ्क्रमणीय मत** (Single Transferable Vote - STV) | **अष्ट्रेलिया (माथिल्लो सदन) आयरल्यान्ड, माल्टा** |
| **मिश्रित प्रणाली** (Mixed System) | **बढी मत/बहुमत निर्वाचन प्रणाली र समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणाली दुवैका सकारात्मक गुणहरूलाई मिलाई उपयोग गरिने प्रणाली हो ।** | **मिश्रित सदस्य समानुपातिक** (Mixed Member Proportional - MMP) | **बोलिभिया, जर्मनी, हंगेरी, भेनेजुयला** |
| | | **समानान्तर** (Parallel) | **जापान, पाकिस्तान, फिलिपिन्स, रसिया, सेनेगल, युक्रेन** |
| **अन्य** (Others) | **माथि उल्लेख गरिएका निर्वाचन प्रणाली अन्तर्गत नपर्ने प्रणालीहरू** | **एकल असङ्क्रमणीय मत** (Single Non Transferable Vote - SNTV) | **अफगानिस्तान, जोर्डन, भानुआतु** |
| | | **सुधारिएको प्राथमिकता गणना** (Modified Borda Count) | **नाउरू** |
| | | **सीमित मत** (Limited Vote) | **जिब्राल्टार, स्पेन ( माथिलो सदन)** |

**निर्वाचन प्रणालीका आ आफ्नै किसिमका विशेषताहरू हुन्छन् । माथि उल्लेखित सबै निर्वाचन प्रणालीका फाईदा र बेफाईदा उल्लेख नगरिकन आम मतदाताको सहभागितामा सम्पन्न हुने हाल नेपालमा प्रचलनमा रहेका देहायका दुई निर्वाचन प्रणालीहरूको फाईदा बेफाईदा संक्षेपमा तल उल्लेख गरिएको छ ।**

| **पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली** | |
|---|---|
| **फाईदाहरू** | **बेफाइदाहरू** |
| **१. मतदान एवं मतगणना गर्न सजिलो र सरल** | **१. जनसाङ्ख्यिक बनौट अनुसारकै प्रतिनिधित्व हुने न्यून संभावना** |
| **२. उम्मेदवार रमतदाताको बीचमा प्रत्यक्ष सम्बन्ध रहने** | **२. बढी मत खेर जाने** |
| **३. बहुमत ल्याएपछि सरकार चलाउन वैधानिकता प्राप्त हुन** | **३. राजनीतिक दलले पाएको मत अनुसार स्थान नपाउने** |
| **४. स्वतन्त्र उम्मेदरवारले पनि निर्वाचनमा भाग लिन पाउने,** | **४. धेरै मत पाएर पनि उम्मेदवारले पराजय भोग्नु पर्ने** |

| | |
|---|---|
| ५. क्षेत्रीय र स्थानीय राजनीतिक दलहरूले पनि शासन सत्तामा सहभागी हुन सक्ने, | ५. महिला र पिछडिएको वर्गको प्रतिनिधित्वको न्यून संभावना |
| ६. एउटा दलले बहुमत ल्याएपछि स्थिर सरकार बन्न सक्ने | ६. खर्चिलो र भड्किलो हुने संभावना । |
| **समानुपातिक निर्वाचन प्रणाली** | |
| **फाइदाहरू** | **बेफाइदाहरू** |
| (क) मत कम खेर जाने, | (क) कोटा बमोजिमको उम्मेदवारी दिन, पहिचान गर्न  कठीन, |
| (ख) राज्यको जनसासङख्यिक बनोट अनुसारको प्रतिनिधित्व(महिला तथा पिछडिएका वर्ग, क्षेत्र, अल्पसङ्ख्यक र जातजातिको प्रतिनिधित्व हुने), | (ख) मतबाट सिटमा रूपान्तरण गरिने जटील प्रक्रिया |
| (ग) राजनीतिक दललाई बलियो बनाउने, | (ग) उम्मेदवार र जनताबीचको प्रत्यक्ष सम्बन्ध नरहने, |
| (घ) चुनावमा भाग लिने अधिकांश राजनीतिक दलहरूको प्रतिनिधित्व हुने । | (घ) उम्मेदवारको सूचीमा राजनीतिक दलको नियन्त्रण हुने हुादा जनताकोभन्दा दलको छनोट प्राथमिकतामा पर्ने । |

### ३.४ नेपालको संविधानले व्यवस्था गरेको निर्वाचन तथा निर्वाचन प्रणाली

नेपालको संविधानले राज्य सञ्चालनको तीन तह (संघीय, प्रदेश र स्थानीय) निर्धारण गरेको छ । यस अनुसार तीन तहको सरकारको निर्वाचन हुन्छ । त्यसै गरी संघीय संसद (राष्ट्रिय सभा र प्रतिनिधि सभा ) दुई सदनात्मक हुने भएकोले संघीय संसदका लागि राष्ट्रिय सभा र प्रतिनिधि सभाको अलग अलग निर्वाचन हुन्छ । राष्ट्र प्रमुख अर्थात राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन समेत निर्वाचन आयोगले नै गर्ने गरी तोकिएको छ । यसरी हेर्दा निर्वाचन आयोगले नेपालमा स्थानीय तह, प्रदेश सभा, प्रतिनिधि सभा, राष्ट्रिय सभा तथा राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन गर्नु पर्ने हुन्छ । यी हरेक निर्वाचनका लागि निर्वाचन प्रणाली तथा समावेशीताको सिद्धान्त पनि फरक फरक रहेको छ ।

*नेपालको संविधानले निर्वाचन आयोगले सञ्चालन गर्ने निर्वाचन बाहेकप्रतिनिधि सभाको सभामुख/उपसभामुख, राष्ट्रिय सभाको अध्यक्ष/उपाध्यक्ष तथा प्रदेश सभाको सभामुख/उप सभामुखको निर्वाचन समेत हुने व्यवस्था गरेको छ जसको निर्वाचन सम्बन्धित सभाले नै गर्नेछ तथापी यसमा समेत समावेशीताको सिद्धान्त अवलम्बन गर्नु पर्ने व्यवस्था छ ।*

### ३.४.१ राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन

**नेपालको संविधान धारा ६२ ले राष्ट्रपति तथा धारा ६९ ले उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी व्यवस्था गरेको छ । राष्ट्रपति र उपराष्ट्रपति पदको निर्वाचनमा दुई चरण निर्वाचन प्रणाली अपनाउने संवैधानिक व्यवस्था रहेको छ । जसमा राष्ट्रपतिको निर्वाचन प्रक्रिया नै उपराष्ट्रपतिको लागि समेत हुने व्यवस्था रहेको छ, जुन देहाय बमोजिम रहेको छ :**

(क) **राष्ट्रपतिको निर्वाचन संघीय संसदका सदस्य र प्रदेश सभाका सदस्य मतदाता रहेको निर्वाचक मण्डल** (Electoral College) **बाट हुनेछ । संघीय संसदका सदस्य र प्रदेश सभाका सदस्यको मतभार संघीय कानून बमोजिम फरक हुनेछ । यसमा राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन सम्बन्धी ऐन को दफा ५४ ले अनुसुचिमा तोकिए अनुसारको मतभार रहने व्यवस्था गरी अनुसुचिमा संघीय व्यवस्थापीका सदस्यको मतभार ७९ तथा प्रदेश सभा सदस्यको मतभार ४८ रहने व्यवस्था गरिएको छ ।**

(ख) **निर्वाचक मण्डलको कुल मतको बहुमत (५० प्रतिशत+१) प्राप्त गर्ने व्यक्ति राष्ट्रपति निर्वाचित हुने ।**

(ग) **यसरी निर्वाचन गर्दा कुनै उम्मेदवारले बहुमत प्राप्त गर्न नसकेमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई उम्मेदवारहरू बीच पुन मतदान हुनेछ र त्यस्तो मतदानमा कुल मतको पचास प्रतिशत भन्दा बढी (५० प्रतिशत+१) मत प्राप्त गर्ने उम्मेदवार राष्ट्रपति निर्वाचित हुने ।**

(घ) **कुनै उम्मेदवारले कुल मतको पचास प्रतिशतभन्दा बढी मत प्राप्त गर्न नसकेमा पुनः मतदान हुनेछ । त्यस्तो मतदानमा खसेको कुल सदर मतको बढी मत प्राप्त गर्ने उम्मेदवार राष्ट्रपति निर्वाचित हुने ।**

(ङ) **निर्वाचन, मनोनयन वा नियुक्ति हुने राजनीतिक पदमा बहाल रहेको व्यक्ति राष्ट्रपति निर्वाचित भएमा निजको त्यस्तो पद स्वतः रिक्त हुने व्यवस्था छ ।**

**स्पष्टोक्ती:** ***राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन बहुमतीय निर्वाचन प्रणालीबाट हुन्छ । यसको अर्थ निर्वाचक मण्डलको कुल मतको बहुमत प्राप्त गर्ने व्यक्ति निर्वाचित हुन्छ । जस्तै प्रतिनिधि सभाका २७५ जना र राष्ट्रिय सभाका ५९ गरी संघीय संसदका ३३४ जनाको मतभार ७९ ले कुल मत २६३८६ र सातवटै प्रदेशका कुल ५५० जनाको मतभार ४८ ले कुल मत २६४०० सदस्यको मतभारका आधारमा हुने मत ५२७८६ को आधा अर्थात २६३९३ मा १ बढी हुने गरी अर्थात २६३९४ मत ल्याउने व्यक्ति सामान्यतः राष्ट्रपति वा उपराष्ट्रपति पदमा निर्वाचित हुन्छन् ।***

राष्ट्रपतिको पदावधि निर्वाचित भएको मितिले पाच वर्षको हुन्छ । संविधान बमोजिम राष्ट्रपति र उपराष्ट्रपति पदको निर्वाचन फरक फरक लिंग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नु पर्ने व्यवस्था छ ।

राष्ट्रपतिको योग्यता : देहायको योग्यता भएको व्यक्ति राष्ट्रपति हुनका लागि योग्य हुने :-

(क) संघीय संसदको सदस्य हुन योग्य भएको,
(ख) कम्तीमा पैंतालिस वर्ष उमेर पूरा भएको, र
(ग) कुनै कानूनले अयोग्य नभएको ।
(घ) दुई पटक राष्ट्रपति निर्वाचित भइसकेको व्यक्ति राष्ट्रपतिको निर्वाचनमा उम्मेदवार हुन सक्ने छैन ।
राष्ट्रपति सम्बन्धी यही व्यवस्था उपराष्ट्रपतिका लागि समेत लागु हुन्छ ।

### ३.४.२ संघीय व्यवस्थापिकाको निर्वाचन

नेपालमा प्रतिनिधि सभा र राष्ट्रिय सभा गरी दुई सदनात्मक संघीय व्यवस्थापिका हुनेछ जसलाई संघीय संसद भनिन्छ ।

### क.प्रतिनिधि सभा

प्रतिनिधि सभाको निर्वाचन पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली गरी दुई निर्वाचन प्रणाली मार्फत हुने व्यवस्था रहेको छ । प्रतिनिधि सभामा देहाय बमोजिमका दुई सय पचहत्तर सदस्य रहन्छन् :-

नेपालको संविधानको धारा ८४ को उपधारा १ बमोजिम नेपाललाई भूगोल र जनसंख्याको आधारमा एक सय पैंसठ्ठी निर्वाचन क्षेत्र कायम गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एक जना रहने गरी पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने एक सय पैंसठ्ठी सदस्य र सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने एक सय दश सदस्य गरी प्रतिनिधि सभामा कुल २७५ सदस्य रहन्छन् ।

समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानून बमोजिम छ । त्यसरी उम्मेदवारी दिंदा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनु पर्छ । यसरी उम्मेदवारी दिादा प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन ,२०७४ मा देहाय अनुसार हुनु पर्ने व्यवस्था गरेको छ ।

| क्र.सं. | प्रतिनिधित्व हुने समूह | प्रतिशत |
|---|---|---|
| १ | दलित | १३.८ |

| | | |
|---|---|---|
| २ | आदिवासी जनजाति | २८.७ |
| ३ | खस आर्य | ३१.२ |
| ४ | मधेशी | १५.३ |
| ५ | थारु | ६.६ |
| ६ | मुस्लिम | ४.४ |

यसरी उम्मेदवारी दिदा कुल उम्मेदवारको कम्तिमा ५० प्रतिशत महिला उम्मेदवार हुनु पर्छ । राजनीतिक दलले उम्मेदवारी दिंदा अपांगता भएको व्यक्तिको समेत प्रतिनिधित्व हुने व्यवस्था गर्नु पर्छ । अठार वर्ष उमेर पूरा भएको प्रत्येक नेपाली नागरिकलाई संघीय कानून बमोजिम कुनै एक निर्वाचन क्षेत्रमामात्र मतदान गर्ने अधिकार छ ।

प्रतिनिधि सभाका सदस्यका लागि हुने निर्वाचनमा मतदान गर्न अधिकार पाएको र उम्मेदवारको लागि योग्यता पुगेको व्यक्ति संघीय कानूनको अधीनमा रही कुनै पनि निर्वाचन क्षेत्रबाट उम्मेदवार हुन पाउछ तर एउटै व्यक्ति एकभन्दा बढी निर्वाचन क्षेत्रमा एकै पटक उम्मेदवार हुन पाउदैन ।

संघीय संसदमा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनु पर्छ । त्यसरी निर्वाचित गर्दा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित सदस्यहरू मध्ये कुनै राजनीतिक दलको एक तिहाइ सदस्य महिला निर्वाचित हुन नसकेमा त्यस्तो राजनीतिक दलले समानुपातिक निर्वाचन प्रणाली बमोजिम सदस्य निर्वाचित गर्दा आँनो दलबाट संघीय संसदमा निर्वाचित हुने कुल सदस्यको कम्तीमा एक तिहाइ महिला सदस्य हुने गरी निर्वाचित गर्नु पर्छ ।

**प्रतिनिधि सभा सभामुख**

*प्रतिनिधि सभाको पहिलो बैठक प्रारम्भ भएको मितिले पन्ध्र दिनभित्र प्रतिनिधि सभाका सदस्यहरुले आफूमध्येबाट प्रतिनिधि सभाको सभामुख र उपसभामुखको निर्वाचन गर्दछन् । सभामुख र उपसभामुखको निर्वाचन गर्दा प्रतिनिधि सभाको सभामुख र उपसभामुख मध्ये एक जना महिला हुने गरी गर्नु पर्छ ।*

संघीय संसदको सदस्यका लागि देहायको योग्यता भएको व्यक्ति हुन योग्य हुन्छ :

(क) नेपालको नागरिक,

(ख) पच्चीस वर्ष उमेर पूरा भएको,

(ग) नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय नपाएको,

(घ) कुनै संघीय कानूनले अयोग्य नभएको, र

(ङ) कुनै लाभको पदमा बहाल नरहेको ।

'लाभको पद' भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पद बाहेक सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने अन्य पद सम्झनु पर्छ ।

च) कुनै पनि व्यक्ति एकै पटक दुवै सदनको सदस्य हुन सक्ने छैन ।

छ) निर्वाचन, मनोनयन वा नियुक्ति हुने राजनीतिक पदमा बहाल रहेको व्यक्ति यस भाग बमोजिम संघीय संसदको सदस्य पदमा निर्वाचित वा मनोनीत भएमा संघीय संसदको सदस्य पदको शपथ ग्रहण गरेको दिनदेखि निजको त्यस्तो पद स्वतः रिक्त हुन्छ ।

## ख. राष्ट्रिय सभाको निर्वाचन

- राष्ट्रिय सभा एक स्थायी सदन हो । राष्ट्रिय सभामा देहाय बमोजिमका उनान्साठी सदस्य रहन्छन् :
  - (क) प्रदेश सभाका सदस्य, गाउपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डल (Electoral Collage) द्वारा संघीय कानून बमोजिम प्रदेश सभाका सदस्य, गाउपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको मतको भार फरक हुने गरी (प्रदेश सभा सदस्यको मतभार ४८ र स्थानीय तहका प्रमुख उपप्रमुखको मतभार १८) प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला, एक जना दलित र एक जना अपांगता भएका व्यक्ति वा अल्पसंख्यक सहित आठ जनाका दरले निर्वाचित छपन्न जना ।
  - (ख) नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत कम्तीमा एक जना महिला सहित तीन जना ।
- राष्ट्रिय सभाका सदस्यहरूको पदावधि छ वर्षको हुन्छ । राष्ट्रिय सभाका एक तिहाइ सदस्यको पदावधि प्रत्येक दुई वर्षमा समाप्त हुन्छ । संविधान प्रारम्भ भएपछि पहिलो पटक सदस्यको पदावधि कायम गर्दा गोला प्रथाद्वारा एक तिहाइको दुई वर्ष, अर्को एक तिहाइको चार वर्ष र बाकी एक तिहाइको छ वर्षको हुने गरी पदावधि कायम गरिन्छ ।
- संविधान प्रारम्भ भएपछि राष्ट्रिय सभाका सदस्यको पहिलो पटक पदावधि गणना गर्दा राष्ट्रिय सभाको प्रथम बैठक बसेको दिनबाट सम्पूर्ण सदस्यहरूको पदावधि प्रारम्भ भएको मानिन्छ ।

- राष्ट्रिय सभाको रिक्त हुन आउने स्थानको पूर्ति त्यस्तो स्थान रिक्त गर्ने सदस्यको निर्वाचन वा मनोनयन जुन तरीकाले भएको थियो सोही तरीकाले बाकी अवधिका लागि गरिन्छ ।

राष्ट्रिय सभा सदस्यमा दलित तथा अपांग वा पिछडिएको वर्गका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तथा तीन जना महिला र तीन जना खुल्ला सदस्यका लागि एकल संक्रमणीय प्रणाली गरी दुई प्रकारको निर्वाचन प्रणाली अपनाइएको छ । राष्ट्रिय सभा सदस्य निर्वाचन अध्यादेश, २०७४ को दफा ३ को उपदफा १ र २ ( कुनै समुहबाट एक भन्दा बढी सदस्य निर्वाचित गर्नु पर्नेमा एकल संक्रमणीय र एक सदस्यमात्र निर्वाचित गर्नु पर्नेमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अपनाइने उल्लेख छ ।)

*राष्ट्रिय सभा अध्यक्ष*

*राष्ट्रिय सभाको पहिलो बैठक प्रारम्भ भएको मितिले पन्ध्र दिनभित्र राष्ट्रिय सभाका सदस्यहरुले आफूमध्येबाट राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्षको निर्वाचन गर्छन् । अध्यक्ष र उपाध्यक्षको निर्वाचन गर्दा राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष मध्ये एक जना महिला हुने गरी गर्नु पर्छ ।*

राष्ट्रिय सभाको सदस्यका लागि देहायको योग्यता भएको व्यक्ति योग्य हुन्छ :

(क) नेपालको नागरिक,

(ख) पैंतीस वर्ष उमेर पूरा भएको,

(ग) नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय नपाएको,

(घ) कुनै संघीय कानूनले अयोग्य नभएको,

(ङ) कुनै लाभको पदमा बहाल नरहेको

'लाभको पद' भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पद बाहेक सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने अन्य पद सम्झनु पर्छ ।

च) कुनै पनि व्यक्ति एकै पटक दुवै सदनको सदस्य हुन सक्ने छैन ।

निर्वाचन, मनोनयन वा नियुक्ति हुने राजनीतिक पदमा बहाल रहेको व्यक्ति यस भाग बमोजिम संघीय संसदको सदस्य पदमा निर्वाचित वा मनोनीत भएमा संघीय संसदको सदस्य पदको शपथ ग्रहण गरेको दिनदेखि निजको त्यस्तो पद स्वतः रिक्त हुन्छ ।

### ३.४.३प्रदेश व्यवस्थापिका

(१) प्रदेशको व्यवस्थापिका एकसदनात्मक हुनेछ जसलाई प्रदेश सभा भनिनेछ । प्रत्येक प्रदेश सभामा देहाय बमोजिमको संख्यामा सदस्य रहनेछन् :

(क) सम्बन्धित प्रदेशबाट प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने सदस्य संख्याको दोब्बर संख्यामा हुन आउने सदस्य,

| प्रदेश | प्रदेश सभा निर्वाचन क्षेत्र | | |
|---|---|---|---|
| | पहिलो हुने निर्वाचित हुने | समानुपातिक | प्रदेश सभाको जम्मा |
| १ | ५६ | ३७ | ९३ |
| २ | ६४ | ४३ | १०७ |
| ३ | ६६ | ४४ | ११० |
| ४ | ३६ | २४ | ६० |
| ५ | ५२ | ३५ | ८७ |
| ६ | २४ | १६ | ४० |
| ७ | ३२ | २१ | ५३ |
| जम्मा | ३३० | २२० | ५५० |

(ख) माथि बमोजिम कायम हुने सदस्य संख्यालाई साठी प्रतिशत मानी बाकी चालीस प्रतिशतमा समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने सदस्य ।

(२) यस बमोजिम निर्वाचनका लागि भूगोल र जनसंख्याको आधारमा संघीय कानून बमोजिम निर्वाचन क्षेत्र कायम गरिन्छ ।

(३) प्रदेश सभाका साठी प्रतिशत सदस्यहरू पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम र चालीस प्रतिशत सदस्यहरू समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुन्छन् ।

(४) समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदाय समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व हुने व्यवस्था संघीय कानून बमोजिम हुन्छ । त्यसरी उम्मेदवारी दिंदा सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलनलाई समेत ध्यान दिनु पर्छ ।

(५) राजनीतिक दलले उम्मेदवारी दिंदा अपांगता भएका व्यक्तिको समेत प्रतिनिधित्व हुने व्यवस्था गर्नु पर्छ ।

(६) प्रदेश सभाको कार्यकाल छ महीना भन्दा बढी अवधि बाकी छ्दै कुनै सदस्यको स्थान रिक्त भएमा त्यस्तो स्थान जुन निर्वाचन प्रणालीबाट पूर्ति भएको थियो सोही प्रक्रियाद्वारा पूर्ति गरिन्छ ।

(७) प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनु पर्छ ।

(८) एउटै व्यक्ति एक भन्दा बढी निर्वाचन क्षेत्रमा एकै पटक उम्मेदवार हुन पाउदैन ।

हरेक प्रदेशको समानुपातिक सदस्यको उम्मेदवारी दिादा हरेक समुहमा कम्तिमा ५० प्रतिशत महिला उम्मेदवारी दिनु पर्ने व्यवस्था छ । त्यसै गरी हरेक प्रदेशमा समानुपातिक निर्वाचनका लागि फरक फरक सिट निर्धारण गरिएको छ ।

हरेक समुहबाट कम्तिमा पचास प्रतिशत महिला उम्मेदवारी दिनु पर्ने प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनु पर्छ । त्यसरी निर्वाचित गर्दा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार निर्वाचित सदस्यहरू मध्ये कुनै राजनीतिक दलको एक तिहाइ सदस्य महिला निर्वाचित नभएमा त्यस्तो राजनीतिक दलले समानुपातिक निर्वाचन प्रणाली बमोजिम सदस्य निर्वाचित गर्दा आानो दलबाट प्रदेश सभामा निर्वाचित हुने कुल सदस्यको कम्तीमा एक तिहाइ महिला सदस्य हुने गरी निर्वाचित गर्नु पर्छ ।( धारा १७६ उपधारा ९)

**प्रदेश सभामुख**

***नेपालको संविधानको धारा १८२ उपधारा २ बमोजिम प्रदेश सभाको पहिलो बैठक प्रारम्भ भएको मितिले पन्ध्र दिनभित्र प्रदेश सभाका सदस्यहरुले आफूमध्येबाट प्रदेश सभामुख र प्रदेश उपसभामुखको निर्वाचन गर्दछन् । प्रदेश सभामुख र प्रदेश उपसभामुख निर्वाचन गर्दा प्रदेश सभामुख वा प्रदेश उपसभामुख मध्ये एक जना महिला हुने गरी गर्नु पर्छ ।***

प्रदेश सभाको सदस्यका लागि देहायको योग्यता भएको व्यक्ति योग्य हुन्छ :-

(क) नेपाली नागरिक,
(ख) सम्बन्धित प्रदेशको मतदाता रहेको,
(ग) पच्चीस वर्ष उमेर पूरा भएको,
(घ) नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय नपाएको,
(ङ) कुनै कानूनले अयोग्य नभएको, र
(च) कुनै लाभको पदमा बहाल नरहेको ।

'लाभको पद' भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पद बाहेक सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने अन्य पद सम्झनु पर्छ
निर्वाचन, मनोनयन वा नियुक्ति हुने राजनीतिक पदमा बहाल रहेको व्यक्ति यस भाग बमोजिम प्रदेश सभाको सदस्य पदमा निर्वाचित भएमा त्यस्तो पदको शपथ ग्रहण गरेको दिनदेखि निजको त्यस्तो पद स्वतः रिक्त हुन्छ ।

### ३.४.४. स्थानीय व्यवस्थापिका

संविधानको अधीनमा रही स्थानीय तहको व्यवस्थापिकीय अधिकार गाउ सभा र नगर सभामा निहित रहन्छ । गाउ सभा तथा नगर सभाको निर्वाचन देहाय बमोजिम हुन्छ :

**स्थानीय तह**

स्थानीय तह भन्नाले गाउपालिका, नगरपालिका तथा जिल्ला समन्वय समितिलाई जनाउने संवैधानिक व्यवस्था रहेको भए पनि स्थानीय सरकारको रूपमा गाउपालिका र नगरपालिका मात्र रहने संवैधानिक व्यवस्था रहेको छ । तथापी यी तिनै निकायको निर्वाचन संविधान बमोजिम हुन्छ ।

**(क) गाउँपालिका**

**गाउ सभाको गठन :**

(१) गाउ सभामा गाउ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष, सवै वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चारजना सदस्य तथा गाउसभाबाट निर्वाचित दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित २ जना समेत सदस्य रहन्छन् ।

(२) यसरी गठन हुने गाउ सभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुन्छ ।

(३) संघीय कानून बमोजिम गाउपालिकामा रहने प्रत्येक वडामा वडा अध्यक्ष र चारजना सदस्यहरू रहेको वडा समिति गठन हुन्छ । त्यस्तो वडा अध्यक्ष र वडा सदस्यको निर्वाचन पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुन्छ ।

गाउपालिकामा कम्तिमा ५ र बढीमा २१ वटा सम्म वडा रहन सक्ने कानुनी व्यवस्था रहेको छ ।
गाउपालिकामा गाउ सभा, गाउ कार्यपालिका र गाउ न्यायिक समिति रहने व्यवस्था छ । यी तीनवटै निकायको निर्वाचन हुन्छ । गाउ सभा र गाउ कार्यपालिकाको निर्वाचन निर्वाचन आयोगले गर्छ भने न्यायिक समितिको निर्वाचन सम्बन्धित सभाले गर्छ ।

गाउ सभाका लागि गाउपालिका अध्यक्ष, उपाध्यक्ष र हरेक वडामा एक जना अध्यक्ष तथा चार जना सदस्यको निर्वाचन प्रत्यक्षरूपले हुन्छ । यसमा सम्बन्धित वडाका मतदाताले गाउपालिका अध्यक्ष, उपाध्यक्ष र हरेक वडामा एक जना अध्यक्ष तथा चार

जनालाई मतदान गर्छन् । यसरी भएको निर्वाचनमा पहिलो हुने निर्वाचित हुने तथा बढी मत प्राप्त गर्ने निर्वाचित हुने निर्वाचन प्रणाली अपनाइन्छ ।

गाउा कार्यपालिकामा गाउा सभाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष पदेन सदस्य रहने व्यवस्था छ भने ४ जना महिला सदस्य गाउा सभाका सदस्यहरूले आफु मध्येबाट निर्वाचन गर्ने र दुई जना दलित वा पिछडिएको वर्गका सम्बन्धित गाउापालिका भित्र मतदाता नामावलीमा नाम समावेश भएका व्यक्तिहरू मध्येबाट गाउा सभाले निर्वाचन गर्ने व्यवस्था छ ।

गाउा न्यायिक समितिको संयोजकमा उपाध्यक्ष पदेन सदस्य रहने र अन्य दुई जना सदस्य गाउा सभाले निर्वाचन गर्ने कानुनी व्यवस्था रहेको छ ।

**गाउँसभा र गाउँ कार्यपालिकामा समावेशिता**

**सभा :**

| अध्यक्ष | उपाध्यक्ष | वडाअध्यक्ष | वडासदस्य |
|---|---|---|---|
| १ जना | १ जना | १ जना (प्रत्येक वडाबाट एक जना वडाअध्यक्ष ) | ४ जना (एक दलित महिला सहित दुई महिला र अन्य दुई गरी जम्मा चार जना सदस्य) |

\+ सम्बन्धित सभाले निर्वाचित गरेका दलित वा अल्पसंख्यक मध्येबाट गाउँमा २ जना + सभा

**कार्यपालिका :**

| अध्यक्ष | उपाध्यक्ष | वडाअध्यक्ष |
|---|---|---|
| १ जना | १ जना | १ जना (प्रत्येक वडाबाट एक जना वडाअध्यक्ष ) |

\+ ४ जना (सभाका सदस्यहरुले महिला वडासदस्यहरु मध्येबाट निर्वाचित गरेका ४ जना महिला सदस्य) + सम्बन्धित सभाले निर्वाचित गरेका दलित वा अल्पसंख्यक मध्येबाट २ जना = कार्यपालिका

न्यायिक अंग : गाउा न्यायिक समिति

उपाध्यक्षको संयोजकत्वमा सम्बन्धित सभाले आफू मध्येबाट निर्वाचित गरेका दुई सदस्य सहित तीन सदस्यीय न्यायिक समिति गठन हुने । नेपालको संविधान धारा २१७ मा गाउा न्यायिक समितिको व्यवस्था रहेको छ ।

(ख) नगरपालिका

नगरपालिका स्थानीय तहको सरकारको रूपमा रहेको हुन्छ । नगरपालिकामा कम्तिमा ९ र बढीमा ३५ वटा सम्म वडा रहन सक्ने कानुनी व्यवस्था रहेको छ ।

नगर सभाको गठन :

(१) नगर सभामा नगर कार्यपालिकाका प्रमुख र उपप्रमुख, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चारजना सदस्य र नगर सभाबाट निर्वाचित दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित ३ जना सदस्य रहनेछन ।

(२) नगर सभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेछ ।

(३) संघीय कानून बमोजिम नगरपालिकामा रहने प्रत्येक वडामा वडा अध्यक्ष र चारजना सदस्यहरू रहेको वडा समिति गठन हुनेछ । त्यस्तो वडा अध्यक्ष र वडा सदस्यको निर्वाचन पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुनेछ ।

नगरपालिकामा नगर सभा, नगर कार्यपालिका र नगर न्यायिक समिति रहने व्यवस्था छ । यी तीनवटै निकायको निर्वाचन हुन्छ । नगर सभा र नगर कार्यपालिकाको निर्वाचन निर्वाचन आयोगले गर्छ भने न्यायिक समितिको निर्वाचन सम्बन्धित सभाले गर्छ ।

नगर सभाका लागि नगरपालिका प्रमुख, उपप्रमुख र हरेक वडामा एक जना अध्यक्ष तथा चार जना सदस्यको निर्वाचन प्रत्यक्ष हुन्छ । यसमा सम्बन्धित वडाका मतदाताले नगरपालिका प्रमुख, उपप्रमुख र हरेक वडामा एक जना अध्यक्ष तथा चार जना सदस्यलाई मतदान गर्छन् । यसरी भएको निर्वाचनमा पहिलो हुने निर्वाचित हुने तथा बढी मत प्राप्त गर्ने निर्वाचित हुने निर्वाचन प्रणाली अपनाइन्छ ।

नगरसभाको निर्वाचनमा नगरपालिका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, महिला सदस्य, दलित महिला सदस्यका लागि सम्बन्धित वडाका आम मतदाताले मतदान गर्ने गरी पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अपनाईन्छ भने दुई जना खुल्ला सदस्यको लागि बढी मत प्राप्त गर्ने निर्वाचित हुने निर्वाचन प्रणाली अपनाइन्छ ।

नगर कार्यपालिकामा नगर सभाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष पदेन सदस्य रहने व्यवस्था छ भने ५ जना महिला सदस्य नगर सभाका सदस्यहरूले आफु मध्येबाट निर्वाचन गर्ने र तीन जना दलित वा पिछडिएको वर्गका सम्बन्धित नगरपालिका भित्र

**मतदाता नामावलीमा नाम समावेश भएका व्यक्तिहरू मध्येबाट नगर सभाले निर्वाचन गर्ने व्यवस्था रहेको छ ।**

**नगर न्यायिक समितिको संयोजकमा उपाध्यक्ष पदेन सदस्य रहने र अन्य दुई जना सदस्य नगर सभाले निर्वाचन गर्ने कानुनी व्यवस्था रहेको छ ।**

**नगर सभा** :

| अध्यक्ष | उपाध्यक्ष | वडाअध्यक्ष | वडासदस्य |
|---|---|---|---|
| १ जना | १ जना | १ जना (प्रत्येक वडाबाट एक जना वडाअध्यक्ष ) | ४ जना (एक दलित महिला सहित दुई महिला र अन्य दुई गरी जम्मा चार जना सदस्य) |

\+ ससम्बन्धित सभाले निर्वाचित गरेका दलित वा अल्पसंख्यक मध्येबाट ३जना = सभा

**कार्यपालिका** :

| अध्यक्ष | उपाध्यक्ष | वडाअध्यक्ष |
|---|---|---|
| १ जना | १ जना | १ जना (प्रत्येक वडाबाट एक जना वडाअध्यक्ष ) |

\+ ५ जना (सभाका सदस्यहरुले महिला सदस्यहरु मध्येबाट निर्वाचित गरेका ५ जना महिला सदस्य) + सम्बन्धित सभाले निर्वाचित गरेका दलित वा अल्पसंख्यक मध्येबाट ३ जना = कार्यपालिका

**न्यायिक अंग : नगर न्यायिक समिति**

**उपाध्यक्षको संयोजकत्वमा सम्बन्धित सभाले आफू मध्येबाट निर्वाचित गरेका दुई सदस्य सहित तीन सदस्यीय न्यायिक समिति गठन हुने । नेपालको संविधान धारा २१७ मा नगर न्यायिक समितिको व्यवस्था रहेको छ ।**

**गाउँ/नगर सभा र गाउँ/नगर कार्यपालिकामा समावेशिता**

**नेपालको संविधानले हरेक वडामा कम्तिमा दुई जना महिला सदस्यको प्रतिनिधित्व हुनु पर्ने वाध्यात्मक व्यवस्था गरेको छ । गाउा कार्यपालिका सदस्यमा गाउा सभाका सदस्यहरू मध्येबाट गाउा सभाले निर्वाचित गरेको ४ जना महिला थप सदस्य रहने र नगरकार्यपालिका सदस्यमा नगर सभाका सदस्यहरू मध्येबाट नगर सभाले निर्वाचित गरेको ५ जना महिला सदस्य रहने व्यवस्था छ । त्यसै गरी कार्यपालिका सदस्य दलित**

वा अल्पसंख्यक समुदायबाट गाउाको हकमा २ जना र नगरको हकमा ३ जना सम्बन्धित सभाले गाउापालिका वा नगरपालिकाको निर्वाचनको अन्तिम परिणाम आएको मितिले पन्ध्र दिन भित्र निर्वाचन गरिसक्नु पर्ने समेत संवैधानिक व्यवस्था रहेको छ ।

स्थानीय तह निर्वाचन ऐन २०७४ को व्यवस्था अनुसार एउटै राजनीतिक दलबाट अध्यक्ष/प्रमुख र उपाध्यक्ष/उपप्रमुख दुबै पदमा उम्मेदवारी दिदा कुनै एक पदमा महिला उम्मेदवारी दिनु पर्ने व्यवस्था गरेको छ । त्यसै गरी वडा सदस्यमा एक जना महिला, एक जना दलित महिला रहने र अन्य दुई जना सदस्य रहने व्यवस्था गरिएको छ ।

(ग) जिल्ला सभा र जिल्ला समन्वय समिति

जिल्ला भित्र रहेका स्थानीय तह, नगर/ गाउा कार्यपालिकाका प्रमुख/अध्यक्ष र उपप्रमुख/उपाध्यक्ष रहेको एक जिल्ला सभा रहने ब्यवस्था गरेको छ । जिल्ला सभाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तिमा तिन जना महिला र कम्तिमा एक जना दलित वा अल्पसंख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्छ ।

यसरी जिल्ला समन्वय समितिको निर्वाचन पनि अप्रत्यक्ष निर्वाचन हो भने जिल्ला समन्वय समितिमा पनि स्थानीय तह निर्वाचन ऐन २०७४ को व्यवस्था अनुसार एउटै राजनीतिक दलबाट  अध्यक्ष/प्रमुख र उपाध्यक्ष/उपप्रमुख दुबै पदमा उम्मेदवारी दिदा कुनै एक पदमा महिला उम्मेदवारी दिनु पर्ने व्यवस्था गरेको छ ।

### ३.४.५. जनमत संग्रह

नेपालको संविधानको धारा २७५ मा राष्ट्रिय महत्वको कुनै विषयमा जनमत संग्रहबाट निर्णय गर्न आवश्यक छ भनी संघीय संसदमा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको दुई तिहाइ सदस्यको बहुमतबाट निर्णय भएमा त्यस्तो विषयमा जनमत संग्रहबाट निर्णय लिन सकिनेछ भनी उल्लेख भएको छ ।

## सत्र: ४

# निर्वाचन चक्र र प्रक्रिया

**( मतदाता दर्ता, मतदाता शिक्षा, मतदान प्रक्रिया, NOTA (No Vote),मतगणना )**

### ४.१ निर्वाचन चक्र

**निर्वाचन एक चुनौतीपूर्ण एवं वृहत व्यवस्थापकीय कार्य हो । निर्वाचन व्यवस्थापनमा विधि र प्रक्रियालाई बढी महत्व प्रदान गरिन्छ । निर्वाचन एक दिनमा सम्पन्न हुने कार्य होइन । यो निरन्तर चलिरहने प्रक्रिया हो । निर्वाचन चक्रले निर्वाचन प्रक्रियाका मुख्य मुख्य चरण र ती चरणमा गरिने क्रियाकलापहरूको बारेमा जानकारी गराउछ । निर्वाचन चक्रमा पर्ने विभिन्न चरण र क्रियाकलापहरूको स्पष्ट बुझाईले र सो अनुरूप सम्पादित क्रियाकलापहरूले मात्र स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचन गराउन संभव हुन्छ । निर्वाचनको समग्र व्यवस्थापनमा त्यस अन्तगर्तका विभिन्न साना मसीना क्रियाकलापहरूलाई समेत गहिरिएर चिरफार गर्नुपर्ने हुन्छ । क्रियाकलापहरूलाई यथोचित पहिचान र विश्लेषण गर्न सकिएन भने त्यसबाट निर्वाचनको समग्र व्यवस्थापनमै बाधा पुग्न जान्छ । त्यसैले निर्वाचन चक्रलाई निर्वाचनको योजना बनाउने एउटा प्रभावकारी साधनको रूपमा लिइन्छ । अतः निवार्चन चक्रमा पर्ने विविध क्रियाकलापहरूलाई चरणवद्ध रूपमा विश्लेषण गर्न उपयुक्त हुन्छ । सामान्यतया निर्वाचन क्रियाकलापहरूलाई तीन चरणमा विभक्त गरी विश्लेष्ण गर्ने प्रचलन रहको छ ।**

**चरण - १ :**
**निर्वाचन पूर्व** (Pre election phase)

**चरण - २ :**
**निर्वाचन अवधि** (During election phase)

**चरण - ३ :**
**निर्वाचन पश्चात्** (Post election phase)




*माथिको चक्रमा समावेश कतिपय क्रियाकलापहरू एक चरणबाट अर्को चरणमा पनि दोहोरिने प्रकृतिका हुन्छन् । सबै क्रियाकलापहरू माथि उल्लेख गरिए अनुसार नै कित्ताबन्दी रूपमा सिमित भइरहन नसक्ने यथार्थता पनि व्यवहारमा अनुभव गर्न थालिएको छ ।*

**क निर्वाचन पूर्वको चरण (Pre election phase)**

यस चरणमा निर्वाचन सुधारका कार्यहरू तथा रणनीतिक योजनाले निर्देश गरेका क्रियाकलापहरू प्रारम्भ गरिन्छ । निर्वाचन कानून, सांगठनिक सुधार, संस्थागत एवम जनशक्तिको क्षमताको अभिवृद्धि गरिन्छ । नेपालको सन्दर्भमा निर्वाचनको मिति घोषणा वा मतदानको मितिभन्दा १ सय २० दिन भन्दा अगाडिको अवधि नै निर्वाचन पूर्वको चरण हो ।

**ख निर्वाचन अवधिको चरण(During election phase)**

**निर्वाचन आयोग ऐन, २०७३ का अनुसार 'निर्वाचन अवधि'** भन्नाले निर्वाचन हुने मितिभन्दा एकसय बीस दिन अगाडिदेखि निर्वाचनको अन्तिम परिणाम सार्वजनिक नभए सम्मको अवधि सम्झनु पर्छ । तर एक सय बीस दिनभन्दा कम अवधि रहने गरी निर्वाचन मिति घोषणा भएमा त्यसरी घोषणा भएको मितिदेखि निर्वाचनको अन्तिम परिणाम सार्वजनिक नभएसम्मको अवधिलाई निर्वाचन अवधि मानिनेछ । यस चरणमा निर्वाचनको लागि आवश्यक पर्ने निर्वाचन सामग्रीको व्यवस्थापन, जनशक्तिको आंकलन र तालिम तथा मतपत्र छपाई ढुवानी आदि गरिन्छ । मतदान, मतगणना तथा परिणाम घोषणा गरी निर्वाचन सम्पन्न गरिन्छ ।

**ग निर्वाचन पश्चातको चरण(Post election phase)**

निर्वाचनको अन्तिम परिणाम सार्वजनिक भइसकेपछि यो चरणको प्रारम्भ हुन्छ । यस चरणमा सम्पन्न भएको निर्वाचनको समग्र मूल्याङ्कन गरी प्रतिवेदन तयार पारिन्छ । निर्वाचन पर्यवेक्षण संस्थाहरूको प्रतिवेदन प्राप्त हुन्छन् । सम्पन्न निर्वाचनमा देखिएका कमी कमजोरीहरू हटाउन रणनितिक योजनाको निर्माण गरिन्छ ।

मतदाता नामावली संकलन तथा प्रशोधन, तालिम, मतदाता/निर्वाचन शिक्षा कार्यक्रम जस्ता कार्यक्रमहरू निर्वाचन चक्रका तीनवटै चरणहरूमा निरन्तर चलिरहन्छन् ।

**निर्वाचन प्रक्रिया र त्यस अन्तर्गतका महत्वपूर्ण क्रियाकलापहरू**

क) निर्वाचन प्रणालीको निर्धारण,

ख) निर्वाचन कानून तथा निर्देशिका निर्माण, परिमार्जन र सुधार,

ग) निर्वाचन क्षेत्र निर्धारण,

घ) निर्वाचन कार्यतालिका निर्माण (निर्वाचन बजेट र स्रोतसाधनको अनुमान तथा निर्धारण)

ङ) मतदाता नामावली संकलन तथा अद्यावधिक

च) निर्वाचन सरोकारवालाहरूसाग छलफल, परामर्श तथा अर्न्तक्रिया

छ) मतदान केन्द्र निर्धारण

ज) निर्वाचन सामग्री तयारी तथा व्यवस्थापन

झ) जनशक्ति आंकलन र परिचालन

ञ) निर्वाचन प्रशिक्षण (क्षमता अभिवृद्धि कार्यक्रम)

ट) निर्वाचन/मतदाता शिक्षा कार्यक्रम सञ्चालन

ठ) निर्वाचन कार्यक्रम र मनोनयन/कार्यालय स्थापना

ड) निर्वाचन सुरक्षा व्यवस्था

ढ) निर्वाचन आचार संहिताको कार्यान्वयन

ण) निर्वाचन पर्यवेक्षण र अनुगमन

त) मतदान केन्द्रको तयारी र मतदान

थ) मतगणना र परिणाम घोषणा

द) निर्वाचन विवाद निरूपण


ध) प्रतिवेदन र पृष्ठपोषण

निर्वाचन चक्र अन्तर्गतका माथि उल्लेखित विभिन्न प्रक्रियाहरू मध्ये मतदाता नामावली संकलन, मतदाता शिक्षा , मतदान र मतगणना कार्यक्रम यस प्रशिक्षणसाग बढी सरोकार राख्ने विषय भएको हुादा यहाा सक्षिप्त रूपमा प्रस्तुत गरिएको छ ।

## ४.२ मतदाता नामावली

### ४.२.१ मतदाता नामावली के हो ?

योग्य मतदाताहरूको पहिचान गरी आयोगद्वारा स्वीकृत गरिएको मतदाताहरूको नाम तथा व्यक्तिगत विवरण सहितको नामावली नै मतदाता नामावली हो । यही मतदाता नामावलीकै आधारमा मतदाताले निर्वाचनमा भाग लिन पाउाछन् । निर्वाचनमा सहभागी हुन कानूनी रूपमा योग्यतम र अति आवश्यक कदम भनेको नै मतदाता नामावलीमा नाम समावेश गराउनु हो । मतदाता नामावली संकलन गर्दा योग्य मतदाताहरूको पहिचान गरी फोटो, औंलाको छाप ९ाष्यनभचउचष्लत मबतब0 र व्यक्तिगत विवरण समेत संकलन



गरिन्छ ।

### ४.२.२ मतदाता नामावलीको महत्व

(क) स्वतन्त्र र निष्पक्ष निर्वाचनका लागि एक व्यक्ति एक मतको अवधारणाको पालना र सही मतदाताले मतदान गर्न पाउने अधिकार सुनिश्चित गर्नु,

(ख) फोटोसहितको मतदाता नामावलीले मतदाताको पहिचान सहज र भरपर्दो बनाउछ,

(ग) योग्य मतदाताको पहिचान गरी तयार गरिएको मतदाता नामावली नै निर्वाचन प्रक्रियालाई वैधानिकता दिने आधार हो,

(घ) सबै मतदाताहरुलाई लक्षित गरी निर्वाचन शिक्षा सञ्चालन गर्न,

(ङ) निर्वाचन व्यवस्थापनको योजना र यसको कार्यान्वयन गर्नका लागि पनि मतदाता नामावली अपरिहार्य छ । त्यसैले मतदाता नामावलीलाई निर्वाचन व्यवस्थापनको आधारभूत संरचना ९ध्बकष्अ क्ष्लाचबकतचगअतगचभ० भन्ने गरिन्छ ।

### ४.२.३ मतदाता दर्ता प्रणाली

हालसम्म विश्वमा तीन किसिमका मतदाता दर्ता प्रणाली रहेको पाइन्छ ।

(१) **अस्थायी दर्ता** (Temporary Registry): कुनै एक निर्वाचनलाई मात्र मध्यनजर गरी तयार पारिने नामावली ( उदाहरणका लागि २०३७ सालको जनमत सङ्ग्रहका लागि तयार गरिएको नामावली) नै अस्थायी दर्ता हो । यसैगरी संबिधान सभाको निर्वाचनको बेलामा निर्वाचनमा खटिएका कर्मचारीहरु ( सरकारी, सुरक्षा ) वृद्ध आश्रम, सुधार गृहमा रहेकाहरुलाई समेटिएर अस्थायी मतदाता नामावली तयार पारिएको थियो । तर २०७४ मा सम्पन्न भएको प्रदेश र प्रतिनिधि सभा निर्वाचनमा भने अस्थायी मतदाता नामावली को व्यवस्था गरिएको थिएन ।

(२) **स्थायी दर्ता** (Permanent Registry) :

(क) **आवधिक दर्ता** (Periodic Registry) : साविकको मतदाता नामावलीमा समय समयमा अद्यावधिक गरिने ।

(ख) **निरन्तर दर्ता** (Continuous) :

१. मौजुदा मतदाता नामावलीमा योग्य मतदाताहरूको विवरण थपिंदै लगिने तथा विवरण फेरिएका (बिवाह, बसाई सराई, मृत्यु आदि) मतदाता बारे निरन्तर अद्यावधिक गरिने,

२. निर्वाचन कार्यालयका अधिकारीद्वारा नियमित व्यवस्थापन गरिने, आवश्यकता अनुसार योग्य मतदाताहरूको पूर्ण सूची तयार गरिने ।

(३) **नागरिक दर्ता** (Civil Registry and Vital Registry) :

क) सबै नागरिकको नाम, राष्ट्रियता, उमेर, लिË, वैवाहिक स्थिति तथा ठेगाना जस्ता आधारभूत विवरण खुलेको विवरण,

ख) राज्यद्वारा निर्वाचन लगायतका विभिन्न प्रशासनिक उद्देश्यका लागि तयार गरिने,

ग) नागरिकहरूले आ-आफ्ना विवरण अद्यावधिक गरी राख्नु पर्ने अनिवार्य कार्य गरिने,

घ) निर्वाचन आयोगले आफनै मतदाता नामावली संकलन गरि राख्नु नपर्ने भएकोले आयोग तथा सरकारलाई थप आर्थिक भार पर्दैन ।

नेपालमा प्रचलनमा रहेको दर्ता प्रणाली स्थायी दर्ता अन्तर्गतको निरन्तर दर्ता हो । जिल्ला निर्वाचन कार्यालय र निर्वाचन आयोगले तोकेका अन्य स्थानमा समेत कार्यालय समयमा निरन्तररूपमा मतदाता नामावली संकलन भईरहेको हुन्छ ।

*नेपालको सन्दर्भमा मतदाता भन्नाले अन्तिम मतदाता नामावलीमा फोटो र व्यक्तिगत विवरणसहित दर्ता भएका व्यक्तिलाई जनाउछ ।*

### ४.२.४ कस्ता व्यक्तिलाई मतदाता भनिन्छ ?

नेपालको सन्दर्भमा नेपाली नागरिकलाई मतदाता नामावलीमा फोटो र व्यक्तिगत विवरणसहित नाम दर्ता गर्नका लागि निर्वाचन आयोगले सूचना जारी गर्छ ।

मतदाता हुनका लागि देहायबमोजिमको योग्यता चाहिन्छ :

क) नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको,

ख) निर्वाचन कानुन बमोजिम मतदाता नामावलीमा नाम दर्ता गराई कानुनले तोके बमोजिमको मितिमा १८ वर्ष उमेर पुरा गरेको,

ग) सम्बन्धित निर्वाचन क्षेत्रमा स्थायी रुपमा बसोबास भएको,

नामदर्ता गर्नु पर्ने व्यक्ति नेपाली नागरिकताको प्रमाणपत्रसहित नामदर्ता गर्ने स्थानमा स्वयं उपस्थित हुनु पर्छ । नेपालको सन्दर्भमा नेपाली नागरिकलाई मतदाता नामावलीमा फोटो र व्यक्तिगत विवरणसहित नाम दर्ता गर्नका लागि निर्वाचन आयोगले सूचना जारी गर्दछ ।

४.२.५ मतदाता नामावलीमा नाम कहिले र कहाँ दर्ता गर्ने ?


कहिले ? फोटोसहितको मतदाता नामावली दर्ता कार्य सार्वजनिक विदाका दिन बाहेक कार्यालय समयमा निरन्तररूपमा गरिन्छ । तर निर्वाचनको समयमा निर्वाचन व्यवस्थापनलाई मध्यनजर राखी दर्ता प्रक्रिया केहि समयका लागि वन्द गरिन्छ ।

कहाँ? देशभरिका ७७ वटै जिल्लाका जिल्ला निर्वाचन कार्यालयमा निरन्तर रूपमा दर्ता कार्य चलिरहन्छ । समय समयमा जिल्ला प्रशासन कार्यालय, इलाका प्रशासन कार्यालय तथा निर्वाचन आयोगले तोकेका अन्य स्थानहरूमा पनि दर्ता कार्य सञ्चालन गरिन्छ ।

दर्ता गराएको विवरण सहि भए/नभएको सुनिश्चित गर्न सम्बन्धित जिल्ला निर्वाचन कार्यालय वा निर्वाचन आयोगको वेभसाइटमा (www.election.gov.np) मा गई मतदाता नामावलीमा आफ्नो विवरण हेर्न सकिन्छ ।

४.२.६ मतदाता नामावलीमा नाम दर्ता गर्न के प्रमाण चाहिन्छ ?

मतदाता नामावलीमा नाम दर्ता गर्नका लागि नागरिकताको सक्कल प्रमाणपत्रसहित स्वयं उपस्थित हुनुपर्छ । यदि नागरिकताको प्रमाणपत्रमा भएको ठेगाना र हाल बसोबास गरिरहेको ठेगाना फरक परेमा हाल बसिआएको ठेगानाबाट नाम दर्ता गराउन देहायका प्रमाणहरू आवश्यक पर्दछन् :



क) स्थानीय पञ्जिकाधिकारीले दिएको बसाई सराईको प्रमाणपत्र
ख) घर जग्गाको प्रमाण पत्र
ग) विवाह गरी आएको भए विवाह दर्ताको प्रमाणपत्र वा
घ) बसोबास गरेको जनिने अन्य कागवातहरु






**४.२.७ मतदाता नामावलीमा आफ्नो फोटो र विवरण सहि नभएमा के गर्ने ?**


**नामावलीमा रहेको विवरण सच्याउनु परेमा निर्वाचन आयोगले तोकेको ढाचामा जिल्ला निर्वाचन कार्यालय मार्फत् निवेदन (तोकेको फारम भरी) दिनुपर्दछ । यस्तो निवेदनको आधारमा निर्वाचन आयोगले मतदाताको विवरण सच्याई अन्तिम नामावली प्रकाशन गर्नेछ ।**

*विवरणमा कुनै हेरफेर गर्नु परेमा तोकिएको जिल्ला निर्वाचन कार्यालयमा तोकिएको समयावधि भित्र निवेदन दिनु पर्छ ।*

**४.२.८ एउटा ठेगानामा कायम भएको मतदाता नामावलीलाई अर्को ठेगाना वा स्थानमा सार्नु परेमा के गर्ने ?**

**क) सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा गई निवेदन दिने ।**
**ख) निवेदनको फाराम सोही निर्वाचन कार्यालयमा उपलब्ध हुनेछ ।**

ग)  आफूले चाहेको जिल्लाको मतदाता नामावलीमा ऑनो विवरण समावेश भए/नभएको यकिन गर्न सोही जिल्लाको जिल्ला निर्वाचन कार्यालयमा सोधी वा आयोगको website: www.election.gov.np मा हेरी यकिन गर्नुपर्दछ ।




**निर्वाचनमा मतदान गर्न उमेर बा साथै आवश्यक अन्य कागजातहरू**

नगरिकताको प्रमाण पत्र :नेपाल लगायत विश्वका २१४ मुलुक अर्थात ९५ दशमलब १ प्रतिशत मुलुकमा मतदाता नामावलीमा नाम दर्ता गर्न नागरिकताको प्रमाणपत्र आवश्यक पर्दछ । यस्ता अन्य देशहरू बंगलादेश, अफगानिस्तान, क्यानडा, स्वीजरल्याण्ड, हंङकङ, दक्षिण कोरिया, मेक्सिको, मलेसिया, रूस, कतार, दक्षिण सुडान, सिरिया, अमेरिका, भियतनाम आदि हुन् ।

बसोबास गरेको आधारमा :विश्वका करिब ८२ मुलुक अर्थात् ३६ दशमलब ४ प्रतिशत मुलुकले **यति वर्षदेखि स्थायी रूपमा बस्दै आएको आधारमा** त्यस मुलुकको राष्ट्रिय निर्वाचनमा भाग लिन दिने कानुनी व्यवस्था छ । यहि आधारमा मतदाता नामावलीमा नाम दर्ता गरिन्छ । यो व्यवस्था लागु भएका केहि मुलुकहरू – नेपाल, भुटान, म्यानमार, न्यूजरल्याण्ड, सियरा लियोन, अमेरिका, इथियोपिया, आयरल्याण्ड, चिल्ली, डेनर्माक, सिंगापुर, थाइल्याण्ड, जर्मनी आदि ।

अन्य आधार :आमा बाबुको नागरिकताले मतदान गर्न पाउने मुलुकहरू विश्वमा ६ वटा अर्थात २.६ प्रतिशत छन् । ती मुलुकहरू फकल्याण्ड आइसल्याण्ड, नामिबिया, दक्षिण सुडान, सान मारिनो, तर्कस काद काइको आइसल्याण्ड तथा समाओ हुन् ।

### ४.२.९ मतदाता परिचय पत्र

फोटो सहितको अन्तिम मतदाता नामावलीमा नाम प्रकाशन भएका मतदाताहरूको पहिचानका लागि निर्वाचन आयोगले मतदाता परिचय पत्र वितरण गर्ने व्यवस्था गरेको छ । निर्वाचन आयोगले तोकेको स्थान र समयमा गई सम्बन्धित मतदाताले आफ्नो परिचय पत्र लिनुपर्दछ । मतदानका दिन मतदाताले आफ्नो प्रमाणको रूपमा उक्त परिचय

पत्रसागै लिई मतदान केन्द्रमा जानु पर्दछ । मतदाताको पहिचान दर्शाउने यो परिचय पत्रलाई सुरक्षित राख्नु मतदाताको कर्तव्य हो ।

### ४.३ निर्वाचन शिक्षा(Electoral Education) र मतदाता शिक्षा (Voter Education)

निर्वाचन आयोग ऐन, २०७३ को दफा ३३ ले निर्वाचनमा मतदाता नामावली सlलन गर्ने, अद्यावधिक गर्ने तथा मतदान गर्ने प्रक्रिया र मतदाताको अधिकारका सम्बन्धमा मतदाताहरुलाई जानकारी गराउन आयोगले आवश्यकता अनुसार **मतदाता जागरण कार्यक्रम** सञ्चालन गर्न, गराउन सक्नेछ भनी उल्लेख गरेको छ । सबै क्षेत्र, वर्ग, लिË र समुदायका मतदाता एवं भावी मतदाता (Potential Voter) को सचेतना अभिवृद्धि गरी निर्वाचन प्रक्रियामा उनीहरूको पाहुचलाई सहज र सरल बनाउन एवं निर्वाचन लाई स्वच्छ ,स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयरहित वातावरणमा सम्पन्न गर्नका लागि



सहयोग प्राप्त गर्न निर्वाचन आयोगले निर्वाचन/मतदाता शिक्षा कार्यक्रम निरन्तररूपले सञ्चालन गर्दै आएको छ ।

निर्वाचन शिक्षाको सन्दर्भमा बारम्बार आइरहने शब्दावलीहरू हुन् : मतदाता सूचना/सचेतना,मतदाता शिक्षा र नागरिक शिक्षा । यी तीनवटै शब्दावलीलाई फरक फरक ढंगबाट बुझ्ने गरिन्छ ।



### ४.३.१ मतदाता सूचना/सचेतना (Voter Information)[1]

निर्वाचनको ठीक अगाडि सो निर्वाचनका योग्य मतदातालाई लक्षित गरी निर्वाचन सम्बन्धी सूचना, सन्देश प्रदान गरिन्छ । यसबाट मतदातालाई मतदाता नामावलीमा नामदर्ता गर्ने मिति, समय, स्थान, आवश्यक पर्ने प्रमाणबारे जानकारी दिइन्छ । त्यसैगरी मतदानको मिति, समय, मतदानको समयमा आवश्यक पर्ने कागजात, मतदानको तरिका, मतदाता क्रमसङ्ख्या, मतदाता परिचय पत्र, मतपत्र, मतपेटिका  आदि बारे मतदातालाई सुसूचित गरिन्छ ।

### ४.३.२ मतदाता शिक्षा(Voter Education)[2]

मतदातालाई मतदानको लागि तयारी अवस्थामा राख्न निर्वाचन व्यवस्थापन गर्ने निकाय वा उसको स्वीकृतिमा अन्य संस्थाद्वारा सञ्चालन गरिने शिक्षा नै मतदाता शिक्षा हो । मतदाता शिक्षाको माध्यमबाट मतदाताहरुलाई देहायका कुराहरुमा सुसूचित गर्ने प्रयास गरिन्छ :

१. आधारभूत मानव अधिकार र मताधिकारको सम्बन्ध,
२. मतदाताको भूमिका, जिम्मेवारी र अधिकार,

---

[1]*Voter Information* refers to basic *information* enabling qualified citizens to vote, including the date, time, and place of *voting*; the type of election; identification necessary to establish eligibility; registration requirements; and mechanisms for *voting*.

[2]**Voter education** is an enterprise designed to ensure that **voters** are ready, willing, and able to participate in electoral politics.

३. लोकतन्त्र र निर्वाचनबीचको अन्तरसम्बन्ध,
४. लोकतान्त्रिक निर्वाचनका मान्यताहरू,
५. मतको गोपनीयता,
६. प्रत्येक मतको महत्व,
७. मतदान गर्ने तरिका,
८. मतलाई सीटमा रूपान्तरण गर्ने तरिका आदि ।





### ४.३.३ निर्वाचन शिक्षा (Electoral Education)

आम नागरिकलाई लोकतन्त्र, निर्वाचन तथा शासकीय ब्यवस्थाका बारेमा सामान्य जानकारी प्रदान गरी लोकतन्त्रको सम्बर्द्धन एवं निर्वाचनमा अर्थपूर्ण सहभागिताका लागि सञ्चालनमा ल्याइने शिक्षा नै निर्वाचन शिक्षा हो । यो शिक्षालाई नागरिक शिक्षाको एक अङ्गको रूपमा लिने गरिन्छ । निर्वाचन शिक्षालाई निरन्तर शिक्षा भनिन्छ । यो कुनै कार्यक्रम बिशेष मतदाता लक्षित शिक्षामा सीमित नभई सधैं चलिरहने आम शिक्षा हो । निर्वाचन शिक्षा सञ्चालनका खास उद्देश्य निर्धारण गरिएको हुन्छ । निर्वाचन शिक्षा सञ्चालन गर्ने जिम्मेवारी निर्वाचन ब्यवस्थापन गर्ने निकायको मात्र नभई सरकार, शिक्षा मन्त्रालय तथा नागरिक समाजको समेत हुन्छ । त्यसैले सबैको सहकार्यमा यो शिक्षा सफल हुन्छ ।

### ४.३.४ नागरिक शिक्षा(Civics)3

नागरिकका अधिकार र कर्तव्य तथा सरकारले कसरी काम गर्दछ भन्ने बारेको अध्ययन नै नागरिक शिक्षा हो । नागरिक शिक्षाको क्षेत्र ज्यादै ब्यापक छ । यसले नागरिकलाई नागरिकको रुपमा आफ्नो भूमिका र कर्तब्य ठीक तरिकाले निर्वाह गर्न तयार पार्दछ । निर्वाचन शिक्षा तथा मतदाता शिक्षा नागरिक शिक्षाकै भागहरू हुन् । नागरिक र नागरिक शिक्षा पाच बिभिन्न क्षेत्रमा केन्द्रित हुनुपर्दछ भनी विद्वानहरू भन्दछन् । ती पाच क्षेत्रहरूअसल नागरिक, असल लोकतन्त्रवादी, असलनागरिक,राजनैतिक कार्यका रूपमा नागरिक शिक्षा र सर्वब्यापी शिक्षा ।

निर्वाचन/मतदाता शिक्षालाई निरन्तररूपमा सञ्चालन गर्ने उद्देश्यले आयोगले मिति २०६८ साल जेठ ११ गते आफ्नै परिसरमा निर्वाचन शिक्षा तथा सूचना केन्द्र (Electoral Education and Information Centre-EEIC)को स्थापना गरेको छ । यस केन्द्रबाट भावी मतदाता (Potential Voter) तथा अन्य सरोकारवालालाई लोकतन्त्र, संविधान र निर्वाचन प्रक्रियाका बारेमा सैद्धान्तिक तथा व्यवहारिक ज्ञान प्रदान गरिदै आएको छ । यस केन्द्रको प्रत्यक्ष भ्रमण गरी लाभ लिन नसक्ने शिक्षक, विद्यार्थी तथा अभिभावकहरूमा निर्वाचन शिक्षालाई व्यापक र समयानुकूल बनाउनका लागि सामाजिक अध्ययन विषयक शिक्षकहरूलाई छुट्टै प्रशिक्षण मार्फत निर्वाचन आयोगले निर्वाचन शिक्षाको विस्तार गर्दै



आएको छ ।

आम मतदाता तथा भावी मतदाता एवं अधिकाधिक सरोकारवालाहरूलाई सरल, सहज र तथ्यपूर्ण शिक्षा तथा सूचना उपलब्ध गराउन यस केन्›मा नमुना मतदान कक्ष, सÉहालय, मिनि थिएटर, प्रविधियुक्त अन्तरक्रियात्मक कक्ष तथा तालिम कक्षको व्यबस्था गरिएको छ । त्यसै गरी निर्वाचन शिक्षाका लागि विशेष समुदायमा आधारित कार्यक्रम मार्फत पिछडिएको वर्ग, जाति, लिË तथा क्षेत्रका नागरिकहरूलाई समेत निर्वाचन तथा मतदाता शिक्षामार्फत विभिन्न सचेतीकरणका कार्यक्रमहरू सञ्चालन गरी निर्वाचनमा सुसूचित सहभागिता बढाउन उत्प्रेरित गर्ने निर्वाचन शिक्षा प्रदान गर्दछ ।

केन्›मा समय समयमा आयोगका कर्मचारी तथा अन्य सरोकारवालाहरूका लागि निर्वाचनसम्बन्धी विभिन्न किसिमका तालिम तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिन्छ ।यो केन्› निर्वाचन आयोग परिसर कान्तिपथ, काठमाण्डौमा  अवस्थित छ । यसका साथै केन्›मा निर्वाचनसम्बन्धी विषयका अध्ययन/अनुसन्धानकर्ताहरूका लागि सुविधायुक्त पुस्तकालय समेतको व्यवस्था गरिएको छ । राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रयोगकर्ताहरूलाई लोकतन्त्र, निर्वाचन र राज्यको शासन व्यवस्था जस्ता विषयहरूमा अध्ययन तथा अनुसन्धानको लागि सहज वातावरण प्रदान गर्न यस केन्› अन्तरगत अत्याधुनिक पुस्तकालय स्थापना गरिएको छ । यस पुस्तकालयमा उल्लिखित विषयहरूसाग सम्बन्धित २००० भन्दा बढी पुस्तक तथा पाठ्य सामग्रीहरू रहेका छन् । यहाा रहेका पाठ्य सामग्रीहरू इन्टरनेट मार्फत प्रयोग गर्न सकिने व्यवस्था समेत रहेको छ ।आयोगमा भएका ऐतिहासिक महत्वका  केही पाठ्य सामग्रीहरू डिजिटाइज गरिएको छ । इन्टरनेटको माध्यमद्वारा सर्वसाधारणको पहुाच बढाउनका लागि कार्य भइरहेको छ ।

### ४.४ मतदान

प्रतिनिधि छनोट गर्नको लागि मतपत्रमा मतसङ्केत गरी तोकिएको मतपेटिकामा मतपत्र खसाउने कार्यलाई मतदान भनिन्छ ।

**मतदान किन गर्ने ?**

१. लोकतन्त्रमा नागरिकले शासन व्यवस्थामा सहभागी हुने पहिलो पाइला भनेको मतदानमा सहभागी हुनु हो ।

२. हामीले आफुलाई मनपरेको राजनीतिक दल वा उम्मेदवारलाई मतदान गरी आफ्नो मताधिकारको प्रयोग गर्न सक्दछौं ।  त्यस्तै, हामीले चित्त नबुझेको राजनीतिक दल वा उम्मेदवारलाई पराजित पनि गर्न सक्दछौं ।

३. हामीले मतदान नगरेमा हामी राज्य सञ्चालनप्रति जिम्मेवार नभएको देखिन्छ ।

४. निर्वाचनमा एक मत नै निर्णायक हुन सक्दछ । तसर्थ, मतदाताले मत हालेमा आफूले चाहे अनुरूपको उम्मेदवारले जित्न सक्दछन् ।



**मतदान गर्न कहाँ जानु पर्दछ ?**

- मतदान हुने दिनमा मतदान गर्ने समय भित्रै आफ्नो नाम दर्ता भएको मतदान केन्द्रमा जानु पर्दछ । नेपालको परिप्रेक्ष्यमा मतदान केन्द्र निर्धारण गर्दा मतदातालाई यथासक्य पायक पर्ने, सम्भव भएसम्म यातायात, सञ्चार, सुरक्षा जस्ता आधारभूत सुविधायुक्त कुनै विद्यालय, स्वास्थ्य चौकी, गा.वि.स. भवन जस्ता सार्वजनिक स्थानमा मतदान केन्द्र तोकिएको हुन्छ ।

**के जुनसुकै मतदान केन्द्रमा मतदान गर्न पाइन्छ ?**

- तोकिएको मतदान केन्द्र (आफ्नो नाम मतदाता नामावलीमा एकिन गरी) गई मतदान गर्नु पर्दछ ।

**मतदान केन्द्रमा गएर कसरी मतदान गर्ने ?**

क) मतदान गर्न निर्वाचन आयोगले तोकेको समयभित्र मतदान केन्द्रमा पुग्नु पर्दछ ।

ख) मतदान गर्न मतदाता परिचय पत्र वा आयोगले तोकेको अन्य प्रमाण साथमा लानु पर्दछ ।

ग) मतदान केन्द्रमा पुगेपछि महिला भए महिला र पुरूष भए पुरूष आ-आफ्नो लाइनमा उभिनु पर्दछ ।

घ) मतदाता नामावली रूजु गर्ने कर्मचारीलाई आँनो परिचय पत्र देखाउने, नाम रूजु गराउने, औंलामा मसी लगाउन दिने र मतपत्र बुझिलिने काम मतदाताको हुन्छ ।

ङ) मतपत्रमा मतदान अधिकृतको हस्ताक्षर भएको एकिन गर्नु पर्दछ ।

च) गोप्य कोठामा गएर मतपत्रमा आफूलाई चाहेको दल वा उम्मेदवारको चिन्ह भएको कोठामा स्वस्तिक छाप लगाउने, मतपत्रलाई पट्याई मत पेटिकामा खसाल्ने र तोकिएको मार्गबाट बाहिर निस्कने गर्नु पर्दछ ।

**मतदान केन्द्रमा प्रवेश**

मतदान केन्द्रमा देहायका व्यक्ति बाहेक अरूलाई प्रवेश गर्न दिइदैन :

(क) मतदाता,

(ख) उम्मेदवार वा निजको एकजना निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि,

(ग) आयोगबाट अनुमति प्राप्त पर्यवेक्षक,

(घ) आयोग वा निर्वाचन अधिकृत वा मतदान अधिकृतबाट अनुमति पाएका व्यक्ति,

(ङ) महिला मतदाताको साथमा रहेको बढीमा पाच वर्षको बालक,

(च) दृष्टिविहीन वा शारीरिक रूपले अशक्त मतदाताको सहयोगको लागि साथमा आएको एकाघरको परिवारको सदस्य ।

कुनै मतदाताले दृष्टिविहीन वा शारीरिक अशक्तता वा अरू कुनै कारणवश आफै मत सोँत गर्न नसक्ने भई मत सोँत गर्ने काममा सहयोग पुऱ्याउन आँनो एकाघरको परिवारको सदस्यलाई साथमा लैजान अनुमति मागेमा वा मत सोँत गर्ने काममा सहयोग पुऱ्याउन मतदान अधिकृतलाई अनुरोध गरेमा र मतदान अधिकृतलाई सो कुरा उपयुक्त लागेमा परिवारको त्यस्तो सदस्यलाई मतदाताको साथमा मत सोँत गर्ने स्थानमा प्रवेश गर्न अनुमति दिन वा मतदान अधिकृतले मतदाताको इच्छा अनुसार निजको मतपत्रमा मत सोँत गरिदिन सक्ने व्यवस्था रहेको छ ।

कुनै प्रकारको हतियार लिएको वा मादक पदार्थ सेवन गरेको व्यक्ति मतदाता भए तापनि त्यस्तो व्यक्तिलाई मतदान अधिकृतले मतदान केन्द्रमा प्रवेश गर्न दिने छैन ।

कुनै मतदाताले दृष्टिविहीन वा शारीरिक अशक्तता वा अरू कुनै कारणवश आफै मत सोँत गर्न नसक्ने भई मत सोँत गर्ने काममा सहयोग पुऱ्याउन आँनो एकाघरको परिवारको सदस्यलाई साथमा लैजान अनुमति मागेमा वा मत सोँत गर्ने काममा सहयोग पुऱ्याउन मतदान अधिकृतलाई अनुरोध गरेमा र मतदान अधिकृतलाई सो कुरा उपयुक्त लागेमा परिवारको त्यस्तो सदस्यलाई मतदाताको साथमा मत सोँत गर्ने स्थानमा प्रवेश गर्न अनुमति दिन वा मतदान अधिकृतले मतदाताको इच्छा अनुसार निजको मतपत्रमा मत सोँत गरिदिन सक्ने व्यवस्था रहेको छ ।

कुनै प्रकारको हतियार लिएको वा मादक पदार्थ सेवन गरेको व्यक्ति मतदाता भए तापनि त्यस्तो व्यक्तिलाई मतदान अधिकृतले मतदान केन्द्रमा प्रवेश गर्न दिने छैन ।

**मतदान केन्द्र (Polling Cenre)**

**मतदातालाई प्राप्त मताधिकार प्रयोग गर्न तोकिएको निश्चित स्थानलाई मतदान केन्द्र भनिन्छ । मतदान केन्द्र मतदातालाई यथाशक्य पायक पर्ने, सम्भव भएसम्म यातायात, सञ्चार, सुरक्षा जस्ता आधारभूत सुविधायुक्त कुनै विद्यालय, स्वास्थ्य चौकी, गा.वि.स. भवन जस्ता सार्वजनिक स्थानमा तोकिएको हुन्छ ।**

**मतदान केन्द्र निर्धारण गर्दा प्रत्येक गा.वि.स. र नगरपालिकाका प्रत्येक वडाका लागि एक/एक वटा मतदान केन्द्र तोकिएको हुन्छ । तर मतदाता सङ्ख्या, भौगोलिक अवस्थिति जस्ता कुरालाई ध्यानमा राखी एक गा.वि.स. वा एक नगरपालिकाको एउटै वडामा एकभन्दा बढी मतदान केन्द्र तोकिएको हुनसक्छ । निर्वाचन व्यवस्थापनको क्रममा मतदान स्थल** (Polling Location) **भन्ने शव्दावली पनि प्रयोग गरिन्छ जसलाई मतदान केन्द्र रहने स्थान भनी बुझिन्छ । जस्तैः विद्यालय,स्वास्थ चौकी,खुला चौर आदि । एउटा मतदान स्थलभित्र एकदेखि धेरैवटासम्म मतदान केन्द्र** (Polling Cenre) **रहन सक्छन् ।**

**मतपत्रमा छाप कसरी लगाउने तरिका**

- क) **मतपत्रमा स्वस्तिक छाप लगाउनु पर्दछ । औठाको छाप वा अन्य किसिमको सङ्केतहरू गर्नु हुदैन ।**
- ख) **स्वस्तिक छाप लगाउादा आफूले चाहेको दल वा उम्मेदवारको निर्वाचन चिन्ह भएको कोठा भित्र स्पष्ट रूपमा देखिने गरी, र अन्य चिन्हमा नपर्ने गरी छाप लगाउनु पर्दछ ।**

**मत कसरी बदर हुन्छ?**

१. **सम्बन्धित मतदान अधिकृतको दस्तखत नभएको मतपत्रबाट मतदान गरेमा,**

२. **औठा छाप लगाई वा तोकिएको छाप बाहेक अन्य चिन्ह वा छाप लगाई मत संकेत गरेमा,**

३. **मत संकेत चिन्ह नबुझिने गरी लतपतिएको वा च्यातिएको भएमा,**

४. **उम्मेदवारको निर्वाचन चिन्ह रहेको कोठामा मतसंकेत नगरी अन्यत्र मत संकेत गरेमा,**

५. **निर्वाचित गर्नु पर्ने संख्या भन्दा बढी उम्मेदवारको निर्वाचन चिन्ह भएको कोठामा छुट्टै मत संकत गरेमा,**

६. **एक भन्दा बढी उम्मेदवारको निर्वाचन चिन्ह भएको कोठामा मत संकेतको चिन्ह पर्ने गरी मत संकेत गरेमा,**

७. **मत संकेत नगरी मतदान अधिकृतलाई फिर्ता दिइएको ,**

८. **कुनै पनि उम्मेदवारको निर्वाचन चिन्हमा मत संकेत नगरेमा,**

९. **आयोगद्वारा निर्धारित मतपत्र बाहेक अन्यद्वारा मतदान गरेको पाइएमा,**

१०. मतपेटिका भन्दा  बाहिर राखिएको मतपत्रको मत ,

११. जाली मतपत्र वा आयोगले बदर  हुने भनी तोकेको मतपत्र पाइएमा ।

**मतदान केन्द्र निर्माण**

१. मतदान अधिकृतले मतदान केन्द्रको वरिपरी बढीमा एक सय मिटरसम्मको क्षेत्रलाई मतदान केन्द्रको क्षेत्र तोकेको हुनु पर्छ ।

२. मतदान केन्द्र सार्वजनिक भवन नभएमा खुला ठाउमा पाल, त्रिपाल वा स्थानीयस्तरमा उपलब्ध हुने अन्य सामग्री प्रयोग गरी निर्माण गरिएको हुनु पर्छ ।

३. प्रवेशद्वारमा 'भित्र' र निस्कने द्वारमा 'बाहिर' लेखिएको कार्डबोर्ड टासिएको हुनु पर्छ ।

४. प्रवेशद्वारमा मतदाताको क्रमसङ्ख्या उल्लेख भएको कार्डबोर्ड र लाम लाग्ने ठाउमा 'महिला', 'पुरुष' लेखिएको कार्डबोर्ड झुण्ड्याइएको हुनु पर्छ  । मतदान अधिकृतले सजिलै देख्ने गरी मतपेटिका, स्वस्तिक छाप र छापदानी राख्ने व्यवस्था गर्नु पर्छ ।

५. स्वस्तिक छाप र छापदानीलाई मतसंकेत गर्ने गोप्य कक्ष नजिकै पर्नेगरी राख्ने व्यवस्था गर्नु पर्छ,

६. मतदान कक्ष बनाउदा र मतपेटिका राख्दा होचो कदका मानिसको पहुचलाई पनि ध्यानमा राखी व्यवस्था गर्नु पर्छ ।

**मतदान केन्द्रमा कर्मचारी व्यवस्था**

१. मतदान केन्द्रलाई राम्रो रेखदेख गर्न सक्ने ठाउमा मतदान अधिकृत तथा सहायक मतदान अधिकृत बस्ने व्यवस्था गर्नु पर्दछ,

२. नाम रूजू गर्ने कर्मचारीसागै महिला/पुरुष मतदाताको तथ्याङ्क भर्ने, औंलामा चिनो लगाउने स्वयंसेवक र मतपत्र दिने कर्मचारी बस्ने व्यवस्था गर्नु पर्दछ,

४. मतदान कर्मचारीका पछाडि मतदान प्रतिनिधि राख्नु पर्दछ,

५. मतदातालाई पत्येक मतपत्र दिन छुटटा छुट्टै कर्मचारी राख्नु पर्दछ ।

६. पहिलो हुने निर्वाचित हुने निर्वाचनको मतपेटिकाको नजिकै समानुपातिक निर्वाचनको मतपत्र दिने कर्मचारी राख्नु पर्दछ,

७. मतदान गर्न लामवद्ध मतदातामध्ये पुरुषको लाइन मिलाउन पुरुष स्वयंसेवक र महिला मतदाताको लाइन मिलाउन महिला स्वयंसेवक रहने व्यवस्था गर्नु पर्दछ,

८. समानुपातिक निर्वाचन अन्तर्गतको मतपत्र दिने कर्मचारीको सामुन्नेमा सहायक मतदान अधिकृत र कार्यालय सहयोगी रहने व्यवस्था गर्नु पर्दछ ।

**स्वयंसेवकको नियुक्ति**

मतदान अधिकृतले मतदान केन्द्रमा देहायका कार्यमा सहयोग गर्नको लागि तोकेबमोजिमको सङ्ख्यामा स्वयंसेवक नियुक्त गर्न सक्ने व्यवस्था छ :

१. महिला/पुरुष मतदाताको तथ्याङ्क फाराम भर्न,
२. नङमा नउड्ने मसीको चिन्ह लगाउन (महिला),
३. महिला/पुरुषको लाइन मिलाउन,
४. थप सहायक कर्मचारीको रूपमा काम गर्न,
५. थप कार्यालय सहयोगीको रूपमा काम गर्न ।

**सर्वदलीय सर्वपक्षीय बैठक**

मतदान अधिकृत र सहायक मतदान अधिकृतले मतदान स्थलमा पुगेपछि राजनीतिक दल, उम्मेदवार र निजका प्रतिनिधि बोलाई मतदान कार्य सुचारु रूपले सञ्चालन गर्न सर्वपक्षीय बैठकको आयोजना गर्दछन् । उक्त बैठकमा स्थानीय स्तरका सुरक्षा निकायका प्रतिनिधि, पर्यवेक्षक समेतलाई आमन्त्रण गरी मतदान प्रक्रियाका बारेमा जानकारी दिनुका साथै मतदान कार्यलाई सफलतापूर्वक सम्पन्न गर्न र मतदान केन्द्रको सुरक्षा व्यवस्था मिलाउन आवश्यक छलफल गरिन्छ ।

**मतदान प्रतिनिधि (Polling Agent) को नियुक्ति**

**मतदान कार्यमा राजनीतिक दलको तर्फबाट मतदान केन्द्रमा गर्नुपर्ने काम गर्नको लागि राजनीतिक दल तथा उम्मेदवारको तर्फबाट मतदान प्रतिनिधि नियुक्ति गर्न सक्ने व्यवस्था रहेको छ । प्रत्येक राजनीतिक दल वा उम्मेदवारले प्रत्येक मतदान केन्द्रको लागि एकजना मतदान प्रतिनिधि नियुक्त गरी खटाउन सक्छन् । मतदान प्रतिनिधि सम्बन्धित निर्वाचन क्षेत्रको मतदाता हुनुपर्छ ।**

**मतदान सञ्चालन एवं मतदान प्रक्रिया**

**प्रक्रिया -१**

**सर्वप्रथम मतदान केन्द्रभित्र प्रवेश गर्दा प्रवेश द्वारको मुखमा नै मतदान केन्द्रमा खटिएका कर्मचारी रहेका हुन्छन् । तिनीहरूको ठीक पछाडि राजनीतिक दल र उम्मेदवारका मतदान प्रतिनिधि बसेका हुन्छन् । मतदान केन्द्रभित्र प्रवेश गर्ने मतदातालाई फोटोसहितको मतदाता नामावली रूजू गर्ने कर्मचारीले तपाईको नाम, घरको ठेगाना ( वडा), मतदाता क्रमसङ्ख्या जस्ता विवरण सोध्छन् । मतदाताले ती कर्मचारीहरूलाई मतदाता परिचय पत्र देखाउनु पर्छ । कर्मचारीले मतदातासाग आवश्यक कुरा सोधी नामावलीमा रहेको फोटो भिडाएर हेर्छन् र वास्तविक मतदाता रहेछ भने मतदाता नामावलीमा रहेको मतदाताको नाम अगाडि रेजा चिन्ह लगाउछन् ।**

**प्रक्रिया -२**

**मतदानमा सहभागी मतदातामध्ये कति महिला र कति पुरूष मतदाताले मतदान गरे भनी तथ्यार्ा सर्ालनका लागि महिला/पुरूष तथ्यार्ा फाराम भर्ने स्वयंसेवक वसेका हुन्छन् । स्वयंसेवकले मतदातालाई हेरेर महिला भए महिलामा वा पुरूष भए पुरूष तथा तेश्रो लिÍ के हो भनी तथ्यार्ा फाराममा चिन्ह लगाउाछन् ।**

**प्रक्रिया -३**

**मतदाताले मतदान गरे नगरेको भनी पत्ता लगाउन मतदाताको वाया हातको बूढी औंलामा नङ र मासुको जोर्नीमा पर्नेगरी नउड्ने मसी (मार्कर) लगाउने स्वयंसेवक ( महिला) बसेका हुन्छन् । निजले हरेक मतदाताको बूढी औंलामा नउड्ने मसी(मार्कर) लगाउाछन् ।**

**प्रक्रिया -४**

**यहाा मतदातालाई मतपत्र दिने कर्मचारी बसेका हुनेछन् । मतदातालाई मतपत्रको अर्धकट्टीमा सहीछाप गराई मतपत्र उपलब्ध गराइन्छ । ल्याप्चे मात्र लगाउने मतदाता रहेछ भने मतपत्र दिनु पूर्व कपडामा हात पुछ्न लगाउनुपर्छ ।**

***मतदाताले मतपत्र लिंदा मतदान अधिकृतको सहि भए नभएको यकिन गर्नुपर्छ ।***

**प्रक्रिया -५**

**मतदाताले मतपत्र लिई आफुलाई गोप्य मतदान कक्षमा गई स्वस्तिक छापलाई स्टाम्प प्याडमा चोपी कहिं पनि मसी नलतपतिने गरी स्वस्तिक छापले मत संकेत गर्नु पर्दछ ।**

**यसरी मतसंकेत गरेको मतपत्रलाई राम्ररी पट्याएर संगै राखेको मतपेटिका खसाल्नु पर्दछ । यसैगरी अरू पनि मतपत्र भए निर्वाचन अधिकारीसंग मतपत्र लिएर गोप्य कक्षमा गई स्पष्ट छाप लगाइ मत पेटिकामा खसाल्नु पर्दछ । मत पेटिकामा मतपत्र खसालि सके पछि मतदान कक्षबाट तथा मतदान केन्द्रबाट बाहिरीनु पर्दछ ।**

**सम्झनु पर्ने मुख्य मुख्य बुदा**

१. मतदातालाई मतदान गर्न तोकिएको निश्चित स्थानलाई मतदान केन्द्र भनिन्छ । मतदाता लाइनबाट मतदान गर्ने स्थलमा प्रवेश गर्ने विन्दुमा सुरक्षाकर्मी राख्नुपर्ने ।

२. मतदान केन्द्र निर्माणपश्चात् मतदान कार्यमा खटिएका सहायक कर्मचारी, स्वयंसेवक र सुरक्षाकर्मीलाई मतदानको दिन उनीहरूले निर्वाह गर्नुपर्ने भूमिका सम्बन्धमा मतदान अधिकृत र सहायक मतदान अधिकृतले प्रष्ट पार्नुपर्छ ।

३. मतदान अधिकृतले मतदान केन्द्रमा मतदानसम्बन्धी कार्यमा सहयोग गर्नका लागि निर्वाचन स्वयंसेवकको नियुक्ति गर्दछ ।

४. सर्वप्रथम मतदान केन्द्रभित्र प्रवेश गर्दा प्रवेशद्वारको मुखमा नै मतदान केन्द्रमा खटिएका कर्मचारी रहेका हुन्छन् । तिनीहरूको ठीक पछाडिपट्टी राजनीतिक दलका प्रतिनिधि र उम्मेदवारका प्रतिनिधि बस्ने प्रवन्ध गर्नुपर्छ ।

५. मतदान अधिकृत र सहायक मतदान अधिकृतले मतदान केन्द्र निर्माण गरिसकेपछि राजनीतिक दल, उम्मेदवार र निजका प्रतिनिधि बोलाइ मतदान कार्य सुचारु रूपले सञ्चालन गर्न सर्वपक्षीय बैठकको आयोजना गर्नु पर्छ ।

६. मतदान कार्यमा राजनीतिक दलको तर्फबाट मतदान केन्द्रमा गर्नुपर्ने काम गर्नको लागि राजनीतिक दल तथा उम्मेदवारको तर्फबाट मतदान प्रतिनिधि नियुक्ति गर्न सक्ने व्यवस्था छ ।

## ४.५ NOTA:माथिका कोही पनि होइनन् (None of the above)

NOTA **निर्वाचनसंग सम्बन्धित विषय हो ।** NOTA **को अर्थ** None of the above**अर्थात माथिका कोही पनि होइनन् भन्ने जनाउाछ । यसको इतिहास अध्ययन गर्ने हो भने विश्वमै सन १९७६ मा संयुक्त राज्य अमेरिकामा सबै भन्दा पहिला** ल्इत्ब**को प्रयोग भएको थियो ।**

NOTA**को विकल्पले निर्वाचनमा मतदाताको मतदान गर्ने अधिकार सुनिश्चित गराउाछ । कुनै मतदातालाई उम्मेदवार /राजनीतिक दल मन नपरेको कारण मतदान गर्न नजाने भन्ने अवस्था रहदैन । यस्तो अवस्थामा मतदाताले मतदानमा भाग लिने तर कुनै उम्मेदवार या राजनीतिक दललाई मतदान गर्न उचित नलागेको अवस्थामा** NOTA**को प्रयोग गरी**

मतदानमा सहभागी हुनेछन् । यसरी ल्इत्बको प्रयोगबाट मतदाताले निर्वाचन प्रक्रियामा सहभागिता जनाइ आफनो मताधिकारको प्रयोग गरेको तर मन नपरेको उम्मेदवार वा राजनीतिक दललाई सुधारको लागि नैतिक दवावस्वरूप विकल्प दिइएको मान्नु पर्दछ ।


हाल ल्इत्बको प्रयोग अमेरिका, भारत, बंगलादेश, फ्रान्स, बेल्जियम, स्पेन, कोलम्बीया, स्वीडेन, चिली र ग्रिस जस्ता देशमा प्रयोग भईरहेको छ । नेपालमा पनि वि.सं. २०७४ मा सर्वोच्च अदालतले NOTAको प्रयोग गर्ने व्यवस्थाका लागि सरकारलाई ध्यानाकर्षण गराएको थियो ।

सिद्धान्ततः ल्इत्बको प्रयोग सकारात्मक देखिए तापनि यसले ल्याउने परिणाम अध्ययन गर्ने हो भने यसको प्रयोगले नकारात्मक असर पनि पर्ने हुन सक्छ । यदि कुनै निर्वाचनमा ८० प्रतिशत मतदान भयो तर त्यसमध्ये ५० प्रतिशत मत NOTA मा आयो भने राज्यले यस भन्दा अगाडि के गर्नेभन्ने सवाल उठ्न सक्छ । धेरै प्रतिशत जनताले नचाहादा नचाहादै उम्मेदवार वा राजनीतिक दलले गरेको शासन कति बैधानिक होला भन्ने सवाल उठ्नु पनि स्वभाविक हुन्छ । यदि राज्यले NOTAको प्रयोग सम्बन्धी व्यवस्था गर्ने हो भनेसंगसंगै उठ्न सक्ने सवालहरूको समाधानका उपाय समेत पहिल्याउनु पर्दछ । यी सबै कारणले गर्दा हाल नेपालमा ल्इत्बको प्रयोग छलफलको एक विषय बनेको छ ।

### ४.६ मतगणना र परिणाम घोषणा

निर्वाचन व्यवस्थापनमा मतदानको दिन (Polling Day) लाई सवैले बिशेष ढंगबाट नियालिरहेका हुन्छन् । यसैगरी सरोकारवालाले अत्यन्त प्रतिक्षाकासाथ हेर्ने अर्को महत्वपूर्ण निर्वाचन प्रक्रिया भनेको मतगणना र परिणाम घोषणाको कार्य हो । यो प्रक्रिया छिटो, त्रुटिरहित, निष्पक्ष र पारदर्शी ढंगबाट हुनु पर्छ । मतगणना र परिणाम घोषणामा हुने कमी कमजोरीले सम्पूर्ण निर्वाचन व्यवस्थापनलाई  निष्फल बनाउन सक्ने हुादा निर्वाचनको मतगणना र परिणाम घोषणाको कार्यलाई अत्यन्त व्यवस्थित ढंगबाट अगाडि बढाउनु पर्दछ ।

निर्वाचन अधिकृतले मतदान कार्य समाप्त भई मतगणना कार्य शुरू हुनुभन्दा अघिको अवस्थामा गर्नुपर्ने  क्रियाकलापहरूको सूची तयार गरी सो को सिलसिलावद्ध क्रम निर्धारण गरेमा मतगणनाको कार्यलाई सहज रूपले अघि बढाउन सकिन्छ । यसका लागि निर्वाचन अधिकृतहरूले देहाय बमोजिमको कार्य योजना तयार गरी सोही आधारमा काम कारवाही अघि बढाउनु उचित र व्यवहारिक हुन्छ ।




- मतदान अधिकृतबाट मतपेटिका, मत संकेत गर्ने छाप, प्रयोग नभएको मतपत्र र खामबन्द गरिएका सम्पूर्ण कागजातहरू निर्वाचन अधिकृतले बुझी सुरक्षित रुपमा भण्डारण गर्नुपर्छ,
- मतपेटिका राख्दा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गतका मतपेटिका र समानुपातिक निर्वाचन प्रणाली अन्तर्गतका मतपेटिका छुट्टाछुट्टै मिलाएर राख्नुपर्छ,
- मतपेटिका राखेको कोठा बाहिर राजनैतिक दलका प्रतिनिधि वा उम्मेदवार वा तिनको प्रतिनिधि बस्न वा कुर्न चाहेमा निर्वाचन अधिकृतले अनुमति दिनुपर्छ ।

**मतगणनाका चरणबद्ध कार्यहरू**

- सबै मतदान केन्द्रबाट मतपेटिका प्राप्त नभएसम्म मतगणना गर्ने सूचना प्रकाशित गर्नुहुादैन,
- मतगणना स्थलको व्यवस्था,
- दुवै प्रणालीको गणना एकैसाथ संभव छ वा छैन,
- मतगणना गर्न लाग्ने अनुमानित समय,
- आवश्यक पर्ने मतगणना कर्मचारी र टोली संख्या,
- मतगणना कर्मचारीको अभिमुखीकरण,

- मतपेटिका र मतदान सामग्रीको रूजु गर्ने, बुझ्ने, भण्डारण गर्ने ठाउ र जनशक्ति व्यवस्था ,
- सर्वदलीय बैठक,
- मतगणना स्थलमा बत्तिको व्यवस्था त्यसको वैकल्पिक व्यवस्था,
- मतगणना स्थलको सुरक्षा व्यवस्था,
- मतगणना प्रतिनिधिको नियुक्ति र मतगणनाको सूचना प्रकाशन,
- मतगणना निर्देशिका र तोकिएका फारम को ढाचामा मतगणनाका चरणबद्ध मुचुल्का तयार पारी प्रतिनिधिको सहीछाप,
- FPTP तर्फको निर्वाचन परिणाम घोषणा,
- विजयी उम्मेदवारलाई प्रमाण पत्र दिने,
- मतगणनाको विवरण फारम तयार गरी आयोगमा पठाउने,
- समानुपातिक निर्वाचन प्रणाली तर्फको मतगणना तालिका फारम तयार गरी आयोगमा पठाउने,
- मतगणना परिणाम तालिका स्थानीय सूचना पाटीमा टास गर्ने ।

# सत्रः ५

# निर्वाचन व्यवस्थापन गर्ने निकायको रूपमा निर्वाचन र आयोग सम्वद्ध कानूनहरू

## ५.१ निर्वाचन आयोग

निर्वाचन कार्यक्रम विशिष्ट प्रकृतिको हुन्छ । यसको व्यवस्थापन निर्वाचन सम्बन्धी विशिष्ट जिम्मेवारी भएको व्यवसायिक निकायबाट गर्न उपयुक्त हुन्छ । ती निकायहरू स्थायी वा अस्थायी एवम् केन्द्रीकृत अथवा विकेन्द्रीकृत प्रकृतिका हुन सक्छन् । हरेक संरचनाका आ–आनै फाइदा र बेफाइदा छन् । त्यसैले निर्वाचन व्यवस्थापन गर्ने निकायको निर्धारण गर्दा मुलुकको वस्तुस्थितिलाई लेखाजोखा गरी गरिनु व्यवहारिक हुन्छ ।विश्वका विभिन्न मुलुकमा निर्वाचनलाई व्यवस्थापन गर्ने निकायहरूका विभिन्न पद्धति (मोडल) पाउन सकिन्छ । जुनसुकै पद्धति प्रयोग भए पनि निर्वाचन व्यवस्थापन गर्ने सबै निकायले निर्वाचनसम्बन्धी तल दिए बमोजिमका निर्देशक सिद्धान्तहरूको पालना गर्नुपर्छ :

निर्वाचन व्यवस्थापन गर्ने निकाय **(EMB)**ले पालना गर्नुपर्ने निर्देशित सिद्धान्तः

क) स्वतन्त्रता (Independent)

ख) निष्पक्षता(Impartiality)

ग) निष्ठा(Integrity)

घ) पारदर्शिता (Transparency)

ङ) प्रभावकारिता (Effectiveness)

च) व्यावसायिकता (Professionalism)

छ) सेवामूखीपन (Service Mindedness)

निर्वाचन व्यवस्थापन गर्ने निकाय(EMB)देहायका केही अथवा सबै तत्वहरूको व्यवस्थापन गर्ने उद्देश्यका साथ गठन भएका हुन्छन् :

१. मतदान गर्न को योग्य छ ? भनी निर्धारण गर्ने,
२. निवार्चनका लागि राजनीतिक दल वा उम्मेद्वारहरूको मनोनयन प्राप्त गर्न तथा निधार्रण गर्ने,
३. दल दर्ता गर्ने,



४. मतदान कार्य सञ्चालन गर्ने,

५. मतगणना गरी परिणाम घोषणा गर्ने ।

विश्वमा निर्वाचन व्यवस्थापन गर्ने निकायका तीन वटा पद्धतिहरू प्रचलनमा छन् :

(क) स्वतन्त्र र स्वायत्त पद्धति

निर्वाचन व्यवस्थापनको स्वतन्त्र पद्धतिको एक प्रमुख विशेषता भनेको संस्थागतरूपमा सरकारी नियन्त्रणबाट स्वतन्त्र हुनु हो । यो पद्धति लागू भएको देशहरूमा निर्वाचन आयोग कार्यकारिणी निकायबाट स्वतन्त्र र स्वायत्त हुने हुन्छन् । आफ्नो काम कारवाहीको लागि संसदप्रति जिम्मेवार हुन्छन् । उदाहरणका लागि भारत, मेक्सिको, दक्षिण अफ्रिका, नेपाललाई लिन सकिन्छ ।

(ख) सरकारी पद्धति

सरकारी पद्धतिमा सरकार अन्तर्गत रहेको निकायले निर्वाचन व्यवस्थापन गर्ने प्रजातान्त्रिक शासन पद्धति स्थापना भइसकेको सरकार र खासगरी कर्मचारीतन्त्रको तटस्थता प्रति जनताको विश्वास भएका देशहरूमा यस्तो पद्धति रहेको पाइन्छ । जस्तैः जर्मनी, स्वीडेन र नर्वे तर यस्ता देशहरू पनि स्वतन्त्र निकायतर्फ आकर्षित हुादै गएका छन् ।

(ग) मिश्रित पद्धति

मिश्रित पद्धति स्वभावैले दुई पद्धतिको समिश्रणबाट निर्धारण भएको निर्वाचन व्यवस्थापन निकाय (EMB) हो । जसअन्तर्गत नीतिगत अनुगमनकारी अधिकार भएको स्वतन्त्र निकाय तथा निर्वाचन प्रक्रिया कार्यान्वयन गर्ने जिम्मेवारी लिएको सरकारी निकायको संलग्नता रहने गर्दछ । उदाहरणका लागि स्पेन, कोस्टारिका, अर्जेन्टिना, फ्रान्स, जापान आदि पर्दछन् ।

उल्लेखित जुनसुकै पद्धति प्रयोग भए पनि हरेक निर्वाचन व्यवस्थापन गर्ने निकायले आफूले जिम्मेवारी लिएका प्रक्रियाहरूको औचित्य तथा वैधानिकताबारे सुनिश्चित गर्न सक्ने कुरा यकिन गर्नुपर्छ । उक्त कुरा तब मात्र संभव हुन्छ जब यसका माथि उल्लेखित सिद्धान्तहरूको जगमा टेकिन्छ ।

## ५.२ निर्वाचन आयोग

नेपालमा निर्वाचन व्यवस्थापन गर्ने निकाय निर्वाचन आयोग हो । नेपालको संविधानको भाग २४, धारा २४५ मा नेपालमा निर्वाचन व्यवस्थापन गर्ने निकायको रूपमा निर्वाचन आयोग रहने संवैधानिक व्यवस्था गरिएको छ । संविधान अनुसार नेपालको निर्वाचन आयोग स्वतन्त्र संवैधानिक निकाय हो । निर्वाचन आयोगमा प्रमुख निर्वाचन आयुक्त र

अन्य ४ जना आयुक्त रहने व्यवस्था गरिएको छ । प्रमुख निर्वाचन आयुक्तले आयोगको अध्यक्ष भई काम गर्ने व्यवस्था  रहेको छ ।

### ५.२.१ निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार (नेपालको संविधानको धारा २४५ बमोजिम)

- निर्वाचन आयोगले यस संविधान र संघीय कानूनको अधीनमा रही राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने,
- निर्वाचनको प्रयोजनका लागि मतदाताको नामावली तयार गर्ने कार्य निर्वाचन आयोगले गर्दछ,
- निर्वाचन आयोगले यस संविधान र संघीय कानून बमोजिम राष्ट्रिय महत्वको विषयमा जनमत संग्रह गराउन सक्ने,
- राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभा सदस्य स्थानीय तहका सदस्यका लागि उम्मेदवारीको मनोनयन दर्ता भइसकेको तर निर्वाचन परिणाम घोषणा भई नसकेको अवस्थामा कुनै उम्मेदवारको योग्यता सम्बन्धमा कुनै प्रश्न उठेमा त्यसको निर्णय गर्ने,
- संविधानको धारा २६९, २७० र २७१ बमोजिम राजनीतिक दल दर्ता र व्यवस्थापन गर्ने,
- आयोगले आफूले गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन संविधानको धारा २९४ बमोजिम राष्ट्रपति समक्ष पेश गर्ने र प्रत्येक प्रदेशको काम कारवाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने,
- संविधानको धारा २४७ बमोजिम निर्वाचन आयोगलाई आफ्नो काम पूरा गर्न आवश्यक पर्ने कर्मचारी र अन्य सहयोग नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले उपलब्ध गराउनु पर्ने ।

### ५.२.२ निर्वाचन आयोग ऐन २०७३ बमोजिम निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार

क. सुरक्षा प्रबन्ध गर्न लेखी पठाउन सक्ने

आयोगले निर्वाचनको प्रभावकारी सुरक्षा व्यवस्थापनका लागि नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय सरकारलाई लेखी पठाउन सक्ने ।

ख. अनुगमन गर्ने वा गराउने

आयोगले आयोगका पदाधिकारी वा कर्मचारी वा नेपाल सरकारका कर्मचारी वा प्रदेश सरकारका कर्मचारी वा विशेषज्ञ सहितका टोली गठन

गरी निर्वाचन प्रचार प्रसार, निर्वाचनसाग सम्बन्धित मतदान, मतगणना वा अन्य काम कारबाहीको अनुगमन गर्न वा गराउन सक्ने ।

ग. पर्यवेक्षण गर्न दिन सक्ने

कुनै स्वदेशी वा विदेशी व्यक्ति वा संस्थालाई निर्वाचनसाग सम्बन्धित काम कारबाहीको पर्यवेक्षण गर्नका लागि आयोगले अनुमति दिन सक्ने । अनुमति प्राप्त गरेका व्यक्ति वा संस्थाले पर्यवेक्षण कार्य समाप्त भएको तीस दिन भित्र त्यसको प्रतिवेदन आयोग समक्ष दिनु पर्ने । अनुमति प्राप्त गरेका स्वदेशी वा विदेशी व्यक्ति वा संस्थाले पर्यवेक्षण गर्दा आयोगले बनाएको आचारसंहिता पालना गर्नु पर्ने ।

घ. सहयोग लिन सक्ने

आयोगले निर्वाचनको कामका लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा नेपाल सरकार वा प्रदेश सरकारको कुनै मन्त्रालय, विभाग वा कार्यालय वा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्थासाग सोझै सम्पर्क राख्न र त्यस्ता संस्था वा निकायबाट कुनै पनि सहयोग लिन वा त्यस्ता संस्था वा निकायबाट निर्वाचन सम्बन्धी काम गराउन सक्ने । आयोगले मागेको सहयोग उपलब्ध गराउनु सम्बन्धित संस्था वा निकायको कर्तव्य हुने ।

ङ. भौतिक साधन प्रयोग गर्न सक्ने

आयोगले निर्वाचनको काम सञ्चालन गर्नका लागि नेपाल सरकार, प्रदेश सरकार, नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्था वा स्थानीय तहको जग्गा, भवन, परिवहनको साधन, फर्निचर वा अन्य जुनसुकै भौतिक साधन पूर्व सूचना दिई आवश्यकता अनुसार प्राप्त गरी प्रयोग गर्न सक्ने ।

च. उम्मेदवारको अयोग्यता सम्बन्धी निर्णय गर्ने

उम्मेदवारको मनोनयन दर्ता भइसकेको तर निर्वाचन परिणाम घोषणा भई नसकेको अवस्थामा कुनै उम्मेदवार अयोग्य छ वा हुन गएको छ भन्ने विषयमा स्पष्ट प्रमाण सहित सम्बन्धित निर्वाचन अधिकृत मार्फत निर्वाचन आयोग समक्ष उजुरी दिन सकिने र सात दिनभित्र उम्मेदवारको अयोग्यता सम्बन्धमा निर्णय गरिसक्नु पर्ने ।

छ. निर्वाचन रद्द गर्न सक्ने

कुनै निर्वाचन क्षेत्र वा मतदान केन्द्रमा निर्वाचनको कुनै काम वा मतदानको कामको निष्पक्षता र स्वतन्त्रतामा असर पुऱ्याउने काम गरेको छ भनी आयोगमा उजुरी परेमा वा त्यस्तो कुराको जानकारी आयोगलाई


प्राप्त भएमा आयोगले तत्काल जाचबुझ गराउन सक्ने र जाचबुझको प्रतिवेदनबाट निर्वाचनको कुनै काम स्वतन्त्र र निष्पक्ष नभएको कुरामा आयोग विश्वस्त भएमा त्यस्तो निर्वाचन क्षेत्रको कुनै वा सबै मतदान केन्द्रको मतदानको काम रद्द गर्न सक्ने ।

संविधान, ऐन र अन्य सङ्घीय कानूनमा उल्लेख भएका काम, कर्तव्य र अधिकारको अतिरिक्त आयोगको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ :

१. निर्वाचन सम्बन्धी नीति, योजना, रणनीति तयार गर्ने, त्यसको कार्यान्वयन र अनुगमन गर्ने,
२. मतदाता पहिचानको लागि आवश्यक व्यवस्था मिलाउने,
३. निर्वाचन सम्बन्धी सुधारका विषयमा आवश्यक अध्ययन, अनुसन्धान गर्ने,
४. निर्वाचन सम्बन्धी सूचना तथा तथ्या‍ लाई एकीकृत गरी अभिलेखको व्यवस्थापन गर्ने,
५. निर्वाचन कार्यालयहरुको पूर्वाधार विकास सम्बन्धी आवश्यक व्यवस्था मिलाउने,
६. निर्वाचन सम्बन्धी विशेषज्ञ सेवा दिने व्यवस्था मिलाउने,
७. निर्वाचनसाग सम्बन्धित अन्तर्राष्ट्रिय संघ संस्थासाग सम्बन्ध विस्तार गर्ने ।

निर्वाचन गराउन मिति तोक्ने अधिकार नेपाल सरकारमा छ । तर त्यस्तो निर्वाचनको मिति तोक्नु भन्दा अघि नेपाल सरकारले आयोगको परामर्श लिनु पर्ने व्यवस्था छ । तर राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन मिति निर्वाचन आयोगले नेपाल सरकारको परामर्श लिई तोक्ने व्यवस्था छ । निर्वाचन मिति तोकिएको सूचना नेपाल राजपत्रमा प्रकाशन गरिन्छ । आयोगले नेपाल सरकारसंग सम्पर्क गर्दा गृह मन्त्रालय मार्फत गर्ने गर्दछ । माथि उल्लेखित कार्य सम्पादन गर्नका लागि देहाय बमोजिम सङगठनात्मक व्यवस्था गरिएको छ ।

## ५.३ निर्वाचन आयोगको सङगठनात्मक व्यवस्था



## ५.४ जिल्ला निर्वाचन कार्यालयको कार्यक्षेत्र र अधिकार

१. मतदाता नामावली सङ्कलन, दर्ता र रूजु गरी अद्यावधिक गर्ने,

२. मतदाता परिचयपत्र सम्बन्धी तोकिएका कार्यहरू गर्ने गराउने,

३. निर्वाचन सामग्रीहरूको अभिलेख राख्ने, भण्डार तथा मर्मत संभारको व्यवस्था गर्ने,

४. जिल्लास्तरमा तोकिएका निर्वाचन प्रचार प्रसारसम्बन्धी कामहरू गर्ने,

५. कार्यालयको दैनिक प्रशासन तथा लेखासम्बन्धी कार्यहरू गर्ने,

६. आयोगले तोकेबमोजिमको विवरणसहित मतदान केन्द्र, उपकेन्द्रको लगत राख्ने,

७. जिल्लास्तरमा निर्वाचनसम्बन्धी गोष्ठी, प्रशिक्षण, प्रचार प्रसार कार्यहरूको व्यवस्था मिलाउने,

८. निर्वाचन आयोगको जिल्लास्तर कार्यालयको रूपमा समय समयमा निर्देशित अन्य कार्यहरू गर्ने ।

## ५.५ निर्वाचन सम्बन्धी कानुनहरू

### ५.५.१ निर्वाचनसम्बन्धी कानुनी संरचना

सामान्यतया निर्वाचनको लागि कानुनी संरचना भन्ने शब्दावलीले यस अन्तर्गतका महत्वपूर्ण कानुनी सामग्री कागजात आदिलाई बुझाउछ । मूलतः निर्वाचनका लागि कानुनी संरचनाअन्तर्गत निम्न कुराहरू पर्दछन् :

(क) अन्तर्राष्ट्रिय कानुन/सम्झौता आदि,


(ख) निर्वाचनसम्बद्ध संवैधानिक प्रावधानहरू,

(ग) व्यवस्थापिकाले पारित गरेका निर्वाचनसम्बन्धी कानुन तथा निर्वाचनलाई प्रभावित पार्ने अन्य सबै कानुनहरू,


(घ) निर्वाचनसम्बन्धी कानुन तथा सरकारले निर्माण गरेका अन्य महत्वपूर्ण कानुनहरूसाग सम्बद्ध सबै नियमावलीहरू,

(ङ) निर्वाचनसम्बन्धी कानुन तथा निर्वाचन व्यवस्थापनसम्बन्धी जिम्मेवार निकायले जारी गरेका नियमावलीसाग सम्बन्धित महत्वपूर्ण निर्देशिकाहरू, निर्देशनहरू र सम्बन्धित आचारसंहिताहरू ।

## ५.५.२ निर्वाचन कानुन संरचनाको विभिन्न तह



### ५.५.३ कानुन निर्माण प्रक्रियाको तालिका




### ५.५.४ नेपालमा निर्वाचनसम्बन्धी कानुनी संरचना

**संविधान: नेपालको संविधान**

**ऐन**

1. **निर्वाचन आयोग ऐन, २०७३**
2. **मतदाता नामावली ऐन, २०७३**
3. **स्थानीय तह निर्वाचन ऐन, २०७३**
4. **निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३**
5. **राजनीतिक दल सम्बन्धी ऐन, २०७३**
6. **निर्वाचन क्षेत्र निर्धारण ऐन,२०७३**
7. **प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४**
8. **प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४**
9. **राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४**
10. **राष्ट्रिय सभा सदस्य निर्वाचन अध्यादेश, २०७४**

**नियमावली**

1. **निर्वाचन आयोग नियमावली, २०७३**
2. **राजनीतिक दल सम्बन्धी नियमावली, २०७४**

3. **मतदाता नामावली सम्बन्धी नियमावली, २०६८**

## आचार संहिता

1. **निर्वाचन आचार संहिता, २०७२**

## स्थानीय तह निर्वाचन सम्बन्धी नीति, नियमावली, आचार संहिता तथा निर्देशिकाहरू

1. **स्थानीय तह निर्वाचन नियमावली, २०७३**
2. **स्थानीय तह निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७३**
3. **स्थानीय तह निर्वाचन मतदाता शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७३**
4. **निर्वाचन आचार संहिता अनुगमन निर्देशिका, २०७३**
5. **स्थानीय तह निर्वाचन (आर्थिक) निर्देशिका, २०७३**
6. **स्थानीय तह निर्वाचन अनुगमन निर्देशिका, २०७३**
7. **स्थानीय तह निर्वाचन पर्यवेक्षण नीति, २०७३**
8. **स्थानीय तह निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७३**
9. **राष्ट्रिय पर्यवेक्षकहरूका लागि स्थानीय तह निर्वाचन पर्यवेक्षण आचार संहिता, २०७३**
10. **स्थानीय तह निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७३**
11. **स्थानीय तह निर्वाचन निर्देशिका, २०७३**
12. **स्थानीय तह निर्वाचन आचार संहिता अनुगमन निर्देशिका, २०७४**
13. **स्थानीय तह निर्वाचन विवाद निरूपण निर्देशिका, २०७४**
14. **स्थानीय तह निर्वाचन (कसूर तथा सजाय) निर्देशिका, २०७४**
15. **स्थानीय तह निर्वाचन (मतदान) निर्देशिका, २०७४**
16. **स्थानीय तह निर्वाचन (मतगणना) निर्देशिका, २०७४**
17. **गाउ कार्यपालिका तथा नगर कार्यपालिका निर्वाचन निर्देशिका, २०७४**
18. **जिल्ला समन्वय समिति निर्वाचन निर्देशिका, २०७४**

## प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन सम्बन्धी नीति, नियमावली तथा निर्देशिकाहरू

1. **प्रतिनिधि सभा सदस्य निर्वाचन नियमावली, २०७४**
2. **प्रदेश सभा सदस्य निर्वाचन नियमावली, २०७४**
3. **निर्वाचन पर्यवेक्षण नीति, २०७४**
4. **प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन पर्यवेक्षण निर्देशिका, २०७४**
5. **राष्ट्रिय पर्यवेक्षकहरूका लागि प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन पर्यवेक्षण आचार संहिता, २०७४**
6. **प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन अनुगमन निर्देशिका, २०७४**
7. **मतदाता शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७४**

8. प्रतिनिधिसभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७४
9. प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७४
10. प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन जनशक्ति (व्यवस्थापन) निर्देशिका, २०७४
11. प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य (आर्थिक) निर्देशिका, २०७४
12. प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन सुरक्षा (व्यवस्थापन) निर्देशिका, २०७४
13. प्रतिनिधि सभा सदस्य निर्वाचन तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका, २०७४
14. प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन कसूर तथा सजाय निर्देशिका, २०७४
15. प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन विवाद निरूपण निर्देशिका, २०७४
16. प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७४
17. प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन आचार संहिता अनुगमन निर्देशिका, २०७४
18. प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (मतदान) निर्देशिका, २०७४
19. प्रतिनिधि सभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन (सुरक्षा व्यवस्थापन) निर्देशिका, २०७४
20. प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन (मतगणना) निर्देशिका, २०७४

**राष्ट्रिय सभा सदस्य निर्वाचन सम्बन्धी नियमावली तथा निर्देशिकाहरू**

1. राष्ट्रिय सभा सदस्य निर्वाचन नियमावली, २०७४
2. राष्ट्रिय सभा सदस्य निर्वाचन (आर्थिक तथा जनशक्ति) निर्देशिका, २०७४
3. राष्ट्रिय सभा सदस्य निर्वाचन निर्देशिका, २०७४
4. राष्ट्रिय सभा सदस्य निर्वाचन (मतगणना) निर्देशिका, २०७४
5. राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन नियमावली, २०७४

### ५.५.५ मुख्य निवाचन अधिकृत(Chief Returning Officer)तथा निवाचन अधिकृत (Returning Officer)को भूमिका

निर्वाचन व्यवस्थापन एक बृहत व्यवस्थापिकीय कार्य हो । निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र विश्वसनीयरूपमा सम्पन्न गर्नका लागि प्रत्येक निर्वाचन प्रक्रियासम्बद्ध कानुनी संरचना निर्माण गरिएको हुन्छ । निर्वाचन कानुनमा व्यवस्था भएअनुसार फरक फरक निर्वाचनका लागि मुख्य मुख्य निवाचन अधिकृत (Chief Returning Officer) तथा निवाचन अधिकृत(Returning Officer) को नियुक्ती हुन्छ । सामान्यतया मुनिअ तथा निअको नियुक्ती नेपाल सरकारको न्याय सेवाबाट हुने गर्दछ ।सो सेवाबाट सवै उपलब्ध हुन नसकेमा अन्य सेवाबाट पनि खटाइने गरिन्छ । निर्वाचन क्षेत्र अनुसारको निर्वाचन सञ्चालनको जिम्मेवारी मुख्य निवाचन अधिकृत तथा निवाचन अधिकृतमा रहन्छ ।

**क. मुख्य निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार**

1. आयोगको निर्देशनको अधीनमा रही आफूलाई तोकिएको जिल्लाभित्रको निर्वाचन क्षेत्रहरुको निर्वाचन सम्बन्धी कामको समन्वय र सुपरिवेक्षण गरी आवश्यक निर्देशन दिनु मुख्य निर्वाचन अधिकृतको कर्तव्य हुने ।
2. मुख्य निर्वाचन अधिकृतले आफूलाई तोकिएको निर्वाचन क्षेत्रमा निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकारको प्रयोग र पालना समेत गर्ने ।

**ख. निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार**

1. आयोग र मुख्य निर्वाचन अधिकृतको निर्देशनको अधीनमा रही आफूलाई तोकिएको निर्वाचन क्षेत्रमा यस ऐन बमोजिम निर्वाचन गराउने सम्बन्धी सम्पूर्ण काम कारबाही स्वच्छ, निष्पक्ष र स्वतन्त्र रूपमा गर्नु, गराउनु निर्वाचन अधिकृतको कर्तव्य हुने ।
2. निर्वाचन अधिकृतको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुने ।
3. निर्वाचन अधिकृतले निर्वाचनको काम गर्न खटाएको कर्मचारीलाई आवश्यकता अनुसार आफ्नो अधिकार प्रत्यायोजन गर्न सक्ने । तर मनोनयनपत्र जाच्ने, मनोनयन पत्र सदर वा बदर गर्ने र मतगणनाको अन्तिम परिणाम घोषणा गर्ने अधिकार प्रत्यायोजन गर्न नसकिने ।
4. निर्वाचन अधिकृतले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका कर्मचारी, नेपाल सरकार, प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकार वा प्रदेश सरकारको अनुदानमा सञ्चालित संस्थाका कर्मचारी वा विश्वविद्यालय वा सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीलाई निर्वाचन सम्बन्धी कुनै काममा खटाउन वा लगाउन सक्ने । तर यसरी कर्मचारी वा शिक्षक खटाउादा कर्मचारीको हकमा निजको घर ठेगाना रहेको स्थानको सम्बन्धित वडामा र शिक्षकको हकमा निज कार्यरत स्थान र

निजको घर ठेगाना रहेको स्थानको सम्बन्धित वडामा नपर्ने गरी खटाउनु पर्ने ।

5. मतदान अधिकृतको नियुक्ति गर्ने : निर्वाचन अधिकृतले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका कर्मचारी, नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकार वा प्रदेश सरकारको अनुदानमा सञ्चालित संस्थाका कर्मचारी वा विश्वविद्यालय वा सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीलाई मतदान अधिकृत वा सहायक मतदान अधिकृत नियुक्त गर्न सक्ने । तर यसरी मतदान अधिकृत वा सहायक मतदान अधिकृत नियुक्त गर्दा कर्मचारीको हकमा निजको घर ठेगाना रहेको स्थानको सम्बन्धित वडामा र शिक्षकको हकमा निज कार्यरत स्थान र निजको घर ठेगाना रहेको स्थानको सम्बन्धित वडामा नपर्ने गरी नियुक्त गर्नु पर्ने ।
6. उम्मेदवारको अयोग्यता सम्बन्धी निर्णय गर्ने,
7. कुनै निर्वाचन क्षेत्रमा एक जना मात्र उम्मेदवार कायम हुन आएमानिर्विरोध निर्वाचित भएको घोषणा गर्ने,
8. निर्धारण गरिएको निर्वाचन चिन्ह दल र उम्मेदवारलाई तोकिए बमोजिम प्रदान गर्ने,
9. आचार संहिताको अनुगमन गर्ने र उल्लंघनकर्तालाई कारवाही,
10. निर्वाचन सम्वन्धी विवादको निरूपण गर्ने,
11. निर्वाचन अधिकृतले मतगणना गर्नु, गराउनु पर्ने
12. पहुनिहु तर्फका उम्मेदवार निर्वाचित भएको घोषणा गरी त्यस्तो उम्मेवारलाई आयोगले तोके बमोजिमको प्रमाणपत्र दिइ मत परिणाम आयोगमा पठाउनु पर्ने,
13. समानुपातिक निर्वाचन प्रणालीको मत परिणाम आयोगमा पठाउनु पर्ने ।

# सत्रः ६

# निर्वाचन आचार संहिताको पालना, अनुगमन र पर्यवेक्षण

## ६.१ निर्वाचन आचार संहिता

निर्वाचनको स्वच्छता, निष्पक्षता र विश्वसनियता कायम गर्न निर्वाचन आयोगले जारी गरेको निर्वाचनमा गर्न हुने र नहुने कार्यहरूको एकीकृत सूचीरसंहिता नै निर्वाचन आचार संहिता हो । यो एउटा नैतिक बन्धन(Moral Bindings) हो ।

### ६.१.१ आचार संहिता कस कस लाइ लागु हुन्छ ?

1. नेपाल सरकार र नेपाल सरकारको मन्त्री,
2. स्थानीय तह,
3. स्थानीय तहका कर्मचारी,
4. सार्वजनिक संस्थाका कार्यालय तथा कर्मचारी,
5. सरकारी तथा अर्धसरकारी संस्थाको कार्यालय तथा कर्मचारी,
6. नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग
7. जस्ता सुरक्षा निकायमा कार्यरत सुरक्षाकर्मी,
8. नर्वाचनको काममा संलग्न कर्मचारी,
9. राजनीतिक दल तथा राजनीतिक दलको भातृ संगठन,
10. उम्मेदवार तथा सम्बन्धित व्यक्ति,
11. सार्वजनिक पद धारण गरेको व्यक्ति (कुनै रूपमा नियुक्ति वा मनोनयन भई सरकारी कोषबाट तलब वा भत्ता बुझ्ने व्यक्ति)
12. पर्यवेक्षक,
13. सरकारी तथा निजी क्षेत्रका सञ्चार माध्यम,
14. निजी तथा गैरसरकारी संस्था,
15. आयोगले तोकेका अन्य निकाय वा व्यक्ति,
16. नेपाल सरकारको अनुदानमा सञ्चालित विश्वविद्यालय वा सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारी ।

माथि उल्लेख भए बमोजिमका संस्था, व्यक्ति, निकाय तथा अधिकारीलाई अलग-अलग मितिदेखि यो आचार संहिता लागू हुन्छ ।

### ६.१.२ सामान्य आचरण र विषयगत आचारण

आचार संहितामा सामान्य आचरण र विषयगत आचारण हुन्छन् ।

**सामान्य आचारण**

सामान्य आचारण भन्नाले उम्मेदवार, राजनीतिक दल तथा सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने सामान्य आचरण लाइ बुझाउंछ ।

1. सामान्य आचरण भन्नाले धर्म, सम्प्रदाय, जातजाति, लिË, भाषा, वर्ग, क्षेत्र वा समुदायको आधारमा घृणा वा द्वेष उत्पन्न हुने गरी कुनै क्रियाकलाप गर्न वा गराउन नहुने,
2. उम्मेदवार वा राजनीतिक दलको सदस्यको निजी जीवनलाई आघात पर्ने गरी आलोचना गर्न नहुने, तर उम्मेदवार वा राजनीतिक दलको सदस्यको नीति तथा कार्यक्रम र विगतमा निजले गरेको कामको बारेमा आलोचना गर्न बाधा पर्ने छैन ।
3. कुनै साम्प्रदायिक भावना फैलाउने गरी मत माग्न वा प्रचार प्रसार गर्न वा गराउन नहुने,
4. प्रचलित कानूनबमोजिम निर्वाचनसम्बन्धी कसूर मानिने कार्य गर्न वा गराउन वा त्यस्तो कार्य गर्न उक्साउन नहुने,
5. उम्मेदवार वा राजनीतिक दलले नेपाल सरकार, सार्वजनिक संस्था, स्थानीय तह वा कुनै परियोजनाको साधन स्रोत र सम्पत्ति आफ्नो पक्ष वा अर्काको विपक्षमा हुने गरी प्रयोग गर्न वा गराउन नहुने,
6. मतदातालाई नगद, जिन्सी वितरण गर्न, भोजभतेर आयोजना गर्न वा मादक पदार्थ सेवन वा वितरण गर्न वा गराउन नहुने, इत्यादि ।

**विषयगत आचरण**

उम्मेदवार, राजनीतिक दल तथा सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने विषयगत आचरण देहायबमोजिम रहेका :

**जुलुस, आमसभा, ऱ्याली, बैठक, भेला गर्दा पालन गर्नुपर्ने आचरण**

1. नागरिक वा व्यक्तिको स्वतन्त्रतासम्बन्धी हकको हनन नहुने गरी सभ्य तरिकाले जुलुस तथा आमसभा गर्नु पर्ने तथा कसैको विचारको विरोध गर्दा निजको घरको आसपास विरोध गर्न र प्रदर्शन गर्न वा गराउन नहुने,
2. स्थानीय प्रशासनको अनुमति नलिई उम्मेदवार वा राजनीतिक दलले सार्वजनिक स्थलमा कुनै किसिमको जुलुस, आमसभा, ऱ्याली, बैठक वा भेला गर्न वा गराउन नहुने,
3. उम्मेदवार वा राजनीतिक दलले जुलुस, आमसभा, ऱ्याली, बैठक वा भेला गर्नु अघि सुरक्षा प्रवन्धको लागि स्थानीय प्रशासन र प्रहरीलाई समय, मिति, मार्ग र स्थानको बारेमा कम्तिमा ४८ घण्टा अगावै जानकारी गराउनु पर्ने ।

### ६.१.३ आचार संहिता पालना नगर्नाले के हुन्छ ?

घटनाको प्रकृति अनुसार उम्मेदवारी रद्धदेखि जरीवाना तथा कैद सजायसम्म हुने व्यवस्था रहेको छ । निर्वाचन आयोग ऐन, २०७३ बमोजिम आचारसंहिता उल्लंघन गर्ने राजनीतिक दल, उम्मेदवार, व्यक्ति, संस्था, पदाधिकारी वा निकायलाई आयोगले एक लाख रूपैयाा सम्म जरिवाना गर्न सक्नेछ । यसैगरी आयोगले उम्मेदवारको उम्मेदवारी समेत रद्ध गर्न सक्नेछ ।

### ६.१.४ मौन अवधिमा पालना गर्नुपर्ने आचरण

मतदान हुनु भन्दा ठिक ४८ घण्टा अगाडि मौन अवधि( Silence Period ) को समय सुरू हुन्छ । यस अवधि मा कुनै पनि उम्मेदवार, राजनीतिक दल, कार्यकर्ताले निर्वाचन प्रचार प्रसार गर्न र मत माग्न हुदैन । यसैगरी उम्मेदवार वा राजनीतिक दलको निर्वाचन चिन्ह अंकित पहिरन, टोपी, स्टीकर, लोगो, झोला, ट्याटु जस्ता सांकेतिक सामग्रीको प्रयोग गर्न, बिक्री गर्न वा प्रदर्शन गर्न वा गराउन हुदैन । उम्मेदवार वा राजनीतिक दलको प्रचार प्रसार हुने गरी कुनै समाचार वा सूचना प्रकाशन वा प्रसारण गर्न समेत हुदैन ।

## ६.२ निर्वाचन पर्यवेक्षण

निर्वाचन तथा मतदान प्रक्रिया कानूनसम्मत ढËबाट सञ्चालन भएको छ/छैन भन्ने विषयमा स्थलगत अध्ययन र अवलोकन गर्ने देखि प्रतिवेदन पेश गर्नेसम्मका समग्र क्रियाकलापलाई निर्वाचन पर्यवेक्षण भनिन्छ । निर्वाचन पर्यवेक्षकको मुख्य काम भनेको निर्वाचन सम्बन्धी सम्पूर्ण क्रियाकलापहरू(राजनीतिक दल दर्ता, उम्मेदवारी दर्ता, उम्मेदवार चिन्ह प्रदान, निर्वाचन प्रचार प्रसार, संचार माध्यमको भूमिका, मतदान कार्यमा मतदाताको पहाुच, निर्वाचन सामग्री व्यवस्थापन, सुरक्षा व्यवस्था, मतदात शिक्षा, मतगणना, आदि कार्यहरू) निश्पक्ष र स्वतन्त्र रूपमा संचालन भए नभएको सुक्ष्म रूपमा पर्यवेक्षण गर्नु रहेको हुन्छ । पर्यवेक्षकहरूले पर्यवेक्षणको क्रममा तत्कालिन स्थानमा कुनै प्रतिक्रिया दिन पाउादैन तर उसले देखेका कमजोरीहरूलाई आफनो प्रतिवेदन मार्फत निर्वाचन आयोग तथा सम्बन्धित पदाधिकारी वा कार्यालयमा ध्यानाकर्षण गराउनु पर्दछ ।

निर्वाचन पर्यवेक्षण गर्न चाहने संघ संस्थाले निर्वाचनआयोगले तोकेको समय निर्वाचन आयोगमा आवश्यक कागजातका साथ आवेदन दिनु पर्दछ ।

### ६.२.१ पर्यवेक्षणको महत्व

1. निर्वाचनका सरोकारवालाहरूमा निर्वाचन प्रक्रियाका बारेमा विश्वास दिलाउन,
2. मतदाताहरूलाई मतको गोपनीयता र निर्वाचन प्रक्रियाहरू स्वच्छ, स्वतन्त्र र निश्पक्ष रहेको बारे विश्वास जगाउन,

3. निर्वाचनको समयमा विभिन्न पक्षबाट हुनसक्ने अवाञ्छित क्रियाकलाप कम गर्न,
4. उम्मेदवार, राजनैतिक व्यवस्था र राजनीतिक दलहरूप्रतिको सम्मानलाई बढाउदै लोकतान्त्रिक व्यवस्थामा हुनसक्ने सुधारका संभावनाहरूको पहिचान गर्न,
5. दलहरूको निर्वाचन अभियान, सञ्चार माध्यमहरूको भूमिका र स्रोतसाधनको दुरूपयोग आदिबारे मूल्यार्ाान गर्न,
6. भविष्यमा निर्वाचन प्रक्रियामा गरिनुपर्ने सुधारहरुबारे आयोगलाई सुझाब दिन,
7. राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय समुदायको स्वीकार्यता प्राप्त गर्न,
8. सत्रमणकालीन अवस्थामा निर्वाचन पछि बन्ने सरकारको वैधानिकतामा थप टेवा पुर्‍याउन ।

निर्वाचनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्थालाई समयमा नै पर्यवेक्षण गर्न अनुमति दिने गर्दछ । साथै अन्तर्राष्ट्रिय पर्यवेक्षणसम्बन्धी अनुभवी, निर्वाचन विशेषज्ञहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्यातिप्राप्त व्यक्तिका लागि निर्वाचन अवलोकन गर्न आमन्त्रण गर्दछ ।

निर्वाचन पर्यवेक्षण कार्य लामो समय (Long Term) र छोटो समय (short term० को लागि गरी २ प्रकारको हुन्छ । लामो समयको लागि पर्यवेक्षण गर्ने संघ संस्थाले निर्वाचन पूर्व देखि नै निर्वाचन गतिविधिहरू जस्तै मतदाता नामावलीमा नाम दर्ता गराउने कार्य, मतदाता र निर्वाचन शिक्षा, उम्मेदवारको निर्वाचन प्रचार प्रसार देखि निर्वाचन परिणाम सम्मका पर्यवेक्षण गर्ने गर्दछ । यसैगरी छोटो समयको पर्यवेक्षकहरूले मतदानको दिन र मतगणना जस्ता क्रियाकलापको पर्यवेक्षण गरी प्रतिवेदन पेश गर्दछन् ।

### ६.२.२ पर्यवेक्षण संस्था तथा पर्यवेक्षकको काम, कर्तव्य

1. पर्यवेक्षक स्वतन्त्र, निष्पक्ष, तटस्थ हुनु पर्ने,
2. आयोगको सम्मान र प्रतिष्ठामा आाच आउने कुनै कार्य गर्न नहुने,
3. पर्यवेक्षकले परिचयपत्र सबैले देख्ने गरी लगाउनु पर्ने,
4. आफूलाई अनुमति प्राप्त क्षेत्र, अवधिभित्रको मात्र पर्यवेक्षण गर्नु पर्ने,
5. सुरक्षा संवेदनशीलताको कारण निषेध गरिएका स्थान र मतदान केन्द्रहरूको पर्यवेक्षण गर्न नहुने,
6. मतदानकेन्द्र लगायतका निर्वाचन प्रक्रियामा संलग्न सबै निकायहरूमा जाादा पर्यवेक्षकले शिष्टाचारको पालना गर्नु पर्ने,

7. मतदान अधिकृतबाट अनुमति लिएर कामसांग सम्बन्धित उपकरण प्रयोग गर्ने तथा तस्बिर खिच्नु पर्ने तर मत सोंत गरेको तस्विर खिच्न नहुने,
8. केन्द्रमा उठेको विवाद समाधान गर्न, निर्वाचन परिणाम प्रमाणित गर्न वा प्रमाण लाग्ने किसिमले वक्तव्य प्रकाशन गर्न गराउन नहुने,
9. आवश्यक भएमा मतदातासाग सामान्य जानकारी लिन बाहेक मतदाताको गोप्यता भË हुने वा मतदानको स्वच्छता र निष्पक्षतामा आाच आउने कुनै कार्य गर्न नहुने,
10. मतदान कार्य भइरहेको बेला यसलाई असर पर्ने किसिमको कुनै सूचना, प्रतिवेदन, वक्तव्य नदिने,
11. निर्वाचन कार्यमा खटिएका कर्मचारीहरूको कर्तव्य पालनामा असर पार्ने गरी कुनै किसिमको बाधा अड्चन उत्पन्न हुने कुनै कार्य गर्न गराउन नहुने,
12. निर्वाचन अधिकृत वा निर्वाचन आयोगले निर्वाचनको अन्तिम परिणाम घोषणा गर्नु अघि उम्मेदवार विजयी भएको सूचना सम्प्रेषण गर्नु गराउनु नहुने,
13. सञ्चार माध्यमहरूमा निर्वाचन प्रक्रिया सम्बन्धमा ऐन, नियम, निर्देशिकाहरूले व्यवस्थित गरेको प्रावधान बारे टिका टिप्पणी गर्न नपाउने,
14. पर्यवेक्षण गर्दा देखिएका त्रुटि, कमजोरीहरूलाई आंनो प्रतिवेदनमा औंल्याउन पर्ने ।

निर्वाचन पर्यवेक्षण गर्ने संघ संस्थाले **प्रारम्भिक प्रतिवेदन** मतदान कार्य पूरा भएको १५ दिनभित्र र अन्तिम प्रतिवेदन ३० दिन भित्र अनिवार्य रूपमा आयोगमा बुझाउनु पर्दछ ।

### ६.३ निर्वाचन अनुगमन

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित रूपमा सञ्चालन गर्न, सरकार, राजनीतिक दल, उम्मेद्वार र अन्य सरोकारवालासाग आवश्यक समन्वय गर्न तथा निर्वाचन प्रचार-प्रसार, मतदान, मतगणना, पर्यवेक्षण आचार संहिता कार्यान्वयन र निर्वाचन व्यवस्थापनको सिलसिलामा सम्पादन गर्नुपर्ने अन्य काम समेतका सम्बन्धमा विस्तृत र स्थलगत रूपमा नै यथार्थ सूचना प्राप्त गरी नियमन गर्न निर्वाचन आयोग मार्फत अनुगमन गरिन्छ ।

निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीयरूपमा सञ्चालन भैरहेको महसुस सबैमा सृजना गराउन सकियो भने जनतामा निर्वाचन र लोकतन्त्र प्रति भरोसा बढ्छ । निर्वाचनमा यस्तो वातावरण निर्माण गर्न सञ्चार माध्यमको ठूलो भूमिका हुने गर्छ । निर्वाचनमा सञ्चार माध्यमले स्वतन्त्र भूमिका निर्वाह गरी निर्वाचनलाई स्वच्छ, स्वतन्त्र,

निष्पक्ष र विश्वसनीयरुपमा सञ्चालन गर्न सहयोग पुऱ्याउन् भनेर सञ्चार माध्यम अनुगमन(Media Monitoring) समेत गरिन्छ ।

### ६.३.१ अनुगमन टोलीको काम, कर्तव्य र अधिकार

आफू खटिएको जिल्लामा निर्वाचनको सम्बन्धमा देहायका विषयहरुको अनुगमन गरी आयोगमा नियमित प्रतिवेदन पेश गर्ने,

1. निर्वाचन प्रचार-प्रसार प्रचलित कानून बमोजिम भए नभएको,
2. पर्यवेक्षकले आचार संहिताको पालना गरे नगरेको,
3. निर्वाचन सम्बन्धी काम कारबाही स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयमुक्त वातावरणमा भए नभएको,
4. राजनीतिक दल तथा उम्मेदवारले सहज रुपमा प्रचार-प्रसार गर्न पाए नपाएको,
5. मतदानको दिन मतदान केन्द्रमा कसैले कुनै किसिमको डर, धाक वा त्रास देखाई वा अन्य किसिमले अनुचित प्रभाव पारी निर्वाचनसाग सम्बन्धित काम वा मतदानको कामको निष्पक्षता र स्वतन्त्रतामा असर पुऱ्याउने काम गरे नगरेको,
6. मतदाताले भयमुक्त वातावरणमा मतदान गर्न पाए नपाएको,
7. पर्यवेक्षकको भूमिका र क्रियाकलाप निष्पक्ष एवं व्यवसायिक भए नभएको र निजले पर्यवेक्षण गर्न पाए नपाएको,
8. निर्वाचनको लागि आवश्यक साधन र श्रोतको उपलब्धता तथा परिचालन स्थिति सन्तोषजनक भए नभएको,
9. निर्वाचनमा सुरक्षाको व्यवस्था प्रभावकारी भए नभएको,
10. पुनः मतदान गर्नुपर्ने वा मतदान केन्द्रको मतदान रद्द गर्ने विषयमा आयोगले दिएको निर्देशन बमोजिम कार्य भए नभएको,
11. उम्मेदवार, मतदाता, मतदान केन्द्र र मतगणना स्थल लगायतको सुरक्षा व्यवस्था भरपर्दो र पर्याप्त भए नभएको,
12. मतगणनाको काम प्रचलित कानून बमोजिम स्वच्छ र निष्पक्ष रुपमा भए नभएको,
13. निर्वाचनमा संलग्न कर्मचारीले प्रचलित कानून बमोजिम आफ्नो काम, कर्तव्य र अधिकारको प्रयोग र पालना गरे नगरेको,
14. निर्वाचन प्रचार-प्रसार अवधि, मतदानको दिन र निर्वाचन परिणाम सार्वजनिक भएपछिको अवस्थाको लागि शान्ति सुरक्षाको आवश्यक तयारी र त्यस्तो हरेक चरणमा शान्ति सुरक्षाको अवस्था सन्तोषजनक रहे नरहेको,

15. स्वच्छ र स्वतन्त्र निर्वाचन सम्पन्न गर्ने आयोगको जिम्मेवारी र प्रतिवद्धता विपरीत कुनै सार्वजनिक सञ्चार माध्यमबाट अनर्गल र तथ्यहीन सामग्रीको प्रचार प्रसार गरी आयोगको छवि र निर्वाचन व्यवस्थापनको काममा नकारात्मक वातावरण सृजना गर्ने काम भए नभएको,

16. निर्वाचन (कसुर र सजाय) ऐन, २०७३ ले अनुगमन टोलीलाई दिएको अधिकार प्रयोग गर्ने र सो अधिकार प्रयोगको क्रममा भएको कारबाहीको जानकारी आयोगलाई गराउने,

17. निर्वाचनसाग सम्बन्धित विषयमा निर्वाचन अधिकृत वा जिल्ला निर्वाचन कार्यालय वा अन्य निकायसाग समन्वय गर्ने,

18. आफूले गरेको कामको प्रतिवेदन यसै निर्देशिका बमोजिम अनुगमन एकाई मार्फत् आयोग समक्ष नियमित रूपमा पेश गर्ने,

19. अनुगमन टोलीले अनुगमनको क्रममा सम्बन्धित राजनीतिक दल, उम्मेदवार, कर्मचारी वा व्यक्तिलाई कुनै आदेश वा निर्देशन दिन सक्नेछ र त्यस्तो आदेश वा निर्देशनको पालना गर्नु सम्बन्धित राजनीतिक दल, उम्मेदवार, कर्मचारी वा व्यक्तिको कर्तव्य हुने ।

20. निर्वाचन अनुगमनको सिलसिलामा आयोग वा केन्द्रीय निर्वाचन अनुगमन समिति वा उच्चस्तरीय निर्वाचन अनुगमन टोलीले दिएको निर्देशन पालना गर्नु अनुगमन टोलीको कर्तव्य हुने ।

21. अनुगमन टोलीको कार्य अवधि : (१) अनुगमन टोलीको कार्यावधि मतदान सम्पन्न भएको मितिले तीन दिनसम्म रहने । तर कुनै जिल्लामा मतदानको कार्य स्थगित भएको अवस्थामा सो जिल्लामा खटिएको अनुगमन टोलीको कार्यावधि पूनः मतदान सम्पन्न भएको मितिले तीन दिनसम्म रहने । (२) अनुगमन टोलीले कार्य अवधि समाप्त भएको मितिले पााच दिनभित्र आफ्नो अन्तिम प्रतिवेदन अनुगमन एकाई मार्फत आयोग समक्ष पेश गरिसक्नु पर्ने ।

## सत्र : ७

# निर्वाचनका सरोकारवाला, नागरिकरमतदाताको कर्तव्य र अधिकार, निर्वाचन प्रक्रियामा शिक्षकको भूमिका तथा निर्वाचन शिक्षा तथा सूचना केन्द्रको भ्रमण

### ७.१ निर्वाचनका सरोकारवालाहरू (Election Stakeholders)

निर्वाचनका सरोकारवालाहरू भनेका निर्वाचन सम्बन्धी कार्यमा संलग्न हुने …सरोकारÚ राख्ने व्यक्ति, समूह तथा संघसंस्थाहरू नै हुन् । सरोकारवालाहरूसाग गरिने उचित तथा खुला संवादले निर्वाचन प्रक्रियाका साथै निर्वाचन व्यवस्थापन सम्बन्धी निकायप्रति पनि विश्वास बढाउन सकिन्छ । निर्वाचनका प्राथमिक र द्वितीय सरोकारवाला छन् । प्राथमिक सरोकारवालाहरूलाई निर्वाचन गतिविधिहरूले प्रत्यक्ष असर पार्दछ ।

*Secondary stakeholders, who have a looser connection with the EMB's activities*

### ७.१.१ निर्वाचनका सरोकारवालाहरू देहायका व्यक्ति, समूह वा संस्था हुन सक्छन्

(क) राजनीतिक दल तथा उम्मेदवार,
(ख) मतदाताहरू तथा भावी मतदाता,
(ग) निर्वाचन व्यवस्थापनसम्बन्धी निकायका कर्मचारी,
(घ) सरकारका सम्बद्ध मन्त्रालय/विभाग,
(ङ) सुरक्षा निकाय,
(च) व्यवस्थापिका संसद,
(छ) निर्वाचनसम्बन्धी विवाद निरूपण गर्ने निकाय,
(ज) न्यायिक अंग,
(झ) निर्वाचन व्यवस्थापनकर्ता तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षक,
(ञ) शैक्षिक संस्था,
(ट) सञ्चार माध्यमहरू,
(ठ) नागरिक समाज,
(ड) निर्वाचनमा सहयोग गर्ने निकायहरूÙ
(ढ) दातृ निकायहरू
(ण) शिक्षक,
(ट) विद्यार्थी ।

### ७.१.२ निर्वाचन व्यवस्थापनमा सरोकारवालाहरूको भूमिका

1. राजनीतिक दल, उम्मेदवार तथा मतदाता निर्वाचनका प्रमुख तथा मुख्य सरोकारवालाहरू हुन् । स्वतन्त्र, निष्पक्ष र विश्वसनीय निर्वाचन सम्पन्न गर्न यिनीहरूको महत्वपूर्ण भूमिका हुन्छ । राजनीतिक दल, उम्मेदवार

तथा मतदाताले निर्वाचन प्रक्रियाका हरेक चरणहरूमा आ-आफ्ना तर्फबाट खेल्नु पर्ने भूमिकाप्रति सचेत हुनु पर्दछ । निर्वाचन आयोगले आफ्ना नीति तथा कार्यक्रमको तर्जुमा तथा कार्यान्वयन गर्दा यी सरोकारवालाहरूबाट राय, सल्लाह तथा सुझावको अपेक्षा गर्दछ ।

2. निर्वाचनमा मतदाताहरूको प्रमुख तथा महत्वपूर्ण दायित्व भनेको मतदाता नामावलीमा नाम दर्ता गराउने र मतदानमा भाग लिने हो । यसका अतिरिक्त आफ्ना परिवार, छरछिमेक तथा गाउ टोलका अन्य मतदाता तथा सम्भावित मतदाताहरूलाई निर्वाचनका विषयमा सुसूचित गरी उत्प्रेरित गराउन सहयोगीको भूमिका रहन्छ ।

3. निर्वाचन व्यवस्थापनसम्बन्धी निकायका कर्मचारी निष्पक्षरूपमा, विना कुनै पूर्वाग्रही, कुनै राजनीतिक दल प्रति झुकाव नराखी निर्वाचनका सम्पूर्ण कार्यक्रमहरूमा सामेल हुनु र निर्वाचन सम्पन्न गराउनु पर्दछ ।

4. निर्वाचनको मिति घोषणा, बजेट व्यवस्थापन, सुरक्षा ब्यवस्थापन, जनशक्ति ब्यवस्थापन जस्ता कार्यहरूमा सरकार र अर्न्तगतका निकायहरूको महत्वपूर्ण भूमिका रहन्छ ।

5. निर्वाचनसम्बन्धी विवाद निरूपण गर्ने निकायसाग निर्वाचन आयोगले गरेका निर्णय उपर दिइने चुनौतीहरू, निर्वाचनसम्बन्धी विवादहरू, निर्वाचन कानुनको अन्तरवस्तुको वैधानिकता अथवा निर्वाचन परिणामलाई दिइने चुनौतीजस्ता विषयहरू सामना गर्ने शक्ति हुन्छ । तिनका निर्णयहरूले निर्वाचन आयोगका क्रियाकलापका साथै त्यसप्रतिको सार्वजनिक अवधारणा (बुझाई) लाई निकै प्रभावित गर्न सक्छ ।

6. निर्वाचन व्यवस्थापनसम्बन्धी निकाय, यसका सदस्य अथवा कर्मचारीहरूले न्यायिक अनुसन्धान अथवा नागरिक मुद्दा लड्नु पर्ने हुन सक्छ भने यसका प्रशासनिक नीति तथा अभ्यासहरूलाई अदालतमा चुनौती दिन सकिन्छ । निर्वाचनसम्बन्धी विवाद निरूपण गर्ने निकायहरूसागको सम्बन्ध जस्तै अन्य न्यायिक निकायसागको व्यवहारमा पनि निकट तथा सहयोगी हुनु अत्यन्तै आवश्यक छ ।

7. निर्वाचन प्रक्रियामा अनुगमनकर्ता तथा पर्यवेक्षक दुवै पक्षहरूको महत्वपूर्ण भूमिका हुन्छ । निर्वाचन अनुगमनकर्ताले निर्वाचन प्रक्रिया अवलोकन गरी त्यसका कमी कमजोरीलाई तत्काल सुधार गर्न सुझाव दिन सक्छन् भने राष्ट्रिय एवं अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षकहरूले निर्वाचन प्रक्रियाको अवलोकन गरी आफूले देखेका राम्रा पक्ष तथा सुधार गर्नुपर्ने कुराहरूको रिपोर्ट गर्नुपर्ने हुन्छ ।

8. छापा तथा विद्युतीय सार्वजनिक एंव निजी सञ्चार माध्यमले मतदातालाई मतदाता शिक्षा सम्बन्धी सन्देश तथा निर्वाचनका प्रक्रिया बारे सूचित गर्ने

तथा मतदाताहरूलाई लोकतन्त्र र निर्वाचन बारे सूसूचित गर्ने महत्वपूर्ण सरोकारवाला हुन् ।

9. राष्ट्रिय हित, महिला सशक्तीकरण, कानुनी सुधार, मानवअधिकार, नागरिक शिक्षा, शासन तथा अपाËतासम्बन्धी काम गरिरहेका वा नागरिक समाज संघसंस्थाहरूले निर्वाचन प्रक्रियाका बारेमा प्रत्यक्ष सल्लाह, सुझाव प्रदान गरी निर्वाचनका साझेदारका रूपमा भूमिका निर्वाह गर्नुपर्ने हुन्छ ।

10. विश्वभरी नै लोकतन्त्र तथा निर्वाचनसम्बन्धी सहयोग प्रदान गर्ने कार्यमा दातृ निकायले खेलेको प्रमुख भूमिकाले गर्दा तिनलाई निर्वाचन व्यवस्थापन निकायको अपरिहार्य साझेदारको रूपमा चित्रण गरिन्छ ।

11. शैक्षिक संस्थाहरूले शिक्षाको माध्यमबाट निर्वाचन शिक्षालाई व्यापक एवं विस्तार गरी निर्वाचनका विषयमा मतदाता तथा भावी मतदाताहरूको ज्ञान, चेतना तथा ज्ञान अभिवृद्धि गरी उनीहरूमा उत्प्रेरणा जगाउने कार्यमा महत्वपूर्ण योगदान गर्न सक्छन् ।

नेपाल लोकतान्त्रिक मूलुक हो । नेपालको सार्वभौमसत्ता नेपाली जनताको हातमा रहेको छ । प्रत्येक नागरिकको देश प्रति दायित्व रहेको छ । कर्तव्य र अधिकार एउटै सिक्काका दुई पाटा हुन् । हामी जहा नै रहे पनि हरेक नागरिकको घर, समाज, गाउा नगर, राज्य र देश प्रति अधिकार र कर्तव्य रहेको हुन्छ ।

## ७.२ नागरिकरमतदाताको कर्तव्य र अधिकार

### ७.२.१ संविधानमा नागरिकको कर्तव्य र अधिकार

1. राष्ट्रप्रति निष्ठावान हुदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु,
2. संविधान र कानूनको पालाना गर्नु,
3. राज्यले चाहेको बखत अनिवार्य सेवा गर्नु,
4. सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु ।

### ७.२.२ मतदाताका अधिकार र कर्तब्य

| मतदाताका अधिकार | मतदाताका कर्तव्य |
|---|---|
| क) प्रत्येक मतदातालाई निर्वाचनमा उम्मेदवारी हुन पाउने अधिकार ।<br>ख) आफूले चाहेका राजनीतिक दल वा उम्मेदवारलाई स्वतन्त्र र गोप्यरूपमा मतदान गर्ने ।<br>ग) उम्मेदवार वा राजनीतिक दलको | क) तोकिएको उमेर पुगेका सबै नेपाली नागरिकले आंफ्नो नाम मतदाता नामावलीमा दर्ता गराउने ।<br>ख) मतदाता नामावलीमा दर्ता गराएको नाम, थर, उमेर, फोटो आदि विवरण सही वा गल्ती भएको एकिन गर्ने । |

घोषणापत्र तथा कार्यक्रमबारे जानकारी प्राप्त गर्ने ।

घ) निर्वाचनमा सबै प्रक्रियामा देखिएका त्रुटी तथा कमी कमजोरीहरू उपर उजुर गर्ने ।

ङ) शान्तिपूर्ण वातावरणमा स्वतन्त्र भई मतदान गर्ने ।

च) निर्वाचन सम्बन्धी सूचना तथा जानकारी पाउने ।

छ) महिला, दलित, मधेशी, आदिवासी जनजाती, खस आर्य, थारू, मुस्लिम, अपांगता भएका व्यक्ति, पिछडिएको क्षेत्र लगायत समावेशी सिद्धान्तका आधारमा सबै नागरिकलाई निर्वाचनको हरेक प्रक्रियामा सहभागी हुने ।

गल्ती भएमा विवरण तथा नाम सच्याउन वा नाम एक स्थानबाट अर्को स्थानमा सार्न परेमा जिल्ला निर्वाचन कार्यालय वा निर्वाचन आयोगले तोकेको स्थानमा तोकेको समयमा निवेदन दिने । मतदाताको पहिचान दर्शाउने निर्वाचन आयोगले वितरण गरेको मतदाता परिचय पत्र लिने र सुरक्षित राख्ने ।

ग) नामावलीमा नाम दर्ता र निर्वाचन प्रक्रियाका सम्बन्धमा आफ्नो परिवारका सदस्यहरू तथा छरछिमेकीहरूलाई समेत जानकारी गराउने । मतपत्रमा भएका विभिन्न दल र उम्मेदवारहरूका चिन्हहरूका सम्बन्धमा र मतदान गर्ने तरिकाका सम्बन्धमा जानकारी राख्ने र अरूलाई पनि यस सम्बन्धमा जनचेतना जगाउने ।

घ) मतदान गर्नु सम्पूर्ण बालिग मतदाताको कर्तव्य भएकाले आफ्नो मतको सदुपयोग गर्ने ।

ङ) आर्थिक प्रलोभन वा डर र धम्कीमा परेर आफ्नो अमूल्य मतको दुरुपयोग नगर्ने । अरूलाई पनि यस सम्बन्धमा जानकारी गराउने ।

च) योग्यता पुगेका व्यक्तिहरूले निर्वाचनमा उम्मेदवार बन्ने अवसरको समेत सदुपयोग गर्ने ।

छ) गर्भवती तथा सुत्केरी महिला, जेष्ठ नागरिक, अपाË तथा अशक्त व्यक्तिलाई मतदान गर्न जान प्राथमिकता दिने ।

ज) आचार संहिता उल्लघन भएको देखिएमा निर्वाचन आयोग, निर्वाचन अधिकृत वा निर्वाचनमा खटिएका कर्मचारीलाई जानकारी गराउने ।

| | |
|---|---|
| | झ) निर्वाचनमा खटिएका सुरक्षाकर्मीलाई आवश्यक सहयोग पुयाउने, मतदानमा प्रतिकुल असर पार्न खोज्ने प्रवृतिलाई निरूत्साहित गर्ने र आफु पनि कुनै हल्ला, हुल दङ्गामा नलाग्ने । |

### ७.२.३ निर्वाचनका सन्दर्भमा नागरिकको कर्तव्य र अधिकार

निर्वाचनका सन्दर्भमा नागरिकको कर्तव्य र अधिकार भनेको एउटै सिक्काका दुई पाटा भने जस्तै हो । लोकतन्त्रमा नागरिकका अधिकारलाई सर्वोपरि ठानिएको हुन्छ । नागरिकले आफूले निर्वाह गर्ने  कर्तव्यहरू पालना गर्नुपर्ने हुन्छ । बालिग मताधिकारको सिद्धान्त, मतको गोपनियताको सिद्धान्त, एक व्यक्ति एक मतको सिद्धान्त, आवधिक निर्वाचनको व्यवस्था जस्ता निर्वाचनका अन्तर्राष्ट्रिय सिद्धान्तहरूले सबै योग्य मतदाताहरूलाई बिना अवरोध गोप्य मतदान गर्ने अधिकारमा जोड दिन्छन् । त्यसैले लोकतन्त्रको सवलीकरण आवधिक निर्वाचनबाट हुन्छ र निर्वाचनलाई बढी फलदायी बनाउन निर्वाचनमा योग्य, इमान्दार र चरित्रवान व्यक्ति छान्नु तथा सरकारको काम कारवाहीबारे सचेत हुनु र जनप्रतिनिधिहरूको गतिविधिबारे चासो राख्नु प्रत्येक नागरिकको कर्तव्य र अधिकार हो । निर्वाचनको समयमा जनता र देशको लागि काम गर्ने असल उम्मेदवारलाई मत दिई सुशासन र देश विकासमा टेवा पुऱ्याउनु नागरिकको मुख्य भूमिका हुन्छ ।

यसका अतिरिक्त निर्वाचनको सन्दर्भमा नागरिकको अधिकार कर्तव्य देहाय बमोजिम हुनेछ :

**निर्वाचनको सर्न्दभमा मतदाताले ध्यान दिनुपर्ने कुराहरू**

क) मतदाताले आफ्नो नाम मतदाता नामावलीमा दर्ता गराई नाम तथा विवरण सहि भएको यकिन गर्नुपर्छ ।

ख) आफनो मतदान केन्द्र पहिचान गरी तोके अनुसारको प्रमाणसहित मतदान केन्द्रमा मतदान गर्न जानुपर्छ र यस बारेमा अरूलाई पनि जानकारी गराउनु पर्छ ।



ग) महिला, वृद्ध वृद्धा, अपांगता भएका व्यक्ति, अशक्त मतदातालाई आफूले चाहेको वा रोजेको दल वा उम्मेदवारलाई मत दिन सहयोग गर्नुपर्छ ।

घ) आचारसंहिता उल्लंघन भएको देखेमा निर्वाचन आयोग वा निर्वाचनमा खटिएका कर्मचारीलाई सोको सूचना दिनुपर्छ ।

ङ) मतदाताले आँफ्नो मत कसैलाई पैसा लिई बेच्नु हुादैन ।

च) मतदाताले कसैको डर, धम्की वा लोभ लालचमा परी मतदान गर्नु हुादैन । महिला, आर्थिक रूपले विपन्न, अपांगता भएका मतदातालाई डर, धाक, धम्की अथवा लोभ लालच देखाई कसैको पक्षमा भोट दिन दबाव दिनु हुादैन ।

छ) मतदाताले एउटा निर्वाचनमा एक पटक मात्र मतदान गर्नु पर्छ ।

### ७.२.४ मतदान किन गर्ने ?

क) लोकतन्त्रमा नागरिकले शासन व्यवस्थामा सहभागी हुन,

ख) मतदान गरी आफूलाई मन परेको राजनीतिक दल वा उम्मेदवारलाई छनौट गर्न,

ग) आफूमा निहित मताधिकारको उपयोग गर्न,

घ) निर्वाचनमा एक मत पनि निर्णायक हुन सक्छ ।

### ७.२.५ निर्वाचनमा गर्न नहुने काम ( निर्वाचन कसुर)

1. गैर कानूनी तवरले खर्च गरेमा, आयोगले तोकेको हदभन्दा बढी खर्च गरेमा,
2. निर्वाचन खर्चको विवरण पेश नगरेमा वा निर्वाचन खर्चको हदभन्दा बढी खर्च गरेमा, निर्वाचन प्रचार प्रसारमा भएको आम्दानी र खर्चको विवरण नबुझाएमा,
3. निर्वाचन आचार संहिता उल्लंघन,
4. नाम ढाटेर मतदान गर्नु,
5. मतदाता नामावलीमा दोहोरो नाम दर्ता गरे गराएमा,
6. झुट्ठा विवरण दिई मतदाता नामावलीमा नाम दर्ता गरेमा,
7. झुठ्ठा विवरण तथा कागजात सहित मनोनयन पत्र पेश गरेमा,
8. निर्वाचन सामग्रीको प्रयोगमा बाधा गरेमा,
9. मतपत्रको दुरूपयोग गरेमा,
10. पटक पटक मतदान गरेमा,
11. मत संकेत सार्वजनिक गरेमा,
12. मतपेटिकामा मतपत्र बाहेक अन्य बस्तु खसाले वा राखेमा,
13. मतदान भएको मतपेटिका बिगारे वा नष्ट गरेमा,
14. मतदान गर्न बाधा गरेमा,
15. गैर नेपाली नागरिकले मतदान गरेमा,

16. मतगणना सम्बन्धी सामग्री विगारे वा नोक्शान गरेमा,

17. गलत ढंगले मतगणना गरेमा,

18. शान्ति भंग गरेमा,

19. हातहतियार साथमा लिएर हिडे वा प्रयोग गरेमा,

20. निर्वाचन प्रचार प्रसारमा गर्न नहुने अन्य कार्य गरेमा,

21. आर्थिक सहयोग  लिएमा,

22. निर्वाचनको गोपनीयता भË गरे, गराएमा ।

## ७.३ निर्वाचन प्रक्रियामा शिक्षकको भूमिका

**उपादेयता**

निर्वाचन आयोग, नेपालले अधिकाधिक मतदातालाई मतदाता शिक्षाको माध्यमबाट निर्वाचन प्रक्रियाका बारेमा सुसूचित गराउने लक्ष्य लिएको छ । यस लक्ष्य प्राप्तिका लागि निर्वाचन आयोगले माध्यमिक विद्यालयका सामाजिक शिक्षकहरूमार्फत् निर्वाचन शिक्षाको अभियानलाई व्यापक बनाउन कार्यक्रम स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।

यस अभियानलाई विद्यालयस्तरमा शिक्षकहरूको माध्यमबाट लैजानुको अर्थ एकातर्फ भावी मतदाताको रूपमा रहेका विद्यार्थीहरू निर्वाचन प्रक्रियाका बारेमा सुसूचित भई निर्वाचनका लागि योग्य मतदाताका रूपमा तयार हुनेछन् भने अर्कोतर्फ उनीहरूकै माध्यमबाट आँना घरपरिवार, छरछिमेक तथा समुदायसमेत निर्वाचन शिक्षा सम्वन्धी बिषयमा लाभान्वित हुने अपेक्षा गरिएको छ ।

**निर्वाचन आयोगले विद्यालयका शिक्षकबाट अपेक्षा गरेको भूमिका**

(क) लोकतन्त्र र सुशासनको प्रस्थान विन्दु निर्वाचन हो भन्ने तथ्यलाई आत्मसात गर्दै यो विषयवस्तुलाई पुष्टि गर्ने गरी निर्वाचन प्रक्रियाका बारेमा प्रभावकारी रूपमा अध्यापन गराउने ।

(ख) विद्यालयका शिक्षक, कर्मचारी तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी समेतलाई निर्वाचन विषयका बारेमा समय समयमा छलफल तथा अन्तरक्रिया गरी निर्वाचन शिक्षालाई विस्तार गर्ने ।

(ग) विद्यार्थी तथा अभिभावकहरूलाई निर्वाचन प्रक्रियामा बढीभन्दा बढी सहभागी गराउन उत्प्रेरणा जगाउने ।

(घ) मतदान प्रक्रियाका बारेमा आफ्नो विद्यालय तथा समुदाय स्तरमा प्रचार प्रसार गर्ने ।

(ङ) विद्यार्थीहरू मार्फत घर, परिवार र समाजमा निर्वाचनसाग सम्बन्धित सूचना प्रवाह गर्ने ।

(च) निर्वाचनको समयमा आयोगले प्रदान गरेको भूमिका प्रभावकारी रूपले निर्वाह गर्ने ।

(छ) निर्वाचनसाग सम्बन्धित विषयवस्तुमा अद्यावधिक हुन समय समयमा निर्वाचन आयोगको निर्वाचन शिक्षा तथा सूचना केन्द्र वा सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा सम्पर्कमा रहने ।

(ज) विद्यालयको वार्षिक कार्ययोजनामा निर्वाचन आयोगमा रहेको निर्वाचन शिक्षा तथा सूचना केन्द्रको भ्रमण सम्बन्धी कार्यक्रम राख्न पहल गर्ने ।

### ७.४ निर्वाचन आयोगले विद्यार्थीहरूबाट अपेक्षा गरेको भूमिका

(क) निष्पक्ष तथा स्वतन्त्र निर्वाचन प्रक्रियाको महत्वलाई आत्मसात गरेर यस प्रक्रियामा सकारात्मक र सक्रिय भूमिका निर्वाह गर्ने,

(ख) निर्वाचनका सन्दर्भमा विद्यालयस्तरमा हासिल गरेको शिक्षालाई आफ्नो घर परिवार र छरछिमेकमा जानकारी गराउने,

(ग) १६ वर्ष उमेर पुगी नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेपछि मतदाता नामावलीमा नाम दर्ता गराउन जाने र अरूलाई यस बारेमा जानकारी दिने,

(घ) निर्वाचनको दिन मतदान गर्न जाने र मतदान गर्न योग्य छरछिमेकलाई शान्तीपूर्णरूपमा मतदान गर्न उत्प्रेरणा दिने ।

### ७.५ शिक्षा तथा सूचना केन्द्रको भ्रमण

लघु सङ्ग्रहालय (Mini Museum)



लघु सिनेमा कक्ष (Mini Theatre )



अन्तरक्रियात्मक कक्ष (Interactive Area)




नमूना मतदान कक्ष (Mock Polling Area)




# परिशिष्ट खण्ड

## अनुसूची १ : नेपालमा हालसम्म सम्पन्न भएका निर्वाचनहरू

| सि.नं | निर्वाचन | निर्वाचन भएको मिति |
|---|---|---|
| १. | काठमाण्डौ नगरपालिकाको निर्वाचन ( म्युनिसिपालिटि) | २००४ |
| २. | प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो आम निर्वाचन) | २०१५, फागुन ७ गतेबाट सुरु भई बैशाख २१ मा सम्पन्न |
| ३. | राष्ट्रिय जनमत सङ्ग्रह | २०३७, बैशाख २० गते |
| ४. | राष्ट्रिय पञ्चायत सदस्यको निर्वाचन (आम निर्वाचन) | २०३८, बैशाख २७ गते |
| ५. | राष्ट्रिय पञ्चायत सदस्यको निर्वाचन (आम निर्वाचन) | २०४३, बैशाख २९, जेठ ५ र १२ गते |
| ६. | प्रनिनिधिसभा सदस्य निर्वाचन उप-निर्वाचन (२ क्षेत्रका लागि) उप-निर्वाचन (२ क्षेत्रका लागि) | २०४८, बैशाख २९ गते<br>२०४८, माघ २६ गते<br>२०५०, माघ २५ गते |
| ७. | स्थानीय निकाय निर्वाचन | २०४९, जेष्ठ १५ र १८ गते |
| ८. | प्रतिनिधिसभा सदस्य निर्वाचन | २०५१, कार्तिक २९ गते |
| ९. | स्थानीय निकाय निर्वाचन | २०५४, जेष्ठ ४ र १३ गते |
| १०. | प्रतिनिधिसभा सदस्य निर्वाचन उप-निर्वाचन (३ क्षेत्रका लागि) | २०५६, बैशाख २० र जेठ ३ गते<br>२०५६, मंसिर २३ गते |
| ११. | स्थानीय निकाय निर्वाचन (नगरपालिका) | २०६२, माघ २६ गते |
| १२. | संविधानसभा सदस्य निर्वाचन, २०६४ उप-निर्वाचन (६ क्षेत्रका लागि) | २०६४, चैत्र २८ गते<br>२०६५, चैत्र २८ गते |
| १३. | अर्को संविधानसभा सदस्य निर्वाचन, २०७० | २०७०, मंसिर ४ गते |
| १४ | अर्को संविधानसभा सदस्य उपनिर्वाचन, २०७० (४ निर्वाचन क्षेत्रका लागि) | २०७१, असार ८ गते |
| १५ | अर्को संविधानसभा सदस्य उपनिर्वाचन, २०७१ (१ निर्वाचन क्षेत्रका लागि) | २०७१, चैत्र २८ गते |
| १६ | स्थानीय तह निर्वाचन, २०७४ | पहिलो चरण: २०७४, बैशाख ३१ गते<br>दोस्रो चरण : २०७४, असाढ १४ गते<br>तेस्रो चरण : २०७४, आश्विन २ गते |
| १७ | प्रतिनिधी सभा तथा प्रदेश सभा निर्वाचन, २०७४ | पहिलो चरण : २०७४, मंसिर १० गते<br>दोस्रो चरण : २०७४, मंसिर २१ गते |
| १८ | राष्ट्रपति निर्वाचन, २०७४ | २०७४ फाल्गुन २९ गते |
| १९ | उपराष्ट्रपति निर्वाचन, २०७४ | २०७४ चैत्र ९ गते तोकिएकोमा चैत्र ४ गते निर्विरोध निर्वाचित भएको घोषणा |

## अनुसूची २ : मतदान केन्द्र तथा मतदान स्थल

### मतदान केन्द्र





### मतदान स्थल



# अनुसूची ३ : संविधानसभा सदस्य निर्वाचन, २०६४ को झलक

**Election Date** — 10 April, 2008 (28 Chaitra, 2064)
**Time** — 07:00 AM - 05:00 PM


**Election System** — Mixed (FPTP & PR)




**Voters Turnout** — 63.29%

| | |
|---|---|
| FPTP | 61.70% (5.15% Invalid Votes) |
| PR | 63.29% (6.36% Invalid Votes) |


Historical Voters Turnout (in %)




**Total Voters** — 17.61 million
8,881,359 (50.42%) Male
8,730,473 (49.57%) Female

**Staffs Deployed** — 234,000

**Total Consituencies** — 240
**Polling Locations** — 9,824
**Polling Centers** — 20,890



Map showing
nation wide polling locations

**Registered Parties** — 74
Participated — 54

**Election Observations** — 178 Organizations
Domestic — 148
International — 30

**Total Elected Candidates** — 575

**FPTP Elected Candidates**
Male: 210
Female: 30





**PR Elected Candidates**
Male: 174
Female: 161

# अनुसूची ४ : संविधानसभा सदस्य निर्वाचन, २०७० को झलक

**Election Date** 19 November, 2013
04 Mangsir, 2070

**Time** 07:00 AM - 05:00 PM


**Election System** Mixed (FPTP & PR-Parallel)




**Voters Turnout**

| | Turnout % | Invalid Votes % |
|---|---|---|
| FPTP | 78.34 | 4.96 |
| PR | 79.82 | 3.20 |

Historical Voters Turnout (in %)




**Total Voters** 12.14 million

5,980,881 (49.02%) Male

6,166,829 (50.77%) Female


155 (0.21%) Third Gender

**Staffs Deployed** 250,000

**Total Consituencies** 240

**Polling Locations** 10,013

**Polling Centers** 18,438



Map showing
nation wide polling locations

120 polling locations managed by women staff

**Registered Parties** 130

Participated 122

**Election Observations** 57 Groups


Domestic 54 Groups

International 03 Groups
[ Carter Centre, ANFREL, EUEOM ]

**Total Candidates** 16,835

**FPTP Candidates**
Male: 5458
Female: 667
Thrid Gender: 1

**FPTP Winners**
Male: 230
Female: 10





**PR Candidates**
Male: 5418
Female: 5291


**PR Winners**
Male: 173
Female: 162

Overall
Female Candidacy 35.39%

**अनुसूची ५ : स्थानीय तहको निर्वाचन, २०७४ को झलक**



## अनुसूची ६ : प्रदेश तथा प्रतिनिधि सभा निर्वाचन, २०७४ को झलक



# प्रतिनिधि सभा निर्वाचन २०७४

**पहिलो चरण** मंसिर १० **दोस्रो चरण** मंसिर २१

**७** प्रदेश


**७७** जिल्ला

**१६५** निर्वाचन क्षेत्र

**१०,६७१** मतदान स्थल

**१९,८०९** मतदान केन्द्र

**१५,४२७,९३५**
मतदाता
७,७७६,६२७ **पुरुष**
७,६५१,१४१ **महिला**
१६७ **तेस्रो लिङ्ग**




**१०,०३४**
राष्ट्रिय पर्यवेक्षक

**१८३**
अन्तराष्ट्रिय पर्यवेक्षक

**२,२५,०००+**
मतदान कर्मचारी

**१९,६०८**
मतदाता शिक्षा स्वयंसेवक

**१९,६०८**
मतदान अधिकृत

**८८**
निर्वाचन अधिकृत

**७७**
मुख्य निर्वाचन अधिकृत

**पहुनीहु उम्मेदवार**

जम्मा **१,९२५** (१,७८१ पुरुष, १४४ महिला)

निर्वाचित **१६५** (१५९ पुरुष, ६ महिला)

**५३** भाग लिएका राजनीतिक दल

**समानुपातिक उम्मेदवार**


जम्मा **२,२७३** (१,०४८ पुरुष, १,२२५ महिला)

निर्वाचित **११०** (२६ पुरुष, ८४ महिला)


**४९** भाग लिएका राजनीतिक दल

# अनुसूची ७ : २०७४ मा सम्पन्न निर्वाचनहरूको मतपत्रको ढाँचा


## स्थानीय तह निर्वाचन, २०७४




ढाँचा १, १८ लहर




ढाँचा २, २२ लहर




ढाँचा ३, २८ लहर



ढाँचा ४, ३६ लहर



ढाँचा ५, ४४ लहर




ढाँचा ६, ६८ लहर

## प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन, २०७४




ुसुची)

समानुपातिक निर्वाचन
प्रतिनिधि सभा र प्रदेश सभा



पहिलो हुने निर्वाचित हुने
प्रतिनिधि सभा सदस्य



पहिलो हुने निर्वाचित हुने
प्रदेश सभा सदस्य

## राष्ट्रिय सभा निर्वाचन, २०७४

